ISSN 2631-2298
9 772631 229006

nepal.ekantipur.com
आइतबार • २६ साउन २०७६ • मूल्य रु. २५

नेपाल
साप्ताहिक

जुधाउने तयारी

प्रहरीको मनोबल घट्ने गरी सशस्त्रको क्षेत्राधिकार बढाउने मस्यौदा



अलमलमै ई-शासन | प्रचण्ड : सत्ता सारथि कि विरोधी ?

K. L. DUGAR GROUP

यूनाइटेड सिमेन्ट्स

हरेक निर्माणको धड्कन

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

भित्र

आइतबार, २६ साउन २०७६ (वर्ष २०, अंक २)
Nepal National Weekly, 11 Aug 2019 (Vol. 20, No. 2)

अलमलमै ई-शासन | १८

बोर्ड फेरिए, अड्डा उही | १४

सम्पादकीय | ३
पाठक मञ्च | ४
स्मरण | ५
प्रवेश | ६
परिहास | ८
मर्निङ वाकमाला : खगेन्द्र संग्रौला | ४५
अनि कायाकल्प | ४६
रङ | ४८
स्पिनर नचल्दा | ५०
फिल्म | ५०
१० प्रश्न | ५१
पुस्तक | ५२
तीन किताब | ५३
सहरमा | ५४
नोटबुक | ५६

१०
हाम्रो नेपालमा
लुकुम मेलामा झाँक्री भेला

२२
अर्थ-मीमांसा
अच्युत वाग्ले

२४
नेकपा
प्रचण्ड : सत्ता सारथि कि विरोधी ?

२८
आवरण
सशस्त्र प्रहरी (नि)र्बल

३६
टिप्पणी
कैलाश राई

३८
अर्थ
घरेलु माग धानेका उद्योग

४०
सिनेमा हल
सरकारी छक्कापञ्जा

४२
अन्तर्वार्ता
बैरागी काइँला

सम्पादकीय

अरू टीकापुर दोहोरिन नदिन

७ भदौ ०७२ को टीकापुर काण्डले नागरिकलाई आजसम्मै जति झस्काउँछ, नीतिनिर्माण तहलाई त्यति झस्काएको देखिएन।

संघीयताका एजेन्डामा त्यतिबेला एकअर्कासँग टाढिएका शीर्ष नेताहरू १६ बुँदे सहमतिमार्फत नजिकिइसक्दा पनि दुई सुरक्षा प्रमुख उपेन्द्रकान्त अर्याल र कोषराज वन्तबीच भने बोलचालै थिएन। सिंहदरबार र नयाँ बानेश्वरमा संविधान निर्माण प्रक्रिया जारी थियो। उता तराईकेन्द्रित दलहरू संघीय सीमांकनप्रति असन्तुष्ट बन्दै थिए। आन्दोलनसँगै हिंसासमेत चर्कँदै गएका बेला थियो। ७० हजारको फौज रहेको नेपाल प्रहरी अनि ३७ हजार सशस्त्र प्रहरीका यी प्रमुखहरूको इख बढाउनमा त्यसबेलाका गृहमन्त्री र कर्मचारीसमेतको कम भूमिका थिएन।

नतिजा टीकापुरमा शान्तिपूर्ण भनिएको प्रदर्शन हिंसात्मक बन्न पुग्यो, जहाँ राज्यका दुई सुरक्षा निकायबीच समन्वयको बिल्कुलै अभाव देखियो। नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित सात प्रहरी र डेढवर्षे बालकको एकै चिहान बन्दै गर्दा सशस्त्रको कमान्ड भने मूकदर्शक बन्न पुग्यो। के गर्ने, 'माथि' को आदेश कुर्नैपर्‍यो ! जनताको करले चलेका राज्यकै दुई सुरक्षा यन्त्र पनि कसरी अन्योल र अराजकताको घानमा पिसिन पुग्छन् अनि त्यसको मूल्य फिल्डमा खटिएका जवानले चुकाउनुपर्छ भन्ने यो 'टेक्स्टबुक केस' हो।

दुई फौजबीच क्षेत्राधिकार विवाद अझै जारी छ। धन्य, हालको दुवै प्रहरी नेतृत्वले तनाव भने बढ्न दिएको छैन।

टीकापुरसमेतलाई आधार मान्दै अब दुई सुरक्षा फौज परिचालनसम्बन्धी नीतिगत अन्योल हटाउनुपर्छ भनी प्रतिवेदनले नै सुझाव दिएका छन्। तर *नेपाल*को यो अंकमा मनबहादुर बस्नेतको आवरण रिपोर्ट भन्छ, नेतृत्व ती प्रतिवेदनलाई गम्भीरतापूर्वक सुनिरहेको छैन। अझ नागरिक आवाज त समग्र सुरक्षा फौजको संख्या नै घटाउनुपर्ने पक्षमा देखिने गरेको छ। यो आवाजको आजपर्यन्त उपेक्षा हुँदै आएको छ।

सशस्त्र बल ब्यारेक सिस्टममा बस्ने फौज हो, जो केन्द्रीय चेन अफ कमान्डको अवधारणाबाट चल्छ। जनपदलाई चाहिँ बदलिएको राजनीतिक परिवर्तन र त्यसले ल्याएको नया संविधानअन्तर्गत संघीय इकाइमा बदल्नुपर्ने कार्यभार छ। जनपद नागरिकसँग प्रत्यक्ष सम्बन्धमा रहन्छ। अझ नागरिकसमेतको सहयोगबाट अपराध नियन्त्रण, शान्ति-सुरक्षा बहालीजस्ता कार्य गर्छ। अहिले जनपदको यही क्षेत्राधिकारलाई दखल दिने गरी सशस्त्रको भूमिका बढाउने नीतिगत व्यवस्थाको तयारी चल्दैछ।

विगतमा माओवादी हिंसा नियन्त्रणमा सहयोग पुर्‍याउन स्थापना गरिए पनि आज स्थिति बदलिएको छ। अब सीमा सुरक्षा, औद्योगिक, उड्डयन आदि क्षेत्रमा सशस्त्रलाई केन्द्रित गर्नुपर्ने हो। तर जनपदले गर्दै आएको अपराध अनुसन्धान र पक्राउ पुर्जीसमेत जारी गर्न पाउने किसिमका अधिकार उसलाई प्रत्यायोजन गरिदिने हो भने केन्द्रीय फौजको सिद्धान्त उल्लंघन हुन जानेछ। अनि नेपाल प्रहरीको मनोबलसमेत गिर्न सक्नेछ।

अहिले पछिल्ला दिनमा सुरक्षा चुनौती बढ्दै गएका बेला राज्यप्रति नागरिक भरोसा टिकाइराख्न पहिले त जनपदकै मनोबल पनि उच्च हुनुपर्छ। र, यही स्वरूपमा सशस्त्र बल राखिरहने हो भने बाटो बिराउन दिनुभएन। यसले सुरक्षा कमान्डभित्रको सामञ्जस्य पनि खल्बलिन्छ। दुवै संगठन विगतमा राजनीतिक चलखेल र इखको सिकार भएकाले यसबाट पाठ सिक्नुपर्छ।

संगठन निर्माणको इतिहास हेरे प्रस्टै बुझिन्छ, नेपाल प्रहरीको समानान्तर वा विकल्पका रूपमा सशस्त्र बललाई अघि सारियो भने त्यो अदूरदर्शी र घातक हुनेछ। कमान्ड कन्ट्रोलको सिद्धान्त त बर्खिलाप हुन्छ नै, अलग प्रकृतिमा रहनुपर्ने दुई बललाई छ्यासमिस गर्ने प्रयास कालान्तरमा संघीयता र संवैधानिक भावनाविरुद्धकै निर्णयसमेत ठहरिन सक्छ। याद गरौँ, नेपाल प्रहरीलाई संघीय ढाँचामा लैजाने संवैधानिक व्यवस्था छ। सशस्त्र केन्द्रीय कमान्डमा। यो सीमारेखा नबुझी गृह मन्त्रालय अघि बढ्न खोजे भविष्यमा अरू टीकापुर नदोहोरिएलान् भन्न कसरी सकिएला ?

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य**
नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** अर्थ : **विजयराज खनाल** कपी डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

नेपाल

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : १९ साउन २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

पाठक मञ्च

पशुप्रेमी मनकारी

कुकुरलाई घरमा आफ्नै सन्तानसरह पाल्ने पशुप्रेमीहरूको कथा रोचक लाग्यो *(मायाको भाषा भौ-भौ, १९ साउन)* । मानवीयता हराइसकेको नेपाली समाजमा कुकुरलाई प्रेम गर्ने मान्छे पनि हुँदा रहेछन् । हुन त कोही मानिस यस्ता पनि छन्, आफूले पालेको कुकुर अरूको घरदैलोमा डुलाएर दिसापिसाब गराउँछन् ।

नासिर खान, रजनी व्यञ्जनकार, मदन चन्दजस्ता पशुप्रेमीले अलपत्र परेका कुकुरलाई आफ्नै घरमा ल्याएर सन्तानसरह मायाममता दिनु चानचुने होइन । सडकका कुकुरलाई घरपालुवा बनाएर तिनीहरूले समाजलाई सुध्रिने मौका दिएजस्तो लाग्यो । कुकुर र मानिसबीचको सम्बन्धलाई खोतलेर *नेपाल*ले आवरणमा स्थान दिनु हामी पाठकका लागि राम्रै 'सरप्राइज' हो ।

■ **रुद्रनाथ पौडेल**
पोखरा महानगरपालिका-३, कास्की

पुराना फोटोको विशेषांक चाहियो

*नेपाल*ले हर क्षेत्रका खोजमूलक समाचार पाठकसमक्ष निरन्तर पस्किँदै आएको छ *(तस्विरमा इतिहास, १९ साउन)* । पत्रिका ज्ञानवर्द्धक संग्रहणीय पनि छ । यसलाई अझै संग्रहणीय बनाउन तस्विरमा इतिहास स्तम्भमा अहिलेसम्म प्रकाशित भएका पुराना फोटोहरूका विशेषांक प्रकाशित गरे सुनमा सुगन्ध हुने थियो । हामी यसको आशामा छौं ।

■ **अनु, सुशान्त, श्रेया, प्रियंकालगायत साथीहरू**
पोखरा, कास्की

हेपाहा प्रवृत्ति

छिमेकी भारतीय पक्षको एकतर्फी बाँध निर्माणका कारण बर्सेनि नेपालको तराई क्षेत्र डुबानमा पर्दा पनि हाम्रो दुईतिहाई सरकार चुँसम्म नबोल्दा दुःख लाग्यो *(छिमेकीको जालसाजी, १२ साउन)* । सीमावर्ती क्षेत्रमा भारतले आफूतर्फ बनाएका ठूल्ठूला बाँधका कारण नेपाली बस्ती डुबानमा परेका हुन् ।

कोसी, गण्डक बाँधका कारण गरिखाँदै आएको जग्गाको नामोनिशान हराउँदा बर्सेनि सयौं नेपाली थातथलो छाडेर हिंड्नुपर्ने बाध्यतामा छन् । डुबान समस्या सल्टाउन केन्द्र सरकारले भारतसँग छलफल गर्नैपर्छ ।

■ **तुलसीप्रसाद चौधरी**
देवचुली नगरपालिका, नवलपरासी

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np

लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine
@NepalMagazine
@nepalmagazine

ट्वीट

क्षेत्राधिकार कुल्चेर चलखेल
Dipendra Jha@dipjha

यी कथा असत्य, मिथ्या, व्यक्तिगत प्रहार र सामुदायिक विभेदको शृंखलाबाहेक केही होइनन् । खुला चौरमा आम जनताबीच यी विषयमा बहस गर्न तयार छु । सीके राउतसँग उठबस देशका प्रधानमन्त्रीले नै गरिसके । मेरो त के कुरा । शोषकले शोषितसँग क्षमा माग्नुपर्छ, क्षमा अभियानको औचित्य छ ।

Bimal Acharya@BimalSalyan

कुनै अल्पसंख्यक सीमान्तीकृत समुदायको हो भनेर उसका खराब कामबारे लेख्नै नहुने कस्तो कुरा ? आफ्नो गैरकानुनी कामको ढाकछोप गर्न समुदाय गुहारेर अनि लेख्ने र छाप्नेको समुदाय तोकेर दुवै समुदायलाई नै लान्छित गर्दै छन् । हाम्रो करबाट तलबभत्ता खानेले जवाफ पनि खाने होइन, दिने हो ।

Suresh kumar yadav@journalist_GOP

पत्रकारले सत्य लेखेपछि लाग्ने आरोप यस्तैयस्तै हो । मैले एकचोटि एउटा मधेसी दलका मन्त्रीबारेमा समाचार लेख्दा उनले हल्ला फैलाए- 'पत्रकार पैसा माग्न आएका थिए । नदिएका कारण अनापसनाप लेखेका हुन् ।' त्यसैले सत्य लेखिनुपर्छ ।

Satish Chandra Lal@sclal57

हिमशृंखला फुटेर पहाडमा मात्रै विपद् आउने हो ? तराईमा प्रभाव हुने नै होइन ? मधेसमा एउटा भनाइ छ- बीए बैल ।

शैक्षिक समनाताबाट वर्गविहीन समाजतिर
Baturam Bhandari@BaturamB

धेरै राम्रो लेख । शिक्षा सबैका लागि हुनुपर्छ तर गुणस्तरीय हुनुपर्छ भन्ने मान्यतामा हामी अडिग रहनुपर्छ ।

घुमीफिरी तिनै
keshav khanal@ourkhanal

यो स्कुल विभाग पढ्ने, पढाउने र सुसंस्कृत पार्ने मनसायले बनाउन लागिएको हो भने प्रमुख बन्न इच्छुकबीचमा बौद्धिक र वैचारिक परीक्षा गराए हुन्न ? योग्यताको परिभाषा र परीक्षण गुट वा ठालूको आशीर्वादबाट निर्धारण गर्ने प्रथाको अन्त हुनुपर्छ । अन्यथा विचार र विश्वासकै अन्त हुन्छ !

पोस्ट

बच्चालाई समय खोइ ?
Shyam Shrestha

पहिलेको संयुक्त परिवारबाट अहिलेको एकल परिवारतिर सर्दा बच्चाको हेरचाहमा समस्या देखिंदै ! कहींकहीं आमाबाबुलाई बेवास्ता भयो भने वृद्धाश्रम खोज्दै हिंड्ने पनि हुन थाल्यो !

पदयात्रा
Daya Krishna Rai

सरल शब्द, सरल विम्ब । जनसाधारणले पनि बुझ्न सक्ने र सरल शब्दमै गहन अर्थ सम्प्रेषण गरेर बौद्धिक जगत्को मस्तिष्कलाई पनि हल्लाउन सक्ने कवि श्रवण मुकारुङका कविताको हजारौं प्रशंसकमध्येको म पनि एक हुं ।

शाह राजाका सत्तापलट

हरिराम जोशी

रणबहादुर शाहले नेपालमा भीमसेन थापालाई काजी, मूलकाजी, प्रधानसेनापति र सरकार प्रमुख बनाए, विसं १८६० मा । नेपालका प्रधानमन्त्रीको रोलक्रममा थापाको नाम अग्रपंक्तिमा रहेकाले कसैकसैले पहिलो प्राइममिनिस्टर पनि भनेका छन् । यद्यपि १३ औं शताब्दीमै प्रधानमन्त्री मेघपाल वर्मा रहेको पिमवहालको अभिलेखमा उल्लेख छ ।

संन्यासी अवस्थामै गीर्वाणयुद्धविक्रमलाई शासन सुम्पिएका थिए, रणबहादुरले । यद्यपि शासन/प्रशासनमा उनकै दबदबा थियो । पछि आफ्नै भाइ शेरबहादुरले मारे, जुन सत्तापलट नै थियो । रणबहादुर शाहले पत्नी कान्तिवतीलाई रोग लागेका बेला औषधोपचार गरेका पाटन सौगात टोलका (निरञ्जन गोविन्द वैद्य का वंशज) वैद्यसमेतलाई फाँसी दिएको भनिन्छ । तर पछि पुष्टि नहुँदा दरबारमै वैद्यको जागिर दिएको इतिहासकारको मत छ ।

थापाले विरोधी मास्ने अभियानमा रणबहादुरको मृत्युपछि उनका तीन रानीमध्ये विजयालक्ष्मीलाई हेलम्बुबाट पुलिस लगाएर पशुपति ल्याई सती जान बाध्य पारेका थिए । राजकुमार देवेन्द्रको अल्पायुमै निधन भयो । रणजंग पाण्डेहरूले यसलाई राजनीतिक रङ दिंदा प्रधानमन्त्री थापा गिरफ्तारीमा परे । पाण्डे खलककै उक्साहटमा थापाकी श्रीमतीलाई नाङ्गै सहर घुमाउने हौवा फिंजाइयो । त्यसैको वेदनाले ३३ वर्षसम्म एकछत्र शासन गरेका थापाले मृत्युवरण गरे । उनको मृत्यु पनि सत्तापलटकै सिलसिला थियो ।

विसं १८९४ मा 'कलाबहादुर' उपाधिसहित राजा राजेन्द्रले माथवरसिंह थापालाई प्रधानमन्त्री बनाए । तर राजा, रानी, युवराज र भारदारबीचको षडयन्त्रका कारण जंगबहादुरले मारे । माथवरलाई मार्नु पनि सत्तापलट नै थियो ।

माथवरपछिका प्रधानमन्त्री गगनसिंह थापा पनि दरबारिया षडयन्त्रकै कारण मारिनुपर्‍यो । रानी राज्यलक्ष्मीका आज्ञापालक भएकै कारण राजा राजेन्द्र र युवराज सुरेन्द्रको योजनानुसार विसं १९०३ मा हत्या गरियो । यो पनि सत्ता पलट नै हो । राजा/रानीकै सत्ता लोभका कारण २ असोज विसं १९०३ मा कोतपर्व हत्याकाण्ड घट्यो, जसमा थापा/पाण्डेलगायतका सयौं भारदारको नृशंस हत्या गरियो । राजा राजेन्द्रको रोजाइमा परेका जंगबहादुर नेपालको प्रधानमन्त्री भए । विसं १९०३ को कात्तिकमा पशुपति भण्डारखालको भोजमा निम्त्याएर प्रधानमन्त्री जंगबहादुरको हत्या गर्ने भनिए पनि सफल भएन । सत्तापलटको योजना बनाउने रानी राज्यलक्ष्मी नै निर्वासित हुनुपर्‍यो । रानीसँगै तीर्थाटनमा काशी गएका राजा राजेन्द्रलाई निर्वासित भाइभारदारले जंगबहादुरलाई मार्नुपर्छ भनेर उक्साए । त्यसका लागि बारा-पर्साको अलौमा करिब १२ सय जति फौज बनाए । यसलाई अलौ पर्व पनि भनियो । सत्तापलटको प्रयासमा लागेका राजा राजेन्द्रको पक्राउपछि हनुमानढोकामा बन्दी अवस्थामै मृत्यु भयो ।

राजेन्द्र सत्ताच्युत भएका बेला राजप्रतिनिधि बनेका सुरेन्द्रविक्रमले शक्ति पुनः शाहमा फिर्ता नगरून्जेल श्रीपेच नलगाउने प्रतिज्ञा गरे पनि ३० वर्षको अल्पायुमै निधन भयो । जंगबहादुरको एकलौटी शासनका कारण असन्तुष्ट राजा सुरेन्द्रका भाइ उपेन्द्रविक्रमले प्राइममिनिस्टर बमबहादुर (भाइ) लाई समेत प्रयोग गरेर हत्या योजना बनाए पनि सफल भएन ।

विसं १९०३ को कोतपर्वबाट प्रधानमन्त्री र विसं १९१३ को राजाज्ञाबाट श्री ३ भएका जंगबहादुरको मृत्युपछि युवराज त्रैलोक्य र अधिराजकुमार नरेन्द्रविक्रम शाहले अरूलाई श्री ३ महाराज र पन्जापत्रको छाप नदिलाउने गुप्त सत्तापलट योजना दुई रानी (जंगबहादुरका छोरी) मार्फत श्री ३ धीरशमशेरले थाहा पाएकाले सफल हुन सकेन ।

त्रिभुवनले पनि जुद्धशमशेरको समयमा नारायणहिटी दरबारमै सत्तापलट योजना बनाएका बनाएका थिए । त्यसका लागि त्रिभुवनले छोरा युवराज महेन्द्र, अधिराजकुमार हिमालय र वसुन्धरा, आफ्नै एडीसी अग्निशमशेर (जुद्धशमशेरका साइँला छोरा), ड्राइभर, कम्पाउन्डरलगायत १० जनाको समूह तयार पारेका थिए । भाग्यवश जुद्धशमशेर आफू मारिने योजनामा सामेल भएनन् र बच्न सके । त्रिभुवनको यो योजनालाई कसैकसैले रक्तपात मण्डली पनि भनेका छन् ।

राजा महेन्द्रले ०१५ मा सम्पन्न संसदीय निर्वाचनमा दुई तिहाइ बहुमतको बीपी कोइरालाको प्रजातान्त्रिक सरकारलाई सशस्त्र सेनामार्फत अपदस्थ गराए र सत्ताका सबै अंग कब्जामा लिए, १ पुस ०१७ मा । उनका छोरा वीरेन्द्रको ०५८ मा सपरिवार हत्या भयो । अन्तिम राजा ज्ञानेन्द्रले प्रजातान्त्रिक प्रक्रियामार्फत निर्वाचित शेरबहादुर देउवाको सरकारलाई अक्षम घोषणा गर्दै विसं ०५९ मा हटाए ।

■ प्रस्तुति : गोकुल अर्याल

प्रवेश

सोझै

तथ्यचित्र प्रहरीले जफत गरेको सुन (परिमाण केजीमा)



स्रोत : पुलिस मिरर- २०१८

सुर बेसुर

मन्त्री भएपछि पत्रिकामा विज्ञापन दिने चलन छ । सबैलाई आग्रह गर्न चाहन्छु, कसैले पनि मलाई पत्रिकामा बधाइ विज्ञापन नदिनुहोला । अबदेखि मन्त्रालयमा आइस्योस्, गइस्योस् भाषा कसैले पनि प्रयोग नगर्नुहोला ।

योगेश भट्टराई
नवनियुक्त पर्यटनमन्त्री
सेतोपाटी

GHORAHI CEMENT INDUSTRY
ISO 9001:2015
ISO 14001:2015
ISO 45001:2018
Certified Company

TRIVENI
A Promise for Life

सगरमाथा सिमेन्ट

जुनी जुनीलाई...

www.ghorahicement.com.np | www.facebook.com/ghorahi.cement

हेगको हिरो

सुरेश किरण

ठूलो सिसी क्यामेरा

नेपाल कम्युनिस्ट पार्टीका द्वितीय अध्यक्ष कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड' यतिखेर दंगावस्थामा छन् । किनभने उनलाई उनकै कुनै एक पूर्वलडाकूले हेग लैजाने धम्की दिएका छन् । त्यही धम्की सुनेर प्रचण्ड दंग परेका रहेछन् । आफ्नो यो अवस्थाबारे उनले खुलस्त पनि गरे, "हेग पुगेपछि म त हिरो पो हुन्छु !"

उनको यो वाणी सुनेर धेरैलाई लागेको रहेछ, लडाकू भाइले हेग भनेको कमरेड प्रचण्डले हलिउड पो सुनेछन् कि क्या हो ? हेग भनेको अर्कै ठाउँ हो, हलिउड भनेको अर्कै ठाउँ हो । यो दुई ठाउँले उत्पादन गर्ने वस्तु नै फरक छ । हलिउडले हिरो उत्पादन गर्छ, हेगले भिलेन उत्पादन गर्छ । उनी जानुपर्ने हेग हो । अब हेग पुगेर हिरो कसरी भइन्छ ?

त्यसो त अहिले सिनेमामा नयाँ ट्रेन्ड पनि आइरहेको देखिन्छ । जो भिलेन हो, त्यही हिरो बन्छ, जो हिरो हो, त्यो भिलेन-भिलेनजस्तो लाग्छ । अब हेगको सिनेमा उद्योगले पनि यस्तै सिनेमा बनाउन लागेको रहेछ भने अर्कै कुरा भो ।

अहिले नेपाल प्रहरीले अपराध नियन्त्रणका लागि ठाउँठाउँमा सिसी क्यामेरा राख्ने अभियानै चलाएको छ । यो अभियानमा नेपाल प्रहरी सफल नै भन्नुपर्छ । सिसी क्यामेरा जडानलाई नेपाल प्रहरीले यतिबेला यसरी अघि बढाएको छ, मानौँ- प्रहरीले जति पनि अपराध पत्ता लगाउन नसकेर थाँती परेको छ, त्यो जम्मै सिसी क्यामेरा नभएर मात्रै हो । यदि सिसी क्यामेरा मात्रै ठाउँमा भएको भए निर्मला पन्तका हत्यारासमेत उहिल्यै समातिन्थे होला ।

सिसी क्यामेरा जडान द्रुत गतिमा अघि बढ्दै थियो ।

त्यही बेला प्रहरी प्रधान कार्यालयमा एउटा अधबैंसे मानिस देखापरे । उनको हातमा एउटा ठूलो बाकस पनि छ । उनी भित्र जान खोज्दै थिए ।

गेटैमा रोकेर सोधियो, 'ओए, कहाँ जान लागेको ?'

'भित्र ।' उनले संक्षिप्त उत्तर दिए ।

'किन ?' प्रश्न पनि संक्षिप्तै आयो ।

'यो दिन ।' उनले हातको बाकस देखाए ।

'के यो ?' प्रहरीको आँखा बाकसतिर डुल्न थाल्यो ।

'सिसी क्यामेरा ।'

'सिसी क्यामेरा ? यत्रो ठूलो ?'

'यो बाटोमा राख्ने सिसी क्यामेरा होइन नि, यो त प्रहरी प्रधान कार्यालयमै राख्ने सिसी क्यामेरा हो ।'

'प्रधान कार्यालयमा कहाँ राख्ने यो सिसी क्यामेरा ?'

'अहिले ठाउँठाउँमा प्रहरीले सिसी क्यामेरा जडान गरिरहेको छ नि । त्यो जम्मै क्यामेराको मोनिटरिङ गर्ने एउटा छुट्टै कोठा त होला नि । हुँदैन ?'

'त्यो त भइहाल्छ नि, नभए मोनिटरिङ कसरी हुन्छ ?'

'होऽऽ, त्यही सिसी क्यामेराको मोनिटरिङ गर्ने कोठामा यो सिसी क्यामेरा राख्ने हो,' अधबैंसे अलि खुल्न थाले, 'वास्तवमा साँच्चैको गल्ती कहाँ भइरहेको छ र अपराध कहाँबाट सुरू हुँदैछ भन्ने कुरा अरू सिसी क्यामेराले होइन, यो सिसी क्यामेराले पत्ता लगाउँछ । बुझ्नुभो ?'

यति भन्दै अधबैंसे ठूलो सिसी क्यामेरा त्यहीँ छाडेर हिंडे ।

तर उनले उपहार दिएर गएको त्यो ठूलो सिसी क्यामेरा प्रहरी प्रधान कार्यालयले जडान गर्‍यो/गरेन, त्यो भने अज्ञात नै छ ।

पार्टीको स्कुल

नेकपामा पार्टीको स्कुल विभाग कसले चलाउने ? अहिले यो यति जटिल प्रश्न बनिरहेको छ, जसले पार्टीको बैठक चलिरहेको छैन । मै हुँ भन्ने नेताहरूको समेत यसमा दाबी छ । बरू ज्यान दिन तयार छन्, स्कुल विभाग छाड्न कोही तयार छैनन् । यो विभाग जसको हातमा गए पनि उसले आखिर पार्टीमा कस्तो स्कुल चलाउँछ र कार्यकर्तालाई कस्तो प्रशिक्षण दिन्छ भन्ने कुराको झलक अहिले नै प्राप्त भइसकेको छ ।

विभागमाथि एकपछि अर्को दाबी देखेर नेतृत्वको टाउको दुखी रहेकै बेला अर्को एउटा दाबी पनि थपिन आयो, भजनलालको । भजनलाल न पार्टी नेता हुन्, न त कार्यकर्ता नै । तैपनि अचानक पार्टी कार्यालयमै पुगेर उनले स्कुल विभाग दाबी गर्दा जम्मै चकित परे ।

पार्टीको हाइकमान्डसामु पुगेर भजनले भने, 'नेताज्यूहरू स्कुल विभाग जिम्मा दिनोस्, म चलाउँछु । तपाईंहरूले चिन्तै लिनुपर्दैन ।'

चकितावस्थामा रहेका नेताजीले सोधे, 'स्कुल विभाग चलाउने रे ? को हो तपाईं ? हाम्रो कार्यकर्ता हो ? पहिले त देख्याजस्तो लाग्दैन ।'

भजनलालले भने, 'पार्टीको कार्यकर्ता हैन तैपनि स्कुल विभाग चलाउने आँट मसँग छ । मसँग लामो अनुभव पनि छ ।'

'कस्तो अनुभव ?' नेताजी पुलकित बने ।

'मैले प्ले ग्रुपदेखि प्लस टुसमेत भएको स्कुल चलाइरहेको ११ वर्ष भइसक्यो', भजनले आफ्नो परिचय सुरु गरे, 'एसईईमा मेरो स्कुल पाँच वर्षदेखि लगातार टपमा छ । हन्ड्रेड पर्सेन्ट ए प्लस । त्यसैले मलाई जिम्मा दिनोस्, तपाईंको स्कुललाई पनि पाँच वर्षभित्र टपमा पुऱ्याइदिन्छु ।'

भजनलालको प्रस्तावले नेताजीहरूको अनुहारमा अन्योलका रेखा देखिन थाले ।

तिनै ओली चाहिन्छ

[झटारो]

लक्ष्मण गाम्नागे

प्रधानमन्त्री ओलीको कार्यशैली धमाधम परिवर्तन हुँदै छ भन्ने अप्रिय समाचार आइरहेका छन् । प्रधानमन्त्रीले आफूबाहेक अरूसँग पनि सल्लाह लिन थालेको, बालुवाटारबाहिरका पनि केहीलाई समेट्न खोजेको भन्ने हल्ला हावासरी फैलिइरहेको छ । पार्टीमा आँखो र खुर्सानीको सम्बन्ध भएका नेताहरू पनि बालुवाटार आवतजावत गर्न लागेका छन् अरे । प्रधानमन्त्रीले अब विपक्षीलाई पत्ताल पुग्ने गरी झटारो हान्न छाड्ने अरे । अबदेखि अतिशयोक्तिपूर्ण अभिव्यक्ति दिन बन्द गर्ने अरे । यस्ता अफवाह फैलिइरहेका छन् बजारमा ।

प्रधानमन्त्रीको अभिव्यक्तिको कुरा गर्दा अस्ति एक प्रसंगमा 'म प्रधानमन्त्री भएपछि काठमाडौंका जनताले मास्क लगाउन छाडे' भनेको कुरालाई लिएर उनलाई सञ्चार माध्यम, सामाजिक सन्जाल, विपक्षी दल र आफ्नै दलका पनि विरोधी खेमाकाहरूले ठूलो होहल्ला मच्चाए । दुई सातासम्म सत्तापक्ष, प्रतिपक्ष, संसद्, सडक, पत्रपत्रिका, ट्वीट, फेसबुके, भाइबरलाल सबका सब ताते, सक्रिय भए । प्रधानमन्त्रीले यसरी आफ्ना तिख्खर अभिव्यक्तिबाट निरन्तर मुलुकलाई हल्लाउँदै आएका छन् । समाजलाई तरंगित बनाउँदै आएका छन् । यो ओलीजीको मौलिक विशेषता हो ।

मानौं, प्रधानमन्त्रीको शैली परिवर्तन भयो र उनले त्यो कुरालाई यसरी भनेमा के हुन्छ ? जस्तै, 'म प्रधानमन्त्री भएपछि उपत्यकाका सडकमा धेरै सुधार आएको छ । गएको वर्षभन्दा यो वर्ष धूलो, हिलो र खाडल धेरै व्यवस्थापन गरिसक्यौं । अब एक वर्षभित्र नागरिकले मास्क लगाउन नपर्ने गरी उपत्यकालाई सफा गर्ने योजनामा सरकार कटिबद्ध छ । भन्नजस्तो सजिलो गर्न नहुने रहेछ । विकास निर्माणका चरणमा धूलो, हिलो, फोहोर सहनुपर्दो रहेछ । यसबाट जनतामा पर्न गएको असुविधाप्रति सरकार क्षमाप्रार्थी छ ।'

प्रधानमन्त्रीले पोहोर साल चुच्चे रेलको कुरा गर्दा र पानीजहाजको टिकट काट्न आह्वान गर्दा कडा प्रतिक्रिया उत्पन्न भएका थिए । यदि उनले अब परिवर्तित शैलीमा यसो भनेमा उनका पछि को लाग्छ ? जस्तै, 'मैले ठट्टाको भावमा पानीजहाजको टिकट काट्न भनेकामा त्यसलाई वास्तविक ठानी जनताले खिल्ली उडाउनुलाई मैले स्वाभाविक रूपमा लिएको छु । वास्तवमै हामी पानीजहाज ल्याउने प्रयत्नमा छौं । नारायणी नदीमा केही महिनापछि सानो आकारको जहाज चल्दै छ । ठूला नदीहरूमा पनि जहाज चलाउन हामी दृढ संकल्पित छौं । रेलका सम्बन्धमा जयनगर, जनकपुर, बर्दिबास रेल चल्ने दिन अब टाढा छैन । चीनबाट रेल ल्याउने विषयमा पनि काम अगाडि बढिरहेका छन् । कठिन भौगोलिक कारणले चीनबाट रेल ल्याउनु सजिलो छैन । तर पनि हामीले प्रयत्न गर्नुपर्छ । चुच्चे रेलको कुरा गरेर म अलि बहकिएछु । मेरै पालामा नभए पछिल्ला दस वर्षमा भए पनि हामीले चीनसँग रेलमार्ग जोड्नैपर्छ । यसमा प्रतिपक्षको पनि नैतिक सहयोगको अपेक्षा गरेको छु ।'

ओलीबाट यस्तो लुते भाषामा अभिव्यक्ति आयो भने हामी त ठाडै मुर्च्छा पर्छौं । 'गल्ती भएछ', 'लज्जित भएँ', 'क्षमाप्रार्थी छु' जस्ता निम्छरा कुरा गर्ने ओली हामीलाई के काम ! ओलीले यसरी बोले भने हामीले फेसबुकका भित्तामा के लेखेर भाइरल बनाउने ! पत्रपत्रिकाले यस्ता भनाइबाट के समाचार बनाउने ? त्यस्ता समाचार कसले पढ्ने ? त्यसकारण हामी सारा विपक्षीलाई निराश पार्ने गरी ओलीजीले शैली परिवर्तन नगरून् । हामीलाई पुरानै अररा र खरा ओली चाहिन्छ ।

लुकुम मेलामा झाँक्री भेला



महेश केसी/रूकुम

अग्लो पहाडको फेदीमा छ, लुकुम गाउँ । संघीयताले जन्माएको देशकै कान्छो जिल्ला रुकुम पूर्वको भूमे गाउँपालिका–१ मा पर्ने यो ठाउँमा खाम मगर जातिको बसोबास छ । यिनै मगर जातिको मौलिक संस्कृति हो, झाँक्री मेला । धामी–झाँक्री रुढीवादी र अन्धविश्वासी जीवनपद्धति नै हो तर यहाँका लागि भने मौलिक

संस्कृति पनि हो । हरेक वर्ष साउन पहिलो साता लुकुम गाउँमा झाँक्री मेला लाग्ने गर्छ ।

गाउँछेउको पूर्वतिर अवस्थित चौतारोमा अग्ला धुपी सल्लाका रूख छन्, त्यही धुपी सल्ला भएको ठाउँमा भेला हुन्छन्, गाउँभरका झाँक्री । १ र २ साउनलाई छाडेर आउने सोम, मंगल र शनिबारमध्ये एक दिन यो मेला आयोजना गर्ने प्रचलन रहेको बताउँछन्, झाँक्री समूहका अध्यक्ष जोधे पुन । उनका अनुसार धेरै वर्षपहिले यहाँका स्थानीयलाई भूतप्रेतले सताएपछि त्यसलाई भगाउन तन्त्रमन्त्र प्रयोग गरिएको थियो । तिनै झाँक्रीले गाउँबाट भूतलाई लेखेटेको खुसियालीमा हरेक वर्ष यो मेला आयोजना गरिन्छ । "विधि जानेका र तन्त्रमन्त्र बुझेका झाँक्री घरघरै भएको लुकुम गाउँमा यस वर्ष पनि ३० जना झाँक्री एकै ठाउँ भेला भएर नाचे," गाउँका पूर्वशिक्षक रुजिधन घर्ती मगर सुनाउँछन्, "मुहारमा अनुहारमा मोसो दलेका र झाँक्री वस्त्र पहिरिएका तान्त्रिकको यो जमघट यहाँको मौलिक संस्कृति र चिनारी हो ।"

गाउँमा रहेका हरेक थरबाट कम्तीमा एक जना झाँक्री नाच्न तयार हुनुपर्छ । झाँक्री पठाउन नसक्ने थरलाई भने जरिवाना तोकिएको अध्यक्ष पुन बताउँछन् । झाँक्री भएर पनि सहभागी नबनाउनेलाई १ हजार र झाँक्री नै नभएकालाई ७ सय रुपैयाँ जरिवाना लाग्ने नियम रहेको सुनाउँछन्, पुन । जरिवानाबापतको रकम भने त्यही झाँक्री समूहले मेला व्यवस्थापनमा खर्चिन्छ ।

भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढाका अनुसार यस्ता संस्कारमा झाँक्रीका सहयोगी अर्थात् चेलालाई भान्जा भन्ने चलन छ । यिनै भान्जा पछि गएर झाँक्री बन्छन् । भान्जा बन्न चाहनेमा धेरैजसो युवा हुन्छन् ।

पाहुनालाई सिस्नोले पोलेर स्वागत गरिने यो मेलामा मगर हुन स्थानीय मात्र होइन, वरपरका गाउँले पनि मरिहत्ते गर्छन् । ने


Marvel®
FlowGuard™ Plus CPVC and Lead Free PVC Piping Systems
सुरक्षा घरको
साथ जीवनभरको...
गुणस्तरिय
PLUMBING
का लागि अपनाउनुहोस्
Marvel का
Piping System
Marvel® FLOWGUARD PLUS CPVC PLUMBING SYSTEMS
For Hot & Cold Water Distribution
Marvel® Aquaflo
uPVC Pressure Pipe for Drainage & Water Supply
Marvel® DURADRAIN
Under Ground Drainage Pipe
Marvel® SafeDuct
Fire Resistant uPVC Conduit Pipes & Fittings
NEPAL STANDARD CERTIFICATION MARK
NSF pw
NSF certification for CPVC pipes*
American Certification for Quality & Hygiene
UKAS MANAGEMENT SYSTEMS
ISO 9001:2015
Lead-free
Only those products marked NS/NSF are certified
Marvel Technoplast Pvt. Ltd.
www.marvel.com.np

बोर्ड फेरिए, अड्डा उही



अधिकार प्रदेश-स्थानीय तहलाई दिइसक्दा पनि संघकै समानान्तर कार्यालय

यम बम

क्षेत्राधिकार स्थानीय तहमा सरेपछि जिल्लास्थित १८ वटा विषयगत कार्यालय खारेज भए, १ साउन ०७५ मा । संवैधानिक व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, ०७४ अनुसार जिल्लास्थित विषयगत कार्यालय खारेज भएसँगै सिंहदरबारको अधिकार गाउँगाउँ पुगेको ठानियो ।

हुन त त्यसअघि स्थानीय निकाय तहमा रूपान्तरण भएपछिको निर्वाचनताका दलहरूले आ-आफ्ना घोषणापत्रमा उल्लेख गरेको नारा पनि त्यही थियो । तर शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली बत्ती, मालपोत, सडकलगायतको कामकारबाही पालिकाबाटै हुने भनी खारेज गरिएकामध्ये कतिपय कार्यालयको नाम फेरेर सदरमुकाममै खडा गरिएको छ, जुन स्थानीय तहसँग जुध्न जान्छन् ।

यसले आशंका उब्जन्छ, जनताको घरदैलोसँग जोडिएको स्थानीय तहका अधिकार खोसिने, कमजोर बनाउने गरी किन जिल्ला र क्षेत्रीयसरहका कार्यालय खडा गरिँदै छ ? जिल्ला विकास समिति महासंघका पूर्वसभापति कृष्णप्रसाद सापकोटा भन्छन्, “स्थानीय तहलाई सरकार नभई निकायका रूपमा बुझ्न खोजियो । यसरी फेरि अधिकार केन्द्रीकृत गर्न खोजिएको देखिन्छ, यो केन्द्रीकृत मानसिकताको उपज हो ।” सरकारका विषयगत मन्त्रालयले मातहतका निकायको नाममा रहेको सम्पत्ति दायित्व तथा बजेट सम्बन्धित पालिकामा स्थानान्तरण हुने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा छ ।

ब्युँतिए विषयगत कार्यालय

प्रदेश २ भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले राजविराजमा स्थापना भएको कृषि ज्ञान केन्द्र उद्घाटन गरे, १७ असोज ०७५ । उनले सोही दिन भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र पनि उद्घाटन गर्न भ्याए, राजविराजमै ।

जबकि त्यसको ३ महिना अगाडि मात्र देशभरका जिल्लास्थित कृषि विकास कार्यालयसँगै पशु सेवा कार्यालय खारेजीमा परेका थिए, अधिकार स्थानीय तहलाई प्रत्यायोजन गर्ने गरी । तर अहिले कृषि विकासको ठाउँमा कृषि ज्ञान केन्द्र र पशु सेवाको ठाउँमा भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रको बोर्ड राखेर प्रायः पुरानै ठाउँमा कार्यालय खोलिएको छ । पहिले संघअन्तर्गत रहेका ती कार्यालयलाई प्रदेश मातहत राखिएको छ ।

स्थानीय तहका शाखासँग समन्वय गर्ने नाममा देशैभर ५१ वटा कृषि ज्ञान केन्द्र

खोलिएका छन् भने भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रको संख्या ४७ छ । ज्ञान केन्द्रमा वरिष्ठ कृषि विकास अधिकृत र केन्द्रमा पशु सेवाविज्ञ कार्यालय प्रमुख रहन्छन् । तर यो निकायले साविकका कार्यालय जसरी फिल्डमा जाने नभई समन्वयकारी भूमिका मात्र खेल्छ । धुलिखेल नगरपालिकाका मेयरसमेत रहेका नेपाल नगरपालिका संघका अध्यक्ष अशोककुमार ब्याञ्जु भन्छन्, "सदरमुकाममै कार्यालय खोलेर स्थानीय तहमा रहेका इकाइलाई कमजोर बनाउने र अधिकार संकुचन गर्ने खेल हो ।"

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले त ७७ वटै जिल्लामा कार्यालय स्थापनाका लागि लबिइङ गरेको थियो तर मन्त्रिपरिषद्ले स्वीकारेन । स्थानीय शासनविज्ञ सापकोटाका भनाइमा संघीय सरकारले अवलम्बन गरेका नीति तल्लो तहसम्म पुग्नुपर्नेमा स्थानीय तहलाई बेवास्ता गरेको देखिन्छ ।

अहिले तीन वटै सरकारबीच अधिकार बाँडफाँटको मतभेद रहेको अर्को विषय हो, वनजंगल । संविधानको अनुसूची ९ को बुँदा ७ मा अनुसार वनजंगल, वन्यजन्तु र जललगायतको उपयोगमा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार हुने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, ०७४ को परिच्छेद ३ उपदफा ४ को बुँदा ३ मा पनि 'सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी संघ तथा प्रदेशको अधीनमा रही' वनमा गाउँपालिका, नगरपालिकाको काम, कर्तव्य, अधिकारमा साझा अधिकार हुने भनिएको छ ।

सोहीअनुसार तत्कालीन जिल्ला वन कार्यालय र इलाका वन कार्यालय खारेज भएका थिए । अहिले फेरि जिल्ला वनको ठाउँमा डिभिजन वन राखेर ८४ वटा पुऱ्याइएको छ भने सेक्टर वनलाई फेरेर सबडिभिजनको संख्या ५ सय ३१ बनाइएको छ । डिभिजन वन जिल्ला सदरमुकाममा छन् भने सबडिभिजन स्थानीय तहभन्दा माथि ।

प्रदेशको उद्योग, वाणिज्य तथा वातावरण मन्त्रालयअन्तर्गत वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र रहेकामा डिभिजन वन र सबडिभिजन पनि प्रदेशअन्तर्गत राखियो । तर स्थानीय तहअन्तर्गत इकाइ राख्ने यसअघिको कार्ययोजना अलपत्र छ ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालकी अध्यक्ष भारती पाठक वनको इकाइ स्थानीय तहमा हुनुपर्नेमा फेरि सबडिभिजन खडा गरेर अधिकार कुण्ठित गर्न खोजिएको बताउँछिन् । भन्छिन्, "कानुनले दिएको अधिकारसमेत उपयोग गर्न नदिने गरी फेरि सामुदायिक वनको नियमन, स्वीकृति र खारेजी डिभिजन वनमा पुऱ्याइएको छ ।" पाठकले भनेझैँ प्रावधान प्रस्ताव गरिएको वन ऐन संसदीय समितिमा छ ।

स्वास्थ्यको हकमा पनि तत्कालीन क्षेत्रीय र जिल्ला कार्यालयसरह नै प्रदेशमा निर्देशनालय र जिल्ला सदरमुकाममा फेरि कार्यालय स्थापना भएका छन् । प्राथमिक स्वास्थ्य केन्द्रलगायत स्वाथ्य सेवाको पहुँचलाई अझ सर्वसुलभ बनाउन प्रदेशअन्तर्गतका ७७ वटै जिल्लामा स्वास्थ्य कार्यालय पुनर्स्थापना गरिएको हो । आफ्नो कामलाई प्रभावकारी बनाउन जिल्ला तहमा कार्यालय स्थापना गर्नु परेको प्रदेशहरूको तर्क छ ।

तत्कालीन ६१ वटा जिल्ला भूसंरक्षण कार्यालय खारेज भएकामा हाल घटाएर १४ वटा कायम गरिएको छ, नाम फेरेर भू तथा जलाधार व्यवस्थापन कार्यालय बनाइएको छ । घरेलु तथा साना उद्योग कार्यालय पनि ब्युँताइएको छ । ७ वटै प्रदेशमा एउटा-एउटा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय त छँदैछन् । सोहीअन्तर्गत साविकका घरेलु कार्यालयको नाम फेरेर घरेलु तथा साना उद्योग विकास समिति बनाइएको छ, जसको संख्या २७ छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता भुपाल बराल स्थानीय तहसँग समन्वय गरेर कार्य सञ्चालनका लागि प्रदेश तहमा रहेका केही कार्यालय जिल्लागत रूपमा खुलेको तर्क गर्छन् । तर तत्कालीन स्थानीय तह निर्धारण आयोगका सदस्यसमेत रहेका अधिवक्ता सुनिलरञ्जन सिंह भन्छन्, "स्थानीय तहलाई अधिकार दिएको देखाउने गरी विषयगत कार्यालय बन्द गरियो । तर फेरि सुशासनको प्रश्न उठाएर अधिकार खोसिँदै छ ।"

सिंहले भनेझैँ त्यतिखेर १८ विषयगत कार्यालय खारेज गरिएकामा अहिले प्रदेशअन्तर्गत भनेर जलस्रोत तथा सिँचाइ विकास डिभिजन, भूमिगत जलस्रोत तथा सिँचाइ विकास

"सदरमुकाममै कार्यालय खोलेर स्थानीय तहलाई कमजोर बनाउने र अधिकार संकुचन गर्ने खेल हो ।

– अशोककुमार ब्याञ्जु
अध्यक्ष, नेपाल नगरपालिका संघ

सरोज बैजु

ललितपुरमा रहेको कृषि ज्ञान केन्द्र

अरू पनि समानान्तर कार्यालय !

स्थानीय तहलाई अझ प्रभावकारी बनाउन जनशक्तिदेखि प्रविधिलाई जोड दिनुपर्ने हो । प्रदेश सरकारअन्तर्गतको कृषि ज्ञान केन्द्र त भूमिकाविहीन छँदैछन् तर समानान्तर कार्यालय खोलिँदै छ ।

कृषि उपजको विशिष्टकृत क्षेत्र निर्माण गर्ने, निर्यातयोग्य कृषि वस्तुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता बढाउने भन्दै ०७३ बाट सुरु भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले ७७ वटै जिल्लामा छुट्टै कार्यालय स्थापना गर्न लागेको हो । उपसचिवको नेतृत्वमा ७ वटै प्रदेशमा फोकल युनिट बनाइँदैछ भने ७७ वटै जिल्लामा समन्वय इकाइ स्थापना प्रस्ताव गरिएको कार्यविधि मन्त्रिपरिषद्मा पुगेको छ । कार्यालय संघीय परियोजनाको इकाइ हुने नै छ, कृषि प्राविधिक पनि परियोजनाबाटै खटिनेछन् ।

यो परियोजनाले सुरुमा जिल्लास्थित कृषि विकास कार्यालय र पछि स्थानीय तहमार्फत काम गरेको थियो । तर कार्यक्रमको मर्मअनुसार नभई अन्यत्र पनि बजेट खर्च हुन थालेपछि आफ्नै संरचना बनाएर अगाडि बढ्न थालिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका वरिष्ठ कृषि अधिकृत परशुराम रावत बताउँछन् ।

१० वर्ष अवधि रहेको उक्त परियोजनाले साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट), व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक), व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) र बृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) सञ्चालन गर्दै आए पनि प्रगति न्यून छ । गत फागुनमा सार्वजनिक भएको उक्त परियोजना दस्तावेज सुधारसम्बन्धी अध्ययन प्रतिवेदनले 'सञ्चालक समितिको निर्णयको आधारमा अनुदान वितरण हुने परिपाटीले पदाधिकारी मात्रै लाभान्वित भएको देखिन्छ' भनेर औँल्याएको थियो । सुधार गर्नु त परैको कुरा, बरु सरकारले परियोजनालाई पुनर्संरचना गरी विस्तार गर्ने नाममा बजेट बढाएर ८ अर्ब १० करोड पुर्‍याएको छ ।

डिभिजन, खानेपानी तथा सरसफाइ डिभिजन, सहरी विकास तथा भवन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, भू तथा जलाधार व्यवस्थापनलगायतका कार्यालय ब्युँताइएको छ, नाम फेरेर । नगरपालिका संघका अध्यक्ष ब्याञ्जु कार्यालय हस्तान्तरण गर्न छाडेर फेरि सदरमुकाममा खोलिँदा स्थानीय तहबाट पाउने सेवाका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता बढ्न सक्ने बताउँछन् ।

त्यतिखेर खारेजीमा परेका प्रायः कार्यालय जिल्लाबाट स्थानीय तह मातहत पुग्नुपर्ने हो । तर ठीक उल्टो भएको छ । प्रदेश मन्त्रालयपछि निर्देशनालय रहे पनि जिल्लागत रूपमा विषयत कार्यालय खुलेका हुन् । पूर्वप्रशासक खेमराज नेपाल अध्ययनबिनै मनपरी ढंगबाट फेरि उही प्रकृतिका कार्यालय स्थापना गर्दा दोहोरोपन आउने र अझ अलमल बढ्ने बताउँछन् । भन्छन्, "७७ वटै जिल्लामा एउटै किसिमको कार्यालय नचाहिन सक्छ, भूगोल र त्यहाँको कृषि, पशुपालनलगायतका पक्ष हेर्न जरुरी हुन्छ । जस्तो, स्याउ उत्पादन हुने ठाउँमा त्यसको अनुसन्धान केन्द्र चाहिएला तर त्यहाँ धानको कार्यालय खोलेर हुँदैन ।"

सापकोटा स्थानीय तहका कमी-कमजोरी भए पनि सिकाइको क्रममा रहेको बताउँछन् । उनी भन्छन्, "जसरी राजमार्गमा दुर्घटना भयो भन्दैमा बन्द गर्न मिल्दैन, त्यसरी अधिकार खोस्न मिल्दैन । गाउँटोलको विकास सिंहदरबारबाट सम्भव छैन ।"

संघ, प्रदेश र स्थानीय तह मातहतमा रहने कार्यालयको वर्गीकरण ०७४ मै सकिए पनि कार्यान्वयनमा आएको थिएन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले १ साउन ०७५ देखि लागू हुने गरी कार्यालय हस्तान्तरण र खारेजीको जानकारी सम्बन्धित जिल्लामा परिपत्रमार्फत गरेको थियो ।

अधिकार कटौती

२५ वैशाखमा शिक्षा क्षेत्रका दुइटा विषय चर्चामा रहे, संघीय सरकारअन्तर्गत रहेको शिक्षा विकास तथा समन्वय इकाइको निर्णय कार्यान्वयन नगर्ने उपत्यका नगरपालिका फोरम (काठमाडौं उपत्यकाका १८ वटा नगरका जनप्रतिनिधिको समूह) को घोषणा । इकाइले माध्यमिक तहको शिक्षा सम्बन्धमा गरिरहेका निर्णय संविधानविपरीत रहेको ठहर नगरपालिकाले फोरमले गर्नुअघि संघीय संसद्मा शिक्षा तथा स्वास्थ्य समितिमा माग उठेको थियो, "माध्यमिक तहको शिक्षा संघ सरकारअन्तर्गत राख्नुपर्छ ।"

९ पुसको मन्त्रिपरिषद् बैठकले प्रमुख जिल्ला अधिकारी मातहतका इकाइ संघीय शिक्षा मन्त्रालयअन्तर्गत राख्ने निर्णय गरेको थियो । त्यसअघि २७ चैत ०७४ को मन्त्रिपरिषद् बैठकले तत्कालीन जिल्ला शिक्षा कार्यालयलाई जिल्ला प्रशासन कार्यालयअन्तर्गत राख्ने निर्णय गरेको थियो ।

जुगल गाउँपालिका अध्यक्षसमेत रहेका गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष होमनारायण श्रेष्ठ भन्छन्, "संविधानले नै माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहलाई दिइसकेको अवस्थामा फेरि सदरमुकाममा कार्यालय खडा गर्नुको औचित्य हुँदैन ।" बरु संघीय शिक्षा ऐन चाँडो जारी गरेर पालिकालाई कानुनी बाटो खोलिदिनुपर्ने उनको माग छ ।

संविधानको अनुसूची ८ मा स्थानीय तहका २३ वटा एकल अधिकारको व्यवस्था रहेकामा आठौं बुँदामा 'आधारभूत र माध्यमिक शिक्षा' उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, ०७४ को दफा ११ (२) को खण्ड 'ज' मा पनि आधारभूत र माध्यमिक शिक्षाको

स्थानीय तहलाई सरकार नभई निकायका रूपमा बुझ्न खोजियो । फेरि अधिकार केन्द्रीकृत गर्न खोजिएको देखिन्छ ।

– कृष्णप्रसाद सापकोटा
पूर्वसभापति, जिविस महासंघ

खारेज भएका कार्यालय	रूपान्तरित कार्यालय
जिल्ला शिक्षा कार्यालय	शिक्षा विकास तथा समन्वय इकाइ
जिल्ला वन कार्यालय	डिभिजन वन कार्यालय
सेक्टर वन कार्यालय	सवडिभिजन वन कार्यालय
कृषि विकास कार्यालय	कृषि ज्ञान केन्द्र
जिल्ला पशु सेवा कार्यालय	पशु सेवाविज्ञ केन्द्र
जिल्ला सिँचाइ कार्यालय	जलस्रोत तथा सिँचाइ कार्यालय
भूमिगत जलस्रोत कार्यालय	भूमिगत जलस्रोत तथा सिँचाइ डिभिजन
सहरी विकास तथा डिभिजन कार्यालय	सहरी विकास तथा भवन कार्यालय
जिल्ला खानेपानी विकास कार्यालय	खानेपानी तथा सरसफाइ डिभिजन
स्वास्थ्य/जनस्वास्थ्य कार्यालय	स्वास्थ्य कार्यालय
घरेलु तथा साना उद्योग कार्यालय	घरेलु तथा साना उद्योग समिति
जल उत्पन्न नियन्त्रण कार्यालय	भू तथा जलाधार व्यवस्थापन कार्यालय

स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमनसमेतको पूर्ण अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा हुने व्यवस्था छ ।

उपत्यका फोरमको जवाफ थियो, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको परिपत्रको । पछिल्लो समय स्थानीय तह आफैंले करारमा शिक्षक नियुक्त गर्दै आएकामा संघीय सरकारले शिक्षा विकास तथा समन्वय इकाइमार्फत १० हजार करार शिक्षक नियुक्तिको बाटो खोलिदिएपछि स्थानीय तहका जनप्रतिनिधि रुष्ट बनेका हुन् ।

राष्ट्रिय गाउँपालिका महासंघ र नेपाल नगरपालिका संघले पनि संयुक्त रूपमा पत्र लेख्दै भनेका छन्, 'संघीय सरकारका मन्त्रालयबाट स्थानीय सरकारलाई संवैधानिक अधिकारको प्रभावकारी प्रयोगमा सहजीकरण गर्नुको साटो संकुचन गर्न खोज्नु दुर्भाग्यपूर्ण रहेकाले संवैधानिक अधिकारको संरक्षण र कार्यान्वयन गर्न स्थानीय सरकार सदैव सचेत रहनेछौं ।' तत्कालीन जिल्ला शिक्षा कार्यालय खारेज भएपछि पुनर्स्थापित भएका संरचना नै इकाइ हुन् । जिल्ला प्रशासन कार्यालय मातहत राखिएको यो इकाइ पछिल्लो समय ब्युँताएर पुरानै जिल्ला शिक्षा कार्यालयमा राखिएको छ ।

निश्चित समयका लागि जिल्ला प्रशासन कार्यालय मातहत शिक्षा इकाइ रहने यसअघिको निर्णय उल्ट्याँदै फेरि जिल्ला शिक्षा कार्यालयसरह किन स्थापना गरियो ? शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव बैकुण्ठ अर्याल समन्वयकारी भूमिकाका लागि जिल्लामा शिक्षा इकाइ राखिए पनि दीर्घकालीन रूपमा नरहन सक्ने बताउँछन् । स्थानीय तहले पनि आफू मातहत शिक्षा इकाइ स्थापना गरेर काम गरिरहेका छन् । संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तह, प्रदेश विश्वविद्यालयसम्मको अधिकार प्रदेश सरकार र विश्वविद्यालयसहित राष्ट्रिय राष्ट्रिय शिक्षा प्रणाली अवलम्बन गर्ने अधिकार संघ सरकारलाई दिएको छ ।

पूर्वप्रशासक नेपाल एकल अधिकारका विषय क्षेत्रगत भए पनि जिम्मेवारी बाँडफाँट नहुँदा समस्या निम्तिएको बताउँछन् । जस्तो, मालपोत र नापी कार्यालय पनि स्थानीय तह मातहत रहने मन्त्रिपरिषद्ले स्वीकृत गरेको थियो । तर हाल ती कार्यालय संघअन्तर्गत नै सञ्चालनमा छन् । भूमिसुधारमन्त्री पद्मा अर्यालले हालै मात्र सार्वजनिक कार्यक्रममा भनेकी थिइन्, 'मालपोत र नापी कार्यालयका श्रेस्ता अनलाइनमा राखेपछि स्थानीय तहमा हस्तान्तरण गरिनेछ ।'

यी दुवै कार्यालयलाई तत्कालका लागि प्रदेश मातहत राख्ने प्रयास भए पनि अन्ततः संघमै ल्याइएको छ । अहिले स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको खटनपटन पनि संघीय मामिला मन्त्रालयले नै गर्दै आएको छ । धनगढी उपमनगरपालिकामा निर्वाचनपछि मात्र ५ जना प्रमुख प्रशासकीय अधिकृत फेरिएपछि मेयर नृप वडले भनेका थिए, 'प्रमुख प्रशासकीय अधिकृत सरुवामा संघले कुनै समन्वय गर्दैन ।'

डिभिजन वन कार्यालय प्रदेशअन्तर्गत रहे पनि वन तथा वातावरण मन्त्रालयले प्रमुख डिभिजन वन अधिकृतलाई संघअन्तर्गत राख्न नखोजिएको होइन । वनमन्त्रीस्तरीय निर्णयबाट डिभिजन वन अधिकृतलाई संघमा राख्ने गरी प्रस्ताव मन्त्रिपरिषद्मा लग्ने प्रयास भए पनि संघीय मामिला मन्त्रालयले अस्वीकार गरेपछि त्यो विफल बनेको थियो । अन्ततः डिभिजन वनमा गत चैतमा मात्र डिभिजन वन अधिकृतको पदस्थापना भएको थियो । वन मन्त्रालयका प्रवक्ता सिन्धु ढुंगाना भन्छन्, "वन अर्धन्यायिक निकाय हो, मुद्दा चलाउने अधिकार संघलाई मात्र हुन्छ तर सामान्य प्रशासनले हाम्रो कुरा नै सुनिदिएन ।" ने

अलमलमै ई–शासन

नेटवर्क विकास र उपयोगकर्ता प्रविधियुक्त नभएसम्म विद्युतीय सुशासन धेरै टाढा

सुनिता लोहनी

एउटा समाचार सामाजिक सञ्जालमा निकै भाइरल भयो, ८ चैतमा । कोरिया जान रोजगार अनुमति प्रणाली (ईपीएस) भाषा परीक्षाका लागि बैंकमा शुल्क बुझाउन रातीदेखि नै युवाको भीड । कोरिया काम गर्न जाने अधिक युवा उच्च मावि अर्थात् १२ उत्तीर्ण हुन् ।

बढ्दो प्रविधि प्रयोगसँगै अचेल सबैको हातमा स्मार्ट फोन हाजिर छ । *फेसबुक, इन्स्टाग्राम* तथा *टिकटक*मा खाता नभएका तन्नेरी नै भेटिन गाह्रो छ । तर तिनै युवालाई ईपीएसको फारम शुल्क बुझाउन अनलाइन, मोबाइल एप्लिकेसन र ई-सेवाको प्लटेफर्म छ भन्ने थाहै भएन ।

कोरियाका लागि मात्र नभएर अनलाइनबाटै लोकसेवा आयोगको पनि फारम भर्न मिल्छ । 'यहाँ लोकसेवा आयोगको अनलाइन फारम भरिन्छ' भनी बडेमाका अक्षरमा लेखेका पसल यत्रतत्र छ्यापछ्याप्ती भेटिन्छन् । घरमै बसेर गर्न मिल्ने फारमका लागि सर्वसाधारण निश्चित शुल्क बुझाएर अरू कसैलाई नै फारम भराउन यस्ता पसल धाउने गरेका भेटिन्छन् ।

हातमा स्मार्ट फोन भए पनि प्रविधि सदुपयोग गर्न नसक्नुमा व्यावहारिक ज्ञानको कमीलाई दोष दिन्छन्, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) प्रविधि संकाय प्रमुख रवीन्द्रप्रसाद ढकाल । नेपाल सरकारले ई-गभर्नेन्सको अवधारणा ल्याएको आधा दशक नाघिसक्यो । यसैलाई सहयोग गर्न निजी क्षेत्रमा खल्ती, पठाओ, टुटल, बिग मुभिज तथा क्युएफएक्सजस्ता सेवा/सुविधाप्रदायक एप्लिकेसन बनिसके ।

त्यसैगरी भोक लागे छिनभरमै घरमै खाना आउने फुडमान्डु, फुड मारियोजस्ता अनलाइनले अर्डर कुरेर बसेका हुन्छन् । कुनै कपडा, जुत्ता या घरमा चाहिने सामान किन्नुपर्‍यो, दराजजस्ता थुप्रै अनलाइन सपिङ छन् । *सजिलोसेवाडटकम*बाट घरमा कम्प्युटर जडानदेखि इलेक्ट्रिक तथा प्लम्बरसम्मको कामका लागि १ सयजति कर्मचारी हाजिर छन् । तर यस्तो सुविधा हुँदाहुँदै प्रविधि प्रयोग सर्वसाधारणले सोचेअनुरूप भइरहेको छ त ?

थेम्स कलेजका आईटी विद्यार्थी सुशान्त श्रेष्ठ, १९, काम सजिलो बनाउन र समय बचत गर्न प्रविधि प्रयोग गर्छन् । तर उनले नेपालमा भएका अधिकांश डिजिटल प्रणालीमा समस्या देख्छन् । भन्छन्, "मैले धेरै प्रयोग गर्ने भनेको सिनेमा एप हो । कुनै चलेको या प्रतीक्षित फिल्म आएका बेला त्यो एपले प्रायः कामै गर्दैन । वेबसाइट डाउन हुन्छ । डिजिटल छ तर देखावटीका लागि मात्र ।"

यी त भए निजीका कुरा, सरकारीको ताल पनि उस्तै छ । नास्ट कार्यालयमा सेवाग्राही आउँदा नाम दर्ताका लागि अझै ढड्डाकै

सहारा छ । ३२ करोड रुपैयाँ बजेट पाएको कार्यालयले एउटा कम्प्युटरसम्म पनि राख्न सकेको छैन ।

१५ जेठमा अर्थमन्त्री युवराज खतिवडाले आर्थिक वर्ष ०७६/७७ का लागि शिक्षा, विज्ञान तथा प्रविधितर्फ १ खर्ब ६३ अर्ब ७६ करोडको बजेट छुट्याए । सरकारले आवास, भवन तथा सहरी पूर्वाधार कार्यक्रमअन्तर्गत विराटनगर-इटहरी, काठमाडौं, पोखरा उपत्यकालगायतका सहरलाई स्मार्ट सिटी बनाउने योजना अगाडि सार्‍यो । स्मार्ट सिटी भनिए पनि राजधानीका सार्वजनिक यातायातमा नगद नै तिरिन्छ । सार्वजनिक शौचालयको बेहाल छ । सार्वजनिक गाडीका ढोका हातैले खोल्नुपर्छ । ट्राफिकले लाइसेन्स हातैले जाँच्छन् । अरू त अरू तरकारीमा पनि विषादी भए/नभएको खुट्ट्याउन हेरेरै जाँचिन्छ ।

सरकारले नागरिक लक्षित केन्द्रदेखि स्थानीय तहसम्म मोबाइल एप्सका माध्यमबाट सहज सेवा, सूचना लिन सक्ने र आफ्ना गुनासा प्रकट गर्न सकिने नीति लिएको छ । एप त परको कुरा, खाद्यमा विषादी भेटिएका गुनासा टिपाउने टोल फ्री नम्बरसमेत आपूर्ति विभागले बन्द गरेको छ ।



दरबारमार्गस्थित नेपाल एसबीआई बैंकमा सेवाग्राहीसँग रोबोट

घोषणा मात्रै डिजिटल

सबै स्थानीय तहका केन्द्रमा बैंकिङ सुविधा निश्चित गरिने नीति सरकारले घोषणा गर्‍यो । दुर्गम क्षेत्रमा बैंकिङ सेवाको पहुँच बढाउन मोबाइल, इन्टरनेट र शाखारहित बैंकिङ सेवालाई प्रोत्साहन गरिने भनियो । डिजिटल कारोबारलाई सहज बनाउन नेसनल पेमेन्ट गेटवे व्यवस्था गरी भुक्तानी प्रणालीको फरक-फरक हुने व्यवस्था घोषणा गर्‍यो । तर सरकारको ई-गभर्नेन्स कछुवा गतिमा छ ।

डिजिटल कारोबारलाई एउटै मापदण्डमा ल्याई नेसनल पेमेन्ट गेटवे व्यवस्था सुरु गरिने सरकारको घोषणा हो । तर नीति बनाउन राष्ट्र बैंकले चासो नदिँदा सरकारको ई-गभर्नेन्स अन्योलमा परेको छ ।

नगद कारोबार न्यूनीकरण गर्दै भुक्तानी प्रणालीमा सुरक्षित कार्ड र इन्टरनेट प्रयोगलाई प्राथमिकता दिइने सरकारको अर्को नीति हो । यसका लागि सरकारले भौतिक संरचना बनाएको छ त ? चित्तबुझ्दो जवाफ राष्ट्र बैंकसँग पनि छैन । राष्ट्र बैंकका निर्देशक गोविन्दप्रसाद नागिला भन्छन्, “कुनै नयाँ नीति आएको छैन । पुरानै नीतिअनुरूप काम गरिरहेका छौं । हिसाब भने सफ्टवेयरमा राख्छौं ।”

सरकारले योजना, नीति पनि बनाउने तर कार्यान्वयन नगर्दा समस्या ज्यूँका त्यूँ रहेको सानिमा बैंक डिजिटल बैंकिङ प्रमुख विक्रम श्रेष्ठ बताउँछन् । भन्छन्, “हामीकहाँ न केन्द्रीय स्तरको एउटै प्रणालीमा चल्ने सिस्टम छ, न त बैंकिङ लगानीकर्ताका लागि सकारात्मक वातावरण ।”

राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार आव ०७५/७६ को ६ महिनामा मोबाइल बैंकिङ प्रयोगकर्ता ६३ लाख ९४ हजार ९ सय १६ पुगे । यो आँकडा गत वर्षको पुस मसान्तको तुलनामा २८ लाख ६४ हजार ६ सय ८९ ले बढी हो । इन्टरनेट बैंकिङ प्रयोगकर्ता भने खासै बढेका छैनन् । चालू आव पुस मसान्तसम्मको तथ्यांकअनुसार इन्टरनेट बैंकिङ प्रयोगकर्ता ८ लाख ५६ हजार ६ सय ९५ पुगेका छन् । गत वर्ष सोही अवधिमा ८ लाख ४२ हजार ४ सय ३१ जनाले इन्टरनेट बैंकिङ सेवा प्रयोग गरेका थिए ।

इन्टरनेट बैंकिङभन्दा मोबाइल बैंकिङमा सेवाग्राही आकर्षित भएको देखिन्छ । मोबाइल एपको माध्यमबाटै पैसा पठाउन, ब्यालेन्स हेर्न, स्टेटमेन्ट हेर्न, रिचार्जलगायत विभिन्न बिल भुक्तानी गर्न सकिने भएकाले पनि पछिल्लो समय मोबाइल बैंकिङ प्रयोगकर्ता बढ्दै गएका हुन् । यो तथ्यांक पूरै व्यापारको जम्मा २१ प्रतिशत मात्र हो । श्रेष्ठ भन्छन्, “डिजिटलमा ग्राहकको विश्वास जित्नु ठूलो चुनौती हो ।”

श्रेष्ठका अनुसार एप वा अनलाइनबाट कारोबार गर्दा पैसा नजानुका कारण दिन नसकिएसम्म पूर्ण डिजिटल असम्भव छ । केन्या, सिंगापुर तथा इस्टोनियाजस्ता देशले ई-कमर्सलाई प्राथमिकतामा राखेका छन् । त्यसैले त्यहाँ ई-कमर्स (व्यापार) छ, ई-गभर्नेन्स छ ।

पालना भएन निर्देशिका

१५ कात्तिक ०७५ मा गृह मन्त्रालयबाट राष्ट्रिय परिचयपत्र बनाउने घोषणा भयो । यही कार्डअनुरूप सूचना प्रविधि मन्त्रालयले केन्द्रीय एकीकृत कम्प्युटर प्रणाली ल्याउने जनायो । अहिले न परिचयपत्र बनिसकेको छ, न त एकीकृत कम्प्युटर प्रणाली । सञ्चार मन्त्रालयका सहसचिव वीरेन्द्रकुमार मिश्र भन्छन्, “परिचयपत्रको पूर्ण विवरण नबन्दा डिजिटल सिस्टमको विकास हुन सकेन ।”

प्रविधि हेर्नकै लागि भनेर मन्त्रालयमा सूचना प्रविधि विभाग छ । विभागका अनुसार हरेक सरकारी निकायमा प्रविधिको क्षेत्र तोकिएको छ । मन्त्रालयको आफ्नै डोमेन छ, क्लाउड टेक्नोलोजीको । विभागका अनुसार हरेक निकायले सर्भर व्यवस्थित गर्ने, आईटी प्रणालीको अडिट गर्छन्, मापदण्ड मिले/नमिलेको, ब्याकअप क्षमता कस्तो छ, सर्भर डाउन भयो भने तुरुन्त रोक्न मिल्ने/नमिल्ने इत्यादि । विभागका उपसचिव रमेश सुवेदी भन्छन्, “आईटी नै नभएका विभाग कुनै छैनन् । तर वेबसाइट प्रयोगकर्ताका लागि सहज र अपडेटमा भने समस्या छ ।”

सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०६८ आधा दशकअघि मन्त्रिपरिषद्बाट पारित भइसक्यो । लाखौं रुपैयाँ खर्चेर बनेका ती वेबसाइट निर्देशिकाअनुरूप बनेका छन् कि

छैनन्, त्यसको नियमन गर्नुपर्ने देखिन्छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनबाहेक कुनै पनि मन्त्रालयको वेबसाइटमा नागरिक बडापत्र भेटिँदैन, न त कर्मचारीको नाम, टेलिफोन नम्बर राखेको भेटिन्छ। मन्त्रिपरिषद्का नयाँ नीति नियमसमेत वेबसाइटमा उल्लेख गरेको कमै भेटिन्छ ।

गृहको वेबसाइटमा प्रवक्ता प्रेम राईको इमेल आइडी र तस्बिर मात्रै उल्लेख छ । कर्मचारीको हकमा केही उल्लेख छैन। त्यस्तै हालत छ, अर्थ मन्त्रालयको वेबसाइटको पनि। प्रवक्ता उत्तरकुमार खत्रीको केवल नाम, तस्बिर तथा पद मात्र उल्लेख छ ।

सुरक्षामै प्रश्न

२ कात्तिक ०७४ मा एनआईसी एसिया बैंकको स्वीफ्ट नेटवर्क ह्याक गरेर खाताबाट ४० करोडभन्दा बढी रकम चोरी भयो, जुन विदेशी ह्याकरले गराएका थिए। ०७३ मा बंगलादेशको केन्द्रीय बैंकबाट ८ करोड १० लाख अमेरिकी डलर चोरी भएको थियो । सुरक्षाका कारण सर्वसाधारणले डिजिटल प्लेटफर्म प्रयोग गर्न सकेका छैनन् ।

१८ असारमा राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्र उद्घाटन भयो। केन्द्रले नियमन र नियामक निकायको भूमिका निर्वाह गर्नेछ। यसले निजामतीको जति कम्प्युटर छ, पहिले त्यसको अनुगमन गर्नेछ ।

सरकारी साइट बेलाबेला ह्याकरको निशानामा पर्ने गरेका छन्। उपसचिव सुवेदीका अनुसार पाइरेटेड सफ्टवेयर प्रयोग भइरहेकाले यस्तो भएको हो। भन्छन्, "पहिलेभन्दा अहिले राम्रो अवस्थामा छौँ । ओरिजिनल विन्डोज भएका ल्यापटप किनिरहेका छौँ। गाउँस्तरमा पठाइने ल्यापटप पनि तिनै हुन्।" सहसचिव मिश्रका अनुसार विगतमा एकमुष्ठ सफ्टवेयर किन्ने विषय पनि उठेको थियो। तर पछि फेरि निर्णय परिवर्तन भयो ।

१८ साउन ०७५ मा प्रधानमन्त्री केपी ओलीले पाँच वर्षभित्र डिजिटल नेपाल कार्यक्रम सफल पार्ने घोषणा गरेका थिए। अहिले मन्त्रालयले त्यसको विस्तृत कार्ययोजना बनाइरहेको छ भने पहिलो मस्यौदा तयार पारिसकेको छ । मस्यौदामा उल्लिखित पछिल्लो तथ्यांकअनुसार ५६ हजार २ सय ८६ वेबसाइट दर्ता छन् भने ४० हजार व्यावसायिक वेबसाइट छन्। ई-कमर्सलाई बढावा दिई सन् २०२२ सम्म

"पहिलेभन्दा अहिले राम्रो अवस्थामा छौँ। ओरिजिनल विन्डोज भएका ल्यापटप किनिरहेका छौँ। गाउँस्तरमा पठाइने ल्यापटप पनि तिनै हुन्।

– वीरेन्द्रकुमार मिश्र
सहसचिव, सञ्चार मन्त्रालय

विकासशील मुलुक र सन् २०३० सम्म मध्यम आर्थिक आयस्रोत भएको देश बन्ने लक्ष्य छ।

नेपाल सरकारले प्रविधि विकासलाई मुख्य नीति मानेर कार्यक्रममा समावेश गरे पनि निजामती प्रशासन प्रविधिप्रति अपडेट नहुँदा लक्ष्यअनुरूप काम अगाडि बढ्न नसकेको ढकाल बताउँछन् । सहसचिव मिश्र भने निजामतीका वरिष्ठ कर्मचारीले पनि प्रविधि प्रयोगलाई बढावा दिइरहेको दाबी गर्छन् ।

ढकालका अनुसार ई-गभर्नेन्सको कुरा गर्दै गर्दा सरकारी कार्यालयमा अहिले पनि पुरानै तरिकाले टिप्पणी उठाइन्छ । हाजिर दुवै तरिकाले गरिन्छ- बायोमेट्रिक र ढड्डा रजिस्टरमा। भन्छन्, "एउटा टेबलबाट अर्को टेबलमा गएर व्यक्ति स्वयं खडा भएपछि मात्र काम बन्ने प्रवृत्ति नरोकेसम्म डिजिटल भइँदैन।" प्रविधिको दृष्टिले नेपाल विश्वको दाँजोमा धेरैपछि नभए पनि यस क्षेत्रमा कार्यरतको ल्याकत हेर्दा पूर्ण हुन अझै केही वर्ष लाग्ने विज्ञहरू बताउँछन्।

सरकारले प्यान कार्ड बनाउन सम्पूर्ण कार्यालयलाई निर्देशन दियो। असार मसान्तसम्म प्यान कार्ड बनाइसक्नुपर्थ्यो । नभए तलब रोक्का । प्यान बनाउन अनलाइनमै फारम उपलब्ध छ। विडम्बना, साइट खुल्न महाभारत हुन्छ । प्यान कार्ड बनाउन टेकुस्थित प्यान कार्यालय आएका राम यादव, २४, भन्छन्, "यहाँ नै यति ढिलो साइट खुल्छ भने अन्त के होला ?"

नेपालमा ई-कमर्स २५ मिलियन अमेरिकी डलर बराबरको छ । र, यो आगामी दिनमा तीव्र गतिले बढ्ने विज्ञहरू बताउँछन् । तर भौतिक संरचना पूर्ण रूपमा विकसित नहुँदासम्म डिजिटलमा जान नसकिने तर्क राख्छन्, सफ्टनेपका अध्यक्ष सुनील रिजाल। भन्छन्, "डिजिटल छिटो-छरितो र समय बचतका लागि हो । हामीकहाँ लाइसेन्स डिजिटलमा हुन्छ तर प्रहरीसँग त्यो लाइसेन्स चेक गर्ने उपकरण भएन भने के काम ?"

डिजिटल साक्षरताको कमी

निजी विद्यालयमा कम्प्युटर अनिवार्य विषयका रूपमा पढाइन्छ । सरकारी विद्यालयमा पनि कम्प्युटर ऐच्छिक विषयको रूपमा पढाइ हुन्छ। यस्तै, मोबाइल वालेट अर्थात् खल्ती, कनेक्टआईपीएस र ई-सेवा छ। यी सबै अनलाइन तथा एप्लिकेसन्सको रूपमा उपलब्ध छन्। तर डिजिटल साक्षरता कमीले उपलब्ध सेवा पनि उपभोग भएको देखिन्न । नेपाल क्लियरिङ हाउसले कनेक्टआईपीएस ई-पेमेन्ट सेवा दिइरहेको छ । बैंक र वित्तीय संस्थालाई सेवा दिइरहेको संस्थामार्फत बैंकमा खाता भएको व्यक्तिले अर्को बैंकमा सजिलै अनलाइन या एपबाट भुक्तानी पठाउन र पाउन सक्छ।

हाल कम्पनीले नेपाल सरकारको राजस्व भुक्तानी, लोकसेवा, कम्पनी रजिस्ट्रार तथा नागरिक लगानी कोषलगायत वित्तीय संस्थाको भुक्तानी गर्दै आएको छ । प्रविधि सुरक्षाबारे कम्पनीका सीईओ निलेशमानसिंह प्रधान भन्छन्, "हामीले प्रयोग गर्ने प्रविधि अन्तर्राष्ट्रिय मापदण्डकै हुन्छ । फरक यत्ति हो, सुरक्षा प्रणाली संस्थाअनुरूप छुट्टै हुन्छ।"

सन् २०१७ मा स्थापना भएको मोबाइल वालेट खल्तीबाट पानी, बिजुलीको बिल, फिल्मको टिकट काट्न मिल्छ। तर प्रविधिबारे पूर्ण जानकार नहुँदा अझै पनि लाइन लागेरै कार्यालयमा बिल तिर्ने मानिसको भीड लाग्छ। खल्तीका निर्देशक अमित अग्रवाल भन्छन्, "हामीले हरेक दिनका लागि आवश्यक कुरामा ग्राहकलाई सेवा दिन सकिरहेका छैनौँ । त्यसैले उहाँहरूलाई यसको आवश्यकता नखट्किएको हो।" ने


नेे-गु 385
PPC
नेे-गु 384
PSC
आऔं सबै मिली देश बनाऔं
नेपालको
सर्वाधिक बिक्री हुने
सिमेन्टको साथमा
ISO 9001 : 2015 & 14001 : 2015 प्रमाणित कम्पनी
मेरो देश, मेरो
जगदम्बा सिमेन्ट
jagdambacement.com
facebook.com/jagdamba.cement
मेरो देश, मेरो
जगदम्बा सिमेन्ट
पोर्टल्याण्ड पोजोलना सिमेन्ट
(PPC)
शुभश्री
जगदम्बा सिमेन्ट
पोर्टल्याण्ड स्ल्याग सिमेन्ट
(PSC)

कति दिन धानिएला आयात

अच्युत वाग्ले

गत असार मसान्तमा सकिएको आर्थिक वर्ष (आव) २०७५/७६ मा नेपालको व्यापार घाटा सवा १३ खर्ब रुपैयाँ अथवा १२ अर्ब अमेरिकी डलर पुगेको छ । नेपालको अर्थतन्त्रको मूल्य २८ दशमलव ८१ अर्ब डलर बराबरको भएको विश्व बैंकको तथ्यांकलाई आधार मान्दा यो व्यापार घाटा कुल गार्हस्थ उत्पादनको ४१ दशमलव ६ प्रतिशत हो । गत आवमा सवा ८८ करोड डलरको मात्र निर्यात हुन सकेको छ । यसले निर्यात आयात अनुपात ७.३ प्रतिशत पुऱ्याएको छ । अर्थतन्त्रको आकारको दाँजोमा यति ठूलो व्यापार घाटा हुने संसारका अरू ७ तन्नम मुलुक (मौरिटानिया, प्यालेस्टाइन, हाइटी, जिबुटी, सोमालिया, गुयना र लाइबेरिया) मात्र नेपालभन्दा खराब अवस्थामा छन् । यसको दबाब भुक्तानी सन्तुलन, चालू खाता र विदेशी मुद्रा सञ्चितिजस्ता अर्थतन्त्रका अरू सूचकांकमा परेको छ ।

यी तथ्यांकले नेपाल यतिखेर निर्यातयोग्य कुनै पनि वस्तु उत्पादन गर्न नसक्ने पूर्णतः निकम्मा अवस्थामा पुगेको प्रस्ट्याउँछन् । मुलुकको आर्थिक सार्वभौमिकताका दृष्टिले यो अत्यन्तै चिन्ताजनक अवस्था हो । औद्योगिक उत्पादनका लागि शून्य औद्योगिकीकरण मुख्य बाधक बनेको छ । सीप, पुँजी र कच्चा पदार्थ सबै आयात गरेर उत्पादन हुने कुनै पनि वस्तुको मूल्य बजारमा प्रतिस्पर्धा गर्न सक्नेभन्दा अधिक हुन्छ । नेपालमै उपलब्ध परम्परागत सीप, मौसमी र भौगोलिक लाभको उपयोगमार्फत उत्पादन गर्न सकिने कृषि, वन आदि पैदावारको आयातांश पछिल्लो समय अझ अत्यधिक बढेको छ । कुल आयातको झन्डै १५ प्रतिशत हिस्सा खाद्यान्न, तरकारी, फलफूल, दुग्ध र मासुजन्य उत्पादन एवं फर्निचरलगायत वस्तुको छ ।

सतहमा यो व्यापार घाटाको आयाम मात्र देखिए पनि यो सम्पूर्णतः आयात निर्भर अर्थतन्त्रले यसको संरचनालाई भित्रभित्रै खोक्रो बनाइदिएको छ । उदाहरणका लागि, सरकार राजस्वको लक्ष्य भेट्टाएको अक्सर गर्वसाथ उल्लेख गर्छ । तर एकातर्फ यो राजस्व मुस्किलले साधारण खर्च धान्न पुग्ने मात्र उठ्ने गरेको छ । थप चिन्ताजनक पक्ष, यो राजस्वको लक्ष्य तब मात्र हासिल हुन्छ, जब आयातीत वस्तुको भन्सार राजस्व बढ्छ । अर्को शब्दमा राजस्वको लक्ष्य भेटिनु भनेको व्यापार घाटा अरू भयावह मात्रामा बढ्नु हो ।

अर्को बाक्लै सुनिने सरकारी दाबी हो- मुलुकको अर्थतन्त्रमा सेवा क्षेत्रको अंश ६० प्रतिशतको हाराहारी पुगेको छ । मानिस परम्परागत कृषि छाडेर आधुनिक अर्थतन्त्र निर्माण गर्दै छन् । यो तर्क पनि सतहबाट हेर्दा ठीकै हो । तर बजार र वितरण सेवा, यातायात, रेमिट्यान्समा आधारित उपभोग सबै नै फेरि उही आयातमा मात्रै आधारित छन् । खासगरी नेपालले आफैं विकसित गर्न सक्ने गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र पर्यटनले अर्थतन्त्रलाई वास्तवमै लाभकारी सेवा क्षेत्रमा पदार्पण गराउन सक्थ्यो । छिमेकी मुलुकका सीमावर्ती क्षेत्रबाट आउने यस्ता सेवाग्राहीको सम्भाव्यता यथार्थमै ठूलो छ । तर नेपालको नै सरकार भएका यी संस्थागत संरचनालाई निकम्मा बनाउन कम्मर कसेर लागेजस्तो देखिन्छ । यस्ता सेवाको आयातमा पनि नेपालको घाटा वार्षिक ११ अर्ब रुपैयाँ नाघिसकेको छ ।

यी भयावह परिदृश्यको चित्रणपछि नेपालको अर्थतन्त्रलाई लिएर दुई अहं प्रश्न हाम्रासामु तेर्सिएका छन् । एक, परिस्थिति यतिविघ्न चिन्ताजनक हुँदा पनि मुलुकको उच्च तहको राजनीतिक नेतृत्व, सरकार र प्रतिपक्ष दुवै किन पूर्णतः वेपर्वाह छन् ? सरकार किन यही परिस्थितिलाई उपलब्धि प्रमाणित गर्न दिलोज्यानले लागेको छ ? प्रतिपक्ष सरकारको ढाकछोप र टालटुललाई उजागर गर्न बिल्कुलै अनिच्छुक छ ? दुई, मुलुकको उच्च कर्मचारीतन्त्र र संघीय संरचनाका सरकारलाई किन यसबारे अब छिट्टै केही सार्थक कदम चालिहाल्ने तदारुकता पटक्कै देखिएको छैन ?

सबै ठूला राजनीतिक दलभित्र यतिखेर गुटहरूबीच चरम विवाद छ । सत्तारुढ नेकपाभित्र सह-अध्यक्षहरू केपी ओली र पुष्पकमल दाहालबीचको शक्ति संघर्ष चरममा छ । प्रतिपक्षी नेपाली कांग्रेसमा सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीचको गाँड कोराकोर उस्तै छ । यी सबै फरक विचार र फरक रणनीतिको दाबीसहित झगडामा उत्रिएका छन् । तर यी फरक विचारमा मुलुकको अस्तित्वलाई यसरी संकटापन्न बनाइसकेको अर्थतन्त्रको पुनरुत्थानका 'फरक' र सिर्जनशील उपायबारे कतै बहस-छलफल भएको छैन । हुने सम्भावना पनि देखिएको छैन । मुलुकको मूलधार बहस यो जटिल मुद्दाबाट कतै पर, जातीय उच्चता वा नीचतामा बरालिएको छ । आर्थिक कूटनीति सञ्चालन गर्नुपर्ने सरकारका वरिष्ठ मन्त्रीहरू जातीयताको पक्ष-विपक्ष बहसमा उत्रिएका छन् । यो

निर्भर अर्थतन्त्र ?

सरकारको प्राथमिकता शून्यता र सिर्जनशीलताको प्रस्ट द्योतक हो ।

राजनीतिक नेतृत्व कर्मचारीबाट समस्या समाधान मूलतः व्यापार घाटा कम गर्न, केही राहतपूर्ण उपाय प्रस्तुत हुने अपेक्षामा छ । तर त्यो न कर्मचारीतन्त्रको मुख्य जिम्मेवारी हो, न त नेपाली कर्मचारीतन्त्रमा त्यो तहको सिर्जनशीलता नै विद्यमान छ । उदाहरणका लागि सरकारले व्यापार नीति (सन् २००९ र २०१५) एवं औद्योगिक नीति (२०१०) लागू गर्‍यो । तर त्यसको कुनै परिणाम आएन । व्यापार घाटा झन् फराकिलो हुँदै गयो । अहिले पनि उद्योग र वाणिज्य मन्त्रालयले प्रधानमन्त्रीकै नेतृत्वमा उच्चस्तरीय कार्यदल बनाएको र निर्यातमा अनुदान आदिका लागि कार्यविधि बनाएको प्रचार गरेको छ। धेरै वर्षदेखि यस्तै घोषणा हुँदै आएका छन्। न प्रधानमन्त्रीले यसको राजनीतिक स्वामित्व लिएको देखिन्छ, न त मन्त्रालयले कार्यदल गठनको कर्मकाण्ड गरेपछि त्यसलाई चलायमान बनाउने नै चासो लिएको छ । निर्यात अनुदानको प्रचारको पनि अर्थ किन छैन भने निर्यात त उत्पादन र विदेशी बजारको पहिचान भएपछि हुने हो । नेपाल अहिले के उत्पादन गर्ने भन्ने नै प्राथमिकीकरण गर्न अक्षम भएको छ । त्यसैले यो प्रचारबाजीको पनि अर्थ छैन ।

चुरो कुरा, नेपालले आफ्नो चुलिँदो व्यापार घाटा कम गर्न केही न केही वस्तु वा सेवा व्यावसायिक परिमाणमा उत्पादन सुरु गर्नु अपरिहार्य छ । त्यस्ता उत्पादनको पहिचान गर्दा तत्कालका लागि आयात प्रतिस्थापनलाई सघाउने र दीर्घकालमा औद्योगिक मात्रामा विस्तार हुन सक्ने सीमित वस्तु वा सेवाको पहिचान हुनु आवश्यक छ। प्रस्टै छ, नेपालले छिमेकी ठूला मुलुकले ठूलै परिमाणमा उत्पादन गर्ने दैनिक उपभोगका वस्तुको उत्पादनमा प्रतिस्पर्धा गर्न सक्दैन। त्यस्तै पुँजीप्रधान उद्योग स्थापनाले पनि नेपालको अदक्ष र अर्धदक्ष जनशक्तिलाई रोजगारी दिन सक्दैन । तसर्थ नेपालको उत्पादन योजना प्रारम्भमा परम्परागत सीप र ज्ञानलाई अधिकतम उपयोग गरेर रोजगारी सिर्जना गर्ने प्रकृतिको हुनुपर्छ। साथै यी परम्परागत उत्पादन मुलुकको औद्योगिकीकरणका लागि भरपर्दो पृष्ठ सम्बन्ध (ब्याकवार्ड लिङ्केज) भएको हुनुपर्छ। औद्योगिकीकरणले ती सानो परिमाणमका उत्पादनलाई बजारमा 'फरवार्ड लिङ्क' उपलब्ध गराउन सक्नुपर्छ ।

नेपाल चुकेको यहीँनेर हो। सरकारले साना, घरेलु वा कुटिर उद्योग वा विपन्न वर्गका नाममा बर्सेनि कैयौँ सुविधा घोषणा गर्छ । विगत ४५ वर्षदेखि यही हुँदै आएको छ । विडम्बना के छ भने यस्तो आर्थिक सहयोग कुन प्रकृतिका साना उद्योगलाई दिने वा नदिने भन्ने प्रस्ट छैन । नेपाली कच्चा पदार्थ, श्रम र बजारसँग 'ब्याकवार्ड लिङ्केज' र 'फरवार्ड लिङ्केज' दुवै नभएका सिलाइ कटाइदेखि रेस्टुराँ सञ्चालनसम्म यस्ता सहुलियतपूर्ण ऋण वा सहायता दिने गरिएको छ। विशेषतः कृषि, जसको यी दुवै लिङ्केज प्रस्ट छ, त्यसका लागि घोषणा हुने प्याकेज लाभग्राहीले पाउनै सकेका छैनन् । सहायताका नाममा घोषणा भएको अधिकतर रकम बैंक तथा वित्तीय संस्थामै थुप्रिएर बसेको छ ।

प्रस्टै छ, तीव्र रूपले बढ्दै गएको व्यापार घाटा र यसले सिर्जना गरेको चौतर्फी परनिर्भरतालाई छिट्टो सम्बोधन गरिएन भने नेपालको राष्ट्रियताका फोस्रा गफको चाँडै पानीफोके नियति हुनेछ। यतिखेर नेपालको अर्थतन्त्रका समस्या राजनीतिक नेतृत्वले वेबास्ता गरेजस्तो ढंगले समाधान हुन असम्भव छ । ने

ट्वीटर : @DrAchyutWagle

तीव्र व्यापार घाटाले सिर्जना गरेको चौतर्फी परनिर्भरतालाई छिट्टै सम्बोधन गरिएन भने नेपालको राष्ट्रियताका फोस्रा गफको चाँडै पानीफोके नियति हुनेछ ।

सारथि कि विरोधी ?

प्रचण्डले असहयोग गरेको ओली पक्षको आरोप

माधव बस्नेत

प्रसंग १ : नेकपा सचिवालय बैठकले जिल्ला इन्चार्ज, सह-इन्चार्जको नाम तय गऱ्यो, ५ साउनमा । त्यसै दिन केन्द्रीय विभागका नेतृत्वको नामसमेत टुंगो लगाउने तयारी थियो । त्यसअघि नै अध्यक्ष तथा प्रधानमन्त्री केपी ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले विभाग बाँडफाँटको टुंगो मोटामोटी तय गरिसकेका थिए ।

पार्टीभित्र शक्तिशाली ठानिएका संगठन, विदेश, स्कुल, नीति तथा अनुसन्धानलगायत १८ विभाग पूर्वएमाले र अर्थ, प्रचार र प्रवक्तासहित १४ विभाग पूर्वमाओवादीले लिने सहमति भइसकेको थियो । यीमध्ये संगठन विभाग प्रमुखमा वामदेव गौतम, विदेश विभागमा माधव नेपाल, नीति तथा अनुसन्धान विभागमा झलनाथ खनालको सहमति बनिसकेको थियो ।

पूर्वएमाले पक्षबाट स्कुल विभागको प्रमुखमा उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको नाम प्रस्ताव आएपछि पूर्वमाओवादी पक्षले पूर्वसहमतिबाट पछि फर्किंदै नारायणकाजी श्रेष्ठलाई स्कुल विभाग प्रमुख बनाउनुपर्ने अड्को थाप्यो । ६ र ७ साउनमा बसेको सचिवालय बैठकमा दुवै पक्ष आफ्नो अडानबाट टसमस भएनन् ।

थप गृहकार्य गरेर ९ साउनमा बैठक बस्ने भनिए पनि उक्त दिन त बस्न सकेन नै, १३ साउनमा पनि विवाद टुंगो लागेन । विवादकै कारण १५ दिनका लागि सचिवालय बैठक स्थगनपछि प्रचण्ड दुबई भ्रमणमा गए भने प्रधानमन्त्री ओली 'फलोअप' उपचारका लागि सिंगापुर पुगे ।

प्रसंग २ : भारतीय गुप्तचर संस्था रअका प्रमुख सामन्तकुमार गोयलले ६ साउनमा खुमलटार निवास पुगेर नेकपा अध्यक्ष प्रचण्डसँग भेटे । त्यसलाई कतिसम्म गोप्य राखियो भने प्रचण्डको स्वकीय सचिवसमेत रहेकी छोरी गंगा दाहालले थाहा नभएको बताइन् । यद्यपि ५ साउन साँझ प्रधानमन्त्री ओलीले पनि गोयलसँग सरकारी निवास बालुवाटारमै सत्कारसहित करिब डेढ घन्टा संवाद गरेको जानकारहरू बताउँछन् ।

आफू नेतृत्वको सरकारलाई बहिर्गमन गर्न गुप्तचर संस्था रअलगायत भारतीय एउटा पक्ष जोडबलका साथ लागिपरेको प्रधानमन्त्री ओली र उनी निकटस्थको बुझाइ छ । बहिर्गमनमा लैजान नसके पनि आफूलाई सफल हुन नदिने योजना उनीहरूले बुनेको विश्वास ओलीमा छ । त्यही बेला रअ प्रमुख गोयल र केही समयअघि नेपालस्थित भारतीय राजदूत मञ्जीवसिंह पुरीलाई प्रचण्डले खुमलटार निवासमै निमन्त्रणा गरेर भेट्दा बालुवाटार झस्किएको थियो ।

रअ प्रमुख भेटेलगत्तै प्रचण्डले स्कुल विभागमा अड्डी लिएको भन्दै ओली पक्ष सशंकित छ । सरकारविरुद्धमा बाहिर नआएका प्रचण्डका भेटघाट शृंखला पूर्वएमालेभित्र खेल्ने र सरकारलाई असहयोग गर्ने रणनीतिअन्तर्गत नै प्रचण्डले उल्लिखित पहिलो उदाहरणमा अड्डी लिएको निकटस्थको मत छ ।

त्यसो त ओली सरकार गठन भएयता करिब १७ महिने अवधि नियाल्दा मात्रै प्रचण्डले सरकार र उसका गतिविधिलाई सार्वजनिक रूपमा कमै मात्र समर्थन गरेका छन् । "प्रचण्डले केपी र म समान हुँ भनेर द्वैध सत्ताको अभ्यास गर्न खोज्नुभएको छ," उपप्रधानमन्त्री ईश्वर पोखरेल निकट केन्द्रीय सदस्य सूर्य थापा हाकाहाकी भन्छन्, "उहाँका सबै गतिविधि सरकारलाई अस्थिर बनाउने, अन्योल

SAURABH GROUP

ISO 9001:2015 Certified Company
ISO 14001:2015 Certified Company

सर्वोत्तम सिमेन्ट
सर्वोत्तम मजबूती

OPC - PPC

FOR TRADE ENQUIRY

सर्वोत्तम सिमेन्ट प्रा. लि., नवलपरासी, नेपाल

Kathmandu: 9851247761 | 9851246582 | 9801224419 **Lalitpur:** 9851246584 **Bhaktapur:** 9851215235 **Pokhara:** 9801224428 | 9801224411
Narayanghat: 9851247760 **Butwal:** 9801224425 **Dhangadi:** 9801224449 **Nepalgunj:** 9801224421

सिर्जना गर्ने देखिन्छ ।"

प्रधानमन्त्री ओली मन्त्रिपरिषद्ले पूर्णता पाएको तीन महिना नबित्दै मन्त्रीहरू फेरबदल हुने प्रचण्डको अभिव्यक्तिले सरकारलाई अस्थिर बनाउन मद्दत पुऱ्याएको बुझाइ छ, बालुवाटारको । २१ भदौ ०७५ मा प्रचण्ड तीन दिने भारत भ्रमणमा जाँदै थिए । उनले भनिदिए, 'प्रधामन्त्रीजीसँग मेरो छलफल भएको छ । मन्त्रीहरू फेरबदल हुँदै छन् ।' उनी भ्रमणमा रहेकै बेला ओलीले भन्नुपऱ्यो, 'मन्त्रीहरू फेरबदल हुँदैनन् ।'

ओली राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका गएको मौकामा प्रचण्डले झम्सिखेल निवासमा माधव नेपाल, वामदेव गौतमसहितको गोप्य बैठक राखे । ओली माघ ०७४ मा स्वीट्जरल्यान्डको डावोसमा हुने कार्यक्रममा सहभागी हुन गएका बेला प्रचण्डले भेनेजुएलाको राजनीतिक संकटमाथि अमेरिकाको कडा विरोधसहितको वक्तव्य निकाले । उक्त वक्तव्यमाथि नेपालस्थित अमेरिकी दूतावासले ठूलै चासो देखायो ।

निर्वाचनमा तत्कालीन एमाले र माओवादी केन्द्रले ६० र ४० प्रतिशतमा भागबन्डा गरेका थिए । प्रधानमन्त्री ओलीकै भाषामा निर्वाचनमा आइपुग्दा जनताले त्यसलाई ७१ र २९ प्रतिशत कायम गरिदिए । सरकार गठन भएको तीन महिनापछि ३ जेठ ०७५ मा दुई पार्टीबीच औपचारिक एकता भयो । त्यसबेला प्रचण्डले ल्याएको ६ बुँदे मस्यौदालाई ओलीले हेर्दै नहेरी सदर गरिदिएको उनी निकटस्थको दाबी छ । "पार्टी एकता ओलीका कारण पछि सरेको यथार्थ होइन," ओलीको सल्लाहकार समूहभित्रका एक सदस्य भन्छन्, "विकल्प सकिँदै गएपछि मात्र प्रचण्ड बल्ल एकतामा आएका हुन् ।"

पूर्वएमाले पक्षधरको बुझाइमा तिनको विश्लेषणमा कहिले माधवकुमार नेपाल र कहिले वामदेव गौतमलाई साथमा लिएर ओलीविरुद्ध खडा गरिराख्ने प्रयत्न गर्दै आएका छन् । काठमाडौं क्षेत्र- ७ बाट गौतमलाई संघीय संसद्मा भित्र्याउन सांसद रामवीर मानन्धरको राजीनामाको मस्यौदा प्रचण्ड निवास खुमलटारमै गरिएको थियो ।

पछिल्लो समय प्रचण्डले ओलीविरुद्ध नेपाललाई धाप दिइरहेका छन् । प्रचण्डको समर्थन नभएको भए गौतम संगठन विभाग प्रमुख बन्न सक्दैनथे । विवादित गुठी विधेयक

> **सरकारलाई कसरी बलियो र प्रभावकारी बनाउने भनेर पार्टीभित्र सघन अन्तर्क्रिया भएको छैन । प्रचण्डले सहयोग गरेनन् भन्ने परेको मात्र हो ।**
>
> **– अग्नि सापकोटा**
> स्थायी समिति सदस्य, नेकपा

होस् वा सञ्चार, यी सबै घटनामा प्रचण्डले सरकारको प्रतिरक्षा गर्नु वा मौन बस्नुको साटो विरोध गरे । सर्वोच्च अदालतले लोकसेवाको विज्ञापनलाई सदर गरिदिएपछि त्यसविरुद्धमा रहेकालाई खुमलटार निवासमै भेटेर आन्दोलन अगाडि बढाउन सुझाए ।

जेठ दोस्रो साता प्रधानमन्त्री ओली भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको दोस्रो कार्यकालको सपथमा भाग लिन दिल्ली उड्दै थिए । तर त्यसको अघिल्लै दिन प्रचण्डले ओलीलाई प्रधानमन्त्री बाँडफाँटको सहमति भन्दै ६ बुँदे 'गोप्य' सम्झौताको विषय उप्काए । यस्ता कदमले बजेटमाथिको छलफलसमेत ओझेल पऱ्यो । प्रधानमन्त्री निकट एक केन्द्रीय सदस्य भन्छन्, "यस वर्षको लोकप्रिय बजेटबाट छटपटिएका प्रचण्डले त्यसलाई ओझेल पार्न ६ बुँदेको प्रसंग सार्वजनिक गरेको हाम्रो निष्कर्ष छ । उनले हरेक पाइलामा सरकारलाई असहयोग मात्रै गरेका छन् ।"

प्रधानमन्त्री र आफ्नू नेतृत्वको सरकार विरुद्ध प्रचण्डले के गरिरहेका छन् भनेर ओलीले अभिलेख नै उतारेको जानकारको भनाइ छ । प्रचण्ड निकटका अनलाइन पोर्टलले सरकारविरुद्ध लेखेको, लेखाइएको विषयसम्मको जानकारी पनि ओलीले लिइरहेका छन् ।

नेकपा केन्द्रीय सदस्य अजम्बर काङमाङ राई भने सरकारको विषय पार्टीमा र पार्टीको विषय सरकारमा खुला ढंगले छलफल हुन पाएको औंल्याउँछन् । प्रचण्ड निकट राई भन्छन्, "मलाई प्रचण्डले योजनाबद्ध रूपमा सरकारलाई असहयोग गरेजस्तो लाग्दैन । किनकि मसँगको भेटमा सरकारलाई पूरै सहयोग गरेरै जानुपर्छ भन्ने गरेका छन् ।"

उनको विश्लेषणमा अस्थिर स्वभावका कारण सरकारमा रहेका नेताहरूले प्रचण्ड सत्ता-सहयात्री हुन सकेनन् भनेका हुन् । नेकपाभित्र यतिबेला पार्टीगत कमिटी प्रणाली वा विधिमा छलफल भएर सरकार सञ्चालन भइरहेको छैन । निर्णय प्रक्रियामा सहभागी नगराएपछि कोही पनि परिणामको जस/अपजसको भारी बोक्न चाहँदैन । यस्तै समस्याले पनि प्रचण्ड सरकार विरोधीजस्ता देखिएका हुन सक्छन् ।

नेकपा स्थायी समिति सदस्य अग्नि सापकोटा पनि प्रचण्डले सरकारलाई असहयोग/घेराबन्दी नगरेको दाबी गर्छन् । "सरकारलाई कसरी बलियो र प्रभावकारी बनाउने भनेर पार्टीभित्र सघन अन्तर्क्रिया भएको छैन," सापकोटा भन्छन्, "त्यसैले प्रचण्डले सहयोग गरेनन् भन्ने परेको मात्र हो ।"

रणनीति जे भए पनि ओली सरकार असफल भए प्रचण्ड पनि त्यसको भागीदार हुन्छन् । खानेपानी, ऊर्जा, कृषि, गृहजस्ता जनतासँग प्रत्यक्ष जोडिएका मन्त्रालय प्रचण्डपक्षीय नेताहरूकै लगाममा छन् । कतिसम्म भने मेलम्ची आयोजना निर्माण सम्पन्न हुने समयमा 'कमिसन' को चक्करमा ठेकेदार कम्पनी खेदेको आरोप मन्त्री बिना मगरमाथि छ । तत्कालीन खानेपानी सचिव गजेन्द्र ठाकुरले सार्वजनिक रूपमै मन्त्री मगरकै कारण ठेकेदार कम्पनी भागेको बताइसकेका छन् ।

"नेकपा पाँच वर्ष स्थिर सरकार दिन्छौं भन्ने नारामा निर्वाचन लडेको हो । पाँच वर्षअघि नै सरकार फेर्दा त्यसको सन्देश राम्रो जाँदैन," विश्लेषक टीका ढकालको कथन छ, "नागरिकले राख्ने अपेक्षा प्रधानमन्त्री ओली र प्रचण्ड दुवैका हकमा लागू हुन्छ ।"

प्रचण्डको शैली नसच्चिए ओलीले सत्ता हस्तान्तरण परे जाओस्, पार्टी अध्यक्ष बनाउने आश्वासन पनि पूरा नगर्ने अवस्था आउने ओली पक्षको चेतावनी छ । केन्द्रीय सदस्य सूर्य थापा सुझाउँछन्, "प्रचण्डले आफ्नै पौरखमा अर्को निर्वाचन लडेर पूरै कार्यकाल प्रधानमन्त्री हुने तयारी गर्दा राम्रो हुन्छ । अहिले किन सरकारलाई अस्थिर बनाइराख्ने ?" ने

हामी देख्छौं
अपार संभावना
किसान मात्र होइन
अब हाम्रो साथमा कृषि उद्यमी
NMB
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

आमने

स्यामने

प्रहरीको मनोबल घट्ने गरी सशस्त्रको क्षेत्राधिकार बढाउने एक दशकदेखिको अनुचित प्रयास उत्कर्षमा

संसद् भवन परिसरमा तैनाथ सुरक्षाकर्मी

मनबहादुर बस्नेत

'सशस्त्र प्रहरी बलको सञ्चालन उसको अर्धसैनिक प्रकृतिलाई ध्यानमा राखी गर्नुपर्नेमा कुनै विवाद छैन । अर्थात्, यसको सञ्चालन नेपाल प्रहरीको जस्तै हुन सक्दैन । यो नेपाल प्रहरीको विकल्प संगठन पनि होइन । यो नेपाल प्रहरीको प्रतिस्पर्धी समान स्तरको वा समान किसिमको काम गर्ने संगठन पनि होइन ।'

०६५ मा गठित सुरक्षा निकाय आधुनिकीकरण उच्चस्तरीय कार्यदलको प्रतिवेदनको अंश हो, यो । कार्यदलले दुई सुरक्षा निकाय परिपूरक होइनन् भनेको ७ वर्षपछि नै नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई सरकारले एउटै जिम्मेवारी सुम्पने कानुन बनाइदियो । कार्यदल बन्दा गृहमन्त्री थिए, वामदेव गौतम । दुःखद संयोग, पुनः गृहमन्त्रीमा पदस्थापित भएका गौतमले नै ०७२ मा दुई सुरक्षा निकायलाई एउटै भूमिकाको प्रतिस्पर्धी शक्ति बनाइदिए, सशस्त्र प्रहरी बल नियमावलीमा सशस्त्रलाई पक्राउ पुर्जी जारी गर्ने अधिकार दिएर ।

नियमावलीमा पक्राउ पुर्जीको अधिकार पाएको चार वर्षपछि सशस्त्रलाई सरकारले नेपाल प्रहरीको कोर जिम्मेवारीमा पर्ने अपराध अनुसन्धानको

कामसमेत हस्तान्तरण गर्ने कानुन मस्यौदा गरेको छ । सशस्त्र प्रहरी बल नेपालको गठन सेवा सर्तसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा यस्तो प्रावधान छ ।

मस्यौदाको दफा १३ को सशस्त्रको काम, कर्तव्य र अधिकारअन्तर्गत सशस्त्रलाई अपराध अनुसन्धान, नियन्त्रण, खानतलासी गर्ने अधिकार दिइएको छ । मुचुल्का, कानुनी कागजात तयार गर्दा र पक्राउको सूचना दिँदा प्रचलित कानुनमा तोकिएबमोजिम कार्यविधि र अधिकार प्रयोग गर्न सशस्त्रलाई दिइएको छ । यसले सशस्त्रलाई जनपद प्रहरीको मूल भूमिकामा छिराएको प्रस्टै देखाउँछ ।

गृह मन्त्रालयले तयार पारेको मस्यौदाले सशस्त्र प्रहरीलाई अपराध अनुसन्धान र नियन्त्रणको भूमिकामा छिराएर एकातिर दुई संगठनबीच शत्रुता पैदा गरिदिएको छ भने अर्कोतिर यसलाई आफ्नो मौलिक चरित्र र जिम्मेवारीबाट क्रमशः टाढा पुर्‍याइँदै छ। सशस्त्र प्रहरीलाई अर्धसैन्य स्वरूपमा राखिराख्न सरकार चाहँदैन भन्ने यसबाटै देखिन्छ । यसै पनि सशस्त्र प्रहरी मौलिक स्वरूपबाट दिनदिनै बाटो बिराउँदै गएको छ । संघीय शासन प्रणालीमा केन्द्रीय फौजको हैसियतमा बस्नुपर्ने सशस्त्रलाई सिभिल फौजसरह सञ्चालन गरिँदै आएको छ ।

दशक लामो द्वन्द्व

माओवादी हिंसात्मक युद्ध सामना गर्न ०५८ मा गठित सशस्त्र प्रहरी ०६३ को राजनीतिक परिवर्तनपछि ब्यारेक फर्कियो । हिंसा बिसाएर मूलधारको राजनीतिमा छिरे पनि माओवादीले लडाकू दस्ता योङ कम्युनिस्ट लिग (वाईसीएल) मार्फत उच्छृंखल गतिविधि तीव्र बनायो । संविधानसभाको चुनावपछि समेत कानुन हातमा लिने गरी वाईसीएल गतिविधि रोकिएनन् । यही बेला तराईमा भूमिगत सशस्त्र समूह जन्मिए । प्रहरी एक्लैले शान्ति-सुरक्षा सम्हाल्न नसकेपछि सरकारले सशस्त्र प्रहरी बल सञ्चालन नीति, ०६६ ल्याएर सशस्त्र प्रहरीलाई ब्यारेकबाहिर निकाल्ने निर्णय गर्‍यो ।

यही नीतिमार्फत सशस्त्र प्रहरी परिचालन गर्ने अधिकार क्षेत्रीय र स्थानीय प्रशासनमा पुग्यो । ११ साउन ०६६ देखि अर्धसैनिक फौज परिचालन गर्ने अधिकार तत्कालीन क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई प्रत्यायोजन त गर्‍यो । तर त्यो अधिकार सामान्य अवस्थामा पनि कायमै छ । जबकि भूमिगत सशस्त्र समूहको जगजगी अन्त्य भएको ६ वर्ष नाघिसक्यो भने माओवादी लडाकू नेपाली सेनामा समायोजनपछि वाईसीएलको उपद्रोसमेत अन्त्य भइसक्यो ।

स्थिति सामान्य भएपछि यो फौज ब्यारेक फिर्ता हुनुपर्ने हो । तर विशेष परिस्थितिमा परिचालित सशस्त्र प्रहरी एक दशकदेखि ब्यारेकबाहिरै विचरण गरिरहेछ । गृहले उक्त नीतिमार्फत एक वर्षका लागि सशस्त्र फौज परिचालन गर्ने भनेको थियो । तर त्यो बर्सेनि नवीकरण भएर अहिलेसम्म जिल्ला प्रशासन कार्यालयले नै सशस्त्र प्रहरीलाई चलाउँदै आएको छ । "सधैं प्रमुख जिल्ला अधिकारीको निर्णयले चल्ने प्रकृतिको फौज नै होइन यो," सशस्त्र प्रहरीका प्रवक्ता एवं नायब महानिरीक्षक (डीआईजी) सुरज श्रेष्ठ भन्छन्, "यो एकदमै गलत अभ्यास भइरहेको छ। अर्धसैनिक फौज स्थानीय, प्रदेश स्तरको निर्देशनमा होइन,

क्षेत्राधिकार मिच्ने मस्यौदामा के छ ?

राष्ट्रिय सुरक्षाको उद्देश्य प्राप्तिका लागि राष्ट्रिय सुरक्षामा असर पुऱ्याउने, आतंककारी गतिविधि, जघन्य प्रकृतिका गम्भीर अपराध, सीमा सुरक्षा तथा विशिष्ट व्यक्तिलगायत महत्त्वपूर्ण संरचनामा खतरा पुऱ्याउन सक्ने गतिविधिलाई नियन्त्रण गर्न सशस्त्र प्रहरी कर्मचारीले खबर संकलन गर्न सक्नेछ । खबर संकलन कार्यलाई प्रभावकारी बनाउन आवश्यकताअनुसार सादा पोसाकमा समेत सशस्त्र प्रहरी कर्मचारी खटाउन सक्नेछ ।

सशस्त्र प्रहरी अधिकृतले आफू खटिएको क्षेत्रको कुनै घर, ठाउँ वा सवारी साधनमा प्रचलित कानुनबमोजिम निषेधित वस्तु वा अपराधमा संलग्न व्यक्ति रहे, बसेको छ भनी शंका गर्नुपर्ने पर्याप्त र मनासिव आधार भएमा प्रचलित कानुनबमोजिम त्यस्तो घर, ठाउँ वा सवारी साधनको खानतलासी गर्न सक्नेछ । खानतलासी गर्दा शंकास्पद व्यक्ति तथा चीजवस्तु फेला परेमा र तत्काल अनुसन्धान गर्ने सम्बन्धित निकायको कर्मचारी उपलब्ध नभएको अवस्थामा त्यस्तो चीजवस्तु बरामद गरी आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिई पक्राउको सूचना दिएर अभिलेख राखी भर्पाइ गराई थप अनुसन्धान प्रक्रियाका लागि यथाशक्य चाँडो अन्य प्रहरी वा मुद्दा हेर्ने सम्बन्धित निकायमा सुम्पन सक्नेछ ।

ड्युटीमा खटिएको सशस्त्र प्रहरी कर्मचारीले शंकास्पद घर, ठाउँ वा सवारी साधनको खानतलासी र बरामद तथा पक्राउलगायतको कार्य गरी मुचुल्कालगायतका कानुनी कागजात तयार गर्दा र पक्राउको सूचना दिँदा प्रचलित कानुनमा तोकिएबमोजिमको कार्यविधि र अधिकार प्रयोग गर्नेछ ।

केन्द्रको आदेशमा चल्नुपर्छ । गृह मन्त्रालयले सोच्नुपर्ने हो ।"

गृह मन्त्रालयको सोच ०७२ मै छर्लंग भयो, जतिबेला सशस्त्र प्रहरीको नियमावलीमै स्थानीय प्रशासन ऐनमा बल प्रयोग सशस्त्रले गर्ने व्यवस्था भयो । नियमावलीको परिच्छेद ८ मा लेखिएको छ, 'सशस्त्र प्रहरी कर्मचारीलाई दिएको जिम्मेवारी पूरा गर्न नदिने गरी कसैले जोरजुलुम गर्ने, हातहतियार उठाई वा नउठाई हमला गर्ने अथवा कर्तव्य पालना गर्न असमर्थ बनाउने कार्य गरेमा वा त्यस्तो कार्य गर्ने प्रयत्न गरेमा खटिएको सशस्त्र प्रहरी कर्मचारीले आफ्नो जीउ वा आफूले सुरक्षा दिनुपर्ने व्यक्ति वा संस्थाको सुरक्षा गर्न, बचाउ गर्न अथवा पक्राउ गर्न तत्काल अन्तिम बल प्रयोग नगरी तोकिएको कर्तव्य पालना गर्न नसकिने अवस्था भएमा अन्तिम बल प्रयोग गर्न सक्नेछ ।'

स्थानीय प्रशासन ऐनले बल प्रयोगसम्बन्धी गरेको वर्गीकरणमा सुरक्षा संगठनले प्रयोग गर्ने अन्तिम बल भन्नाले गोली चलाउने अधिकार हो। यो अधिकार प्रयोगका लागि सीडीओको आदेश चाहिन्छ । एकातिर यस्तो व्यवस्थाले सशस्त्र प्रहरी परिचालन गर्ने सीडीओको भूमिकालाई थप बलियो पारिदिएको छ भने अर्कोतिर जनपद प्रहरीसँग बेमेलको बीउको कामसमेत गरिरहेको छ । सीडीओले प्रहरीलाई भन्दा शक्तिशाली हतियारधारी फौज सशस्त्रको बढी भर पर्दा द्वन्द्व त निम्तिने नै भयो ।

जनपद र सेना : ओगट्ने दाउ

माओवादी द्वन्द्व समाप्तिपछि सशस्त्र प्रहरीको औचित्यमाथि समेत छिटफुट कुरा नउठेको होइन । तर आन्तरिक द्वन्द्वबाहेक समेत सशस्त्रका काम थुप्रै छन् । सशस्त्र प्रहरी ऐन, ०५८ अनुसार यो अर्धसैनिक बलले सम्पादन गर्नुपर्ने एक दर्जन कार्यभार छन् । सशस्त्र संघर्ष, पृथकतावादी, आतंककारी गतिविधि, दंगा नियन्त्रण, सीमा सुरक्षा, विशिष्ट व्यक्तिको अंगरक्षक, दैवीप्रकोप वा महामारीपीडितको उद्धार, सार्वजनिक महत्त्वका भवन, संरचना र अन्य स्थलको सुरक्षामा सशस्त्र प्रहरी खटाइने प्रस्ट लेखिएको छ । त्यसबाहेक ११ असोज ०६९ को मन्त्रिपरिषद् निर्णयले राजस्व, भन्सार तथा औद्योगिक सुरक्षाको जिम्मासमेत सशस्त्रको काँधमा राखिदियो ।

तर गृह मन्त्रालयले भने नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई दोहोरो जिम्मेवारीमै खटाइरहेको छ । यसले कार्यादेशमा नीतिगत रूपमै अन्योल पैदा गरिदिएको छ । जस्तो, कारागार, कूटनीतिक नियोग, विमानस्थलमा जनपद र सशस्त्र दुवै सुरक्षा संगठनको पहरा छ भने महत्त्वपूर्ण भवन, संस्था, वन, निकुञ्ज क्षेत्रमा नेपाली सेनाको सुरक्षा छ । आफन्तसँग भेटघाट, अदालती प्रक्रियाजस्ता प्रशासनिक



नेपाल सरकार
गृह मन्त्रालय
(........ शाखा)

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. ८८०

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति : २०६६।४।१७

विषय :- सशस्त्र प्रहरी बल सञ्चालन सम्बन्धमा

श्री क्षेत्रीय प्रशासन कार्यालय
सबै ।

श्री जिल्ला प्रशासन कार्यालय
सबै ।

मुलुकको शान्ति सुरक्षालाई सुदृढ गर्न स्वीकृत भएको सशस्त्र प्रहरी बल सञ्चालन नीति, २०६६ यसै साथ संलग्न छ । उक्त नीति कार्यान्वयन गर्ने प्रयोजनका लागि आगामी २०६७ साल आषाढ मसान्त सम्म सशस्त्र प्रहरी बललाई परिचालन गर्ने क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई अधिकार प्रत्यायोजन गर्ने मिति २०६६।४।११ मा निर्णय भएको व्यहोरा अनुरोध छ ।

शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थ:
श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय,
हलचोक ।

बोधार्थ:
श्री प्रहरी प्रधान कार्यालय,
नक्साल ।

सशस्त्र प्रहरी बल प्रधान कार्यालय
सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालय
हलचोक, काठमाडौं
दर्ता नं. ....
मिति : ....

सीडीओलाई सशस्त्र प्रहरी परिचालन गर्न अधिकार प्रत्यायोजन गरिएको पत्र, ०६६

कामबाहेक कारागारको बाह्य घेरामा सशस्त्र प्रहरीलाई खटाउने सरकारी योजना हो ।

तर ७४ वटा जिल्लामा कारागार भए पनि सशस्त्रले १० वटामा मात्रै यस्तो सुरक्षाको जिम्मा पाएको छ । बाँकी ६४ कारागार नेपाल प्रहरीकै रेखदेखमा छन् । नेपाल प्रहरीका अनुसार कारागारमा उसका २ हजार जनशक्ति तैनाथ छन् । नेपालस्थित अमेरिकी, बेलायती र युरोपियन युनियनका कार्यालयमा सशस्त्र प्रहरीको सुरक्षा छ भने बाँकी नियोगमा नेपाल प्रहरी । यी विदेशी नियोगमा सशस्त्र परिचालन नेपाल सरकारको निर्णयले भएको होइन । ती नियोगले अर्धसैनिक फौजको सुरक्षा आवश्यक रहेको भन्दै सरकारसँग मागेपछि उपलब्ध गराएको हो ।

देशभरका एउटा विमानस्थलमा मात्रै सशस्त्रको सुरक्षा छ । संखुवासभाको तुम्लिङटार विमानस्थलमा १२ देखि १५ जनाको हवाई सुरक्षा बेस छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भने सादा पोसाकमा सशस्त्रका कर्मचारी खटिएका हुन्छन् । वन निकुञ्जको सुरक्षासमेत सशस्त्रलाई दिन सकिन्छ । सशस्त्रलाई सीमा सुरक्षाको कार्यादेश भए पनि नेपाल प्रहरीको समेत ६४ सीमा सुरक्षा चौकी छन् ।

यसले के देखाउँछ भने पहिलेदेखि



> कार्यादेश स्पष्ट लेख्दालेख्दै दुई संगठनलाई जथाभावी परिचालन गर्दा फौजको शक्ति क्षय हुन्छ ।
>
> **– वामनप्रसाद न्यौपाने**
> पूर्वगृहसचिव

सुरक्षाको जिम्मेवारी लिएका ठाउँमा जनपद प्रहरी र सेनाले पूर्ण रूपमा छाड्न चाहँदैनन् । सरकारले समेत कार्यान्वयनमा उदासीनता देखाएको छ । विशिष्ट व्यक्तिको सुरक्षाका लागि त सेना, सशस्त्र प्रहरी र जनपद प्रहरी तीन वटै सुरक्षा अंगका अलगअलग जनशक्ति खटिन्छन् । सशस्त्रका पाँच सय र जनपदका ६ सय जनशक्ति अंगरक्षक खटिएका छन् । उत्तिकै संख्यामा सैनिक जवानलाई अंगरक्षक बनाइएको छ ।

भारतमा सेना, अर्धसैनिक र प्रहरीबाट राम्रा अधिकृत लिएर स्पेसल टास्क फोर्स बनाइएको हुन्छ । शारीरिक र उमेरका हिसाबले योग्य रहन्जेल उक्त फोर्समा काम गर्ने र त्यहाँ उपयोगिता सकिएपछि दरबन्दीमा फर्किएर काम गर्छन् । नेपालमा समेत यो मोडालिटी कामलाग्दो हुन सक्छ । "एउटै काम तीन-तीन वटा सुरक्षा निकायले किन गर्ने ?" नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल भन्छन्, "यस्तो काम स्पेसल टिम बनाएर दिनु राम्रो हुन्छ ।"

विशिष्ट व्यक्ति हिँड्ने बाटो 'क्लियर' गर्नका लागि प्रहरीको एक जना भए पुग्ने उनको विश्लेषण छ। सञ्चार सेटबाट सूचना प्रवाह गर्न सहज हुने भएकाले नेपाल प्रहरीको एक जना चाहिने मल्ल बताउँछन्। यसबाहेक सुराकका निम्तिसमेत प्रहरीले विशिष्ट व्यक्तिका लागि अंगरक्षक खटाउने गर्छ ।

एकातिर सशस्त्रले ऐनमा निर्धारित कार्यादेशको पूर्ण जिम्मेवारीसमेत पाइरहेको छैन भने अर्कोतिर प्रहरीका केही अधिकारमा लोभ देखिन्छ। त्यसको उदाहरण हो, अपराध अनुसन्धान। संसद्‌को राज्य व्यवस्था समितिमा समेत सशस्त्र र जनपदको कार्यक्षेत्रबारे कुरा उठेको छ। नेपाल प्रहरीका पूर्वडीआईजीसमेत रहेका सत्तारुढ नेकपाका सांसद नवराज सिलवाल भन्छन्, "अपराध अनुसन्धान र शान्ति-सुरक्षाको काम जनपदलाई दिएर अन्य सुरक्षा सशस्त्रलाई दिनुपर्छ। सर्वसाधारणसँग सोझो सम्पर्क हुने ठाउँबाहेकका स्थानमा सशस्त्रलाई खटाउनुपर्छ। अनि मात्रै अर्धसैनिक फौजलाई दक्ष हालतमा राख्न सकिन्छ । प्रहरीजस्तो परिचालन गर्नु हुँदैन ।"

तर सरकार उल्टो पथमा छ । जनपद प्रहरीकै शैलीमा सशस्त्र प्रहरीको संरचना फैलाइरहेको छ, ७७ वटै जिल्लागत कार्यालय खोलेर । यसले एकत्रित भएर ब्यारेकमा बस्नुपर्ने शक्ति सानो-सानो संख्यामा छरपस्ट बनिरहेको छ । "कसलाई के जिम्मेवारी दिने र कस्तो शक्ति बनाउने भन्नेमा सरकार नै अलमलमा छ," सशस्त्र प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक (एआईजी) रविराज थापा भन्छन्, "सरकार दुवै प्रहरी संगठनलाई प्रोफेसनल बनाउन चाहँदैन किनकि त्यस्तो फौजले नेता

कैलालीको टीकापुर घटनापछि तैनाथ सुरक्षाकर्मी, ०७२

सुरक्षा असमन्वयका सिकार : टीकापुर घटनामा मारिएका एसएसपी लक्ष्मण न्यौपाने

र कर्मचारीको अनुचित कुरा मान्दैन। नेता र कर्मचारीको पछिपछि दौडने फौज चाहिएको छ, उनीहरूलाई।"

स्वार्थका अंग

१८ असार ०७२ मा गृहमन्त्री वामदेव गौतम सार्वजनिक कार्यक्रममै नेपाल प्रहरीविरुद्ध खनिए, त्यो पनि प्रहरीकै कार्यक्रममा। रानीबारी हत्याकाण्डको सफल अनुसन्धान गर्ने प्रहरी अधिकृतलाई पुरस्कृत गर्न आयोजित कार्यक्रममा गौतमले आफू मातहतकै निकायविरुद्ध बोलेका थिए, 'गृहमन्त्रीलाई आलोचना गर्दै हिँड्ने पुरस्कृत भएका छन्। प्रहरी महानिरीक्षकलाई आलोचना गर्दा कारबाहीमा पर्ने तर गृहमन्त्रीको चाहिँ खुलेआम आलोचना गर्दै हिँड्नेमाथि कुनै कारबाही नहुने ?'

यही बेला गृहअन्तर्गतकै अर्को सुरक्षा अंग सशस्त्र प्रहरीलाई गौतमले जनपद प्रहरीको अधिकारसमेत बाँडिदिएका थिए, पक्राउ पुर्जी जारी गर्न पाउने नियमावली ल्याएर। प्रहरीले आफूलाई नटेरेको, सलाम नगरेको विषयमा रुष्ट बनेका गृहमन्त्री गौतमले रिसइबी साँध्न उसको कार्यक्षेत्र खुम्चिने गरी अधिकार सशस्त्रलाई दिलाए। सचिव सूर्यप्रसाद सिलवाल, सहसचिवद्वय लक्ष्मीप्रसाद ढकाल र धनराज ज्ञवालीको टिमले उक्त विवादास्पद नियमावली तयार पारेको थियो। १४ असार ०७२ मा नियमावली मन्त्रिपरिषद्द्वारा पारित भएको थियो, जसले क्षेत्राधिकारको द्वन्द्वलाई थप मलजल गर्न पुग्यो।

यसरी क्षेत्राधिकारकै विषयमा सशस्त्र प्रहरी र जनपद प्रहरीबीच फिल्डमा बारम्बार द्वन्द्व सिर्जना हुने गरेका छन्। दुई सुरक्षा अंगबीच हात हालाहालको स्थितिसमेत देखिएको छ। भन्सार र सीमा क्षेत्रमा यी दुई सुरक्षा अंगबीच बारम्बार विवाद हुने गरेको छ। ०७२ जेठमा झापाको काँकडभिट्टामा नेपाल प्रहरीका हवल्दार गगन चौधरी सशस्त्रका निरीक्षक दीपकुमार श्रेष्ठबाट कुटिएका थिए। सशस्त्रले जाँच गरेर छाडेका मालवाहक गाडीलाई पुनः जनपदले जाँच्दा यो घटना भएको थियो।

०७१ साउनमा वीरगन्जमा जनपद प्रहरीले भन्सार कार्यालय र सशस्त्रको राजस्व गस्तीलाई छलेर आएको ट्रक नियन्त्रणमा लिँदा सशस्त्रको हूल आएर ट्रक खोसेको थियो। सशस्त्रले दुई जना जनपद प्रहरीलाई कुटेको आरोप पनि लागेको थियो। ०७२ भदौमै कैलालीको टीकापुरमा भड्किएको हिंसामा सशस्त्र प्रहरीले नेपाल प्रहरीलाई सहयोग नगर्दा जनपदका एसएसपी लक्ष्मण न्यौपानेसहित ८ प्रहरी मारिएको जानकार बताउँछन्। घटनाबारे छानबिन गर्न गठित समितिले समेत सशस्त्र प्रहरीले असहयोग गरेको

द्वन्द्वदेखि द्वन्द्वसम्म

०५८
सशस्त्र प्रहरी बल स्थापना

युद्धमा सामेल

गणतन्त्र स्थापना

०६३/६४
सशस्त्र प्रहरी ब्यारेक फिर्ता

सशस्त्र प्रहरी बल सञ्चालन नीति जारी

०६६
क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीलाई सशस्त्र प्रहरी परिचालनको अधिकार। अहिलेसम्म उक्त अधिकार कायमै। पर्व, मेलामा समेत सीडीओद्वारा सशस्त्र प्रहरी परिचालन।

सशस्त्र प्रहरीलाई पक्राउ पुर्जी जारी गर्ने अधिकार

०७२
आफ्नो अधिकार खोसिएको भन्दै नेपाल प्रहरीद्वारा विरोध। सुटुक्क नियमावली ल्याएपछि सशस्त्र प्रहरी र नेपाल प्रहरीको दुई महानिरीक्षक क्रमशः उपेन्द्रकान्त अर्याल र कोषराज वन्तबीच बोलचालै बन्द। हालसम्म सशस्त्रले उक्त अधिकार अभ्यासमा नल्याएर समझदारी देखाएको।

टीकापुर घटना

०७२
दुई सुरक्षा संगठनबीच वैमनस्य रहेकै बेला कैलालीको टीकापुरमा थरूहट आन्दोलनका क्रममा प्रहरी र आन्दोलनकारीबीच हिंसात्मक झडप। जनपद प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित ८ सुरक्षाकर्मीको मृत्यु। सशस्त्रको असहयोग।

पुनः द्वन्द्व

०७५/७६
सशस्त्र प्रहरीलाई अपराध अनुसन्धानको जिम्मेवारी सुम्पने ऐन गृहद्वारा मस्यौदा

संघीय संसदमा

०७६
राज्य व्यवस्था समितिमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको कार्यक्षेत्र प्रस्टाउन छलफल आरम्भ।

उल्टो वरीयताले उल्झन

०६६ मा सशस्त्र प्रहरीका एसएसपी कमल बस्नेत र नेपाल प्रहरीका सात जना एसएसपी अफ्रिकी मुलुक हाइटीको संयुक्त राष्ट्रसंघीय मिसनअन्तर्गत एकै थलोमा पर्यवेक्षक खटिए । एकै दर्जामा भएका उनीहरूबीच कसले कमान्ड गर्ने भन्ने विवाद गृह मन्त्रालयसम्म पुग्यो । त्यसपछि जसको पहिले उक्त पदमा बढुवा भएको हो, उसैले कमान्ड गर्ने निर्णय गरिदियो, गृहले ।

त्यसै घटनालाई आधार मान्दै अहिलेसम्म सशस्त्र प्रहरी र नेपाल प्रहरी संयुक्त परिचालन हुँदा फिल्डमा कमान्ड गर्दै आएका छन् । नेपाल प्रहरीको ब्याकअप फोर्सका रूपमा सशस्त्र प्रहरी दंगा नियन्त्रणमा खटिन्छ । जनपद प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन नसकेपछि सशस्त्र अघि सर्ने हो । तर यस्तो बेला कमान्डमा भने अक्सर समस्या बल्झिने गर्छ । खासगरी दुवै संगठनका उही दर्जाका अधिकृत खटिएका बेला । पूर्वगृहसचिव गोविन्द कुसुम पुरानो संगठन भएकाले जनपद प्रहरीलाई वरीयतामा स्थापनाकालदेखि नै अगाडि राखिएको बताउँछन् ।

तर संसारभर 'फायर पावर' को आधारमा वरीयता निर्धारण गरिन्छ । जनपद श्रीनटश्री राइफल, रिभल्वर, पेस्तोल चलाउन अनुभवी हुन्छ भने सशस्त्र प्रहरी यीसहित स्वचालित हतियार चलाउँछ । पूर्वएआईजी रविराज थापाका अनुसार लडाइँका बेला बढी शक्तिशाली हतियारधारीले कमान्ड गर्ने सिद्धान्तअनुसार सुरक्षा संगठनको कमान्ड कन्ट्रोलको वरीयता बनाइएको हुन्छ । "जुन फौजले जमिन होल्ड गर्छ, उसलाई वरीयतामा माथि राखिन्छ । साथै शक्तिशाली हतियार भएको फौजलाई लड्ने, हतियार चलाउने तरिका थाहा भएपछि ऊ नै कमान्डमा हुने हो । यस हिसाबले संयुक्त परिचालन हुँदा सशस्त्रको कमान्ड हुनुपर्ने हो," थापा भन्छन्, "वरीयता सलाम खान बनाउने होइन । हामीले सलामका लागि बनाएका छौं । यसले समस्या ल्याउन सक्छ ।"

सामान्य अवस्थामा वरीयताले सलामबाहेक उति ठूलो समस्या ननिम्तिए पनि यी दुई फौजलाई एकसाथ परिचालन गर्दा भने संकटको जोखिम देखिन्छ ।

प्रतिवेदन तयार गरेको थियो, जुन सरकारले आजसम्म गोप्य राखेको छ । तत्कालीन गृहमन्त्री गौतमले दक्षिणबाट लाठीभाला लिएर आएकाहरूको घटनामा संलग्नता भएको संसद्मा अभिव्यक्ति दिएका थिए । यद्यपि यो आरोपको पुष्टि भएन । बरु गौतमले दुई सुरक्षा संगठनबीच वैमनस्य सिर्जना गर्दा सुरक्षा समन्वयमै अक्षम्य त्रुटि देखिएको थियो । गृह नेतृत्वले दुई प्रहरी संगठनलाई काखा र पाखाको व्यवहार गर्दा प्रहरी अधिकृतको ज्यान गए पनि गौतमले नैतिक जिम्मेवारीसमेत लिएनन् ।

कार्यक्षेत्रमा खटिँदा सतहमा देखिने गरी द्वन्द्व सिर्जना भइरहेकै पृष्ठभूमिमा सरकारले नीतिगत निर्णय गरेर अर्को असमझदारी निम्त्याउन खोजेको छ । राजनीतिक व्यक्तिले दुवै सुरक्षा संगठनलाई कमजोर बनाएर आफूअनुकूल परिचालन गर्न सकिने हेतुले यस्तो विवादास्पद नीति अँगालेको सशस्त्रका पूर्वएआईजी थापा बताउँछन् । अर्कोतिर सशस्त्र प्रहरीले समेत अपराध अनुसन्धानको जिम्मेवारी पाएमा आफ्नो पहुँच विस्तार हुने ठानिरहेको छ । मुद्दामामिला लिने भएपछि आफ्नो शक्ति बढ्ने उसको मनसाय देखिन्छ ।

प्राविधिक पृष्ठभूमिका तत्कालीन सशस्त्र प्रहरी बल प्रमुख कोषराज वन्तको महत्वाकांक्षासमेत जनपद प्रहरीजत्तिकै शक्ति आर्जन गर्नेमा थियो । यो जिम्मेवारी पाउनासाथ सशस्त्र प्रहरीको सर्वसाधारणसँग प्रत्यक्ष सम्पर्क स्थापित हुन्छ । तर ब्यारेक प्रणालीमा बस्ने अर्धसैनिक बल सर्वसाधारणसँग सोझो सम्बन्ध बन्नु घातक हुन सक्छ । सशस्त्र स्वचालित हतियारधारी फौजी संगठन हो । "घातक हतियारधारी संगठनले मुद्दामामिला छिन्ने महत्त्वाकांक्षा राख्दा सर्वसाधारणमा ठूलो भय पैदा हुन्छ," सांसद सिलवाल भन्छन् ।

सम्भवत: दुवै सुरक्षा संगठनलाई आफ्नो स्वार्थको वैकल्पिक खेलाडीका रूपमा खडा गर्न सरकारले पुन: ऐनमै सशस्त्र प्रहरीलाई अपराध अनुसन्धानको जिम्मेवारी सुम्पिन लागेको हुन सक्छ । तर सबैभन्दा कान्छो सुरक्षा संगठन सशस्त्र प्रहरी एकपछि अर्को गर्दै मूल चरित्रबाट विमुख बन्दै गइरहेको छ । दंगा भड्किँदा जनपद प्रहरीको ब्याकअप र युद्धमा सेनाको मातहतमा चल्ने यो फौज हमेसा लडाकू मनस्थितिमा हुनुपर्ने दस्ता हो । तर यो मूल दायित्वबाट पन्छाउँदै लैजाने सरकारको रवैयाले अर्धसैनिक बललाई बलहीन बनाउँदै लगेको छ । आफ्नो कार्यक्षेत्र बचाउन नसक्दा नेपाल प्रहरी समेत हरुवा मनस्थितिमा धकेलिने निश्चित छ । "कार्यादेश स्पष्ट लेख्दालेख्दै दुई संगठनलाई जथाभावी परिचालन गर्दा फौजको शक्ति क्षय हुन्छ," गृह र रक्षा मन्त्रालय सम्हालेका सेवानिवृत्त सचिव वामनप्रसाद न्यौपाने भन्छन्, "हामीले बोधो संगठन खोजेको हो वा तिखो ?"

हो पनि, हाम्रो एक मात्र अर्धसैनिक बल अर्धचेत हालतबाट गुज्रिरहेको छ । मूल चरित्रमा सबल बनाउने सरकारी चेत पलाउला ? ■

"सीडीओको निर्णयले चल्ने फौज नै होइन । यो एकदमै गलत अभ्यास भइरहेको छ । गृह मन्त्रालयले सोच्नुपर्ने हो ।

– सुरज श्रेष्ठ
प्रवक्ता, सशस्त्र प्रहरी

"सरकारलाई प्रोफेसनल होइन, नेता र कर्मचारीका पछिपछि दौडने फौज चाहिएको छ ।

– रविराज थापा
पूर्वएआईजी, सशस्त्र प्रहरी

आवरण स्केच : रविन्द्र मानन्धर

मजबुत युगको आरम्भ
विशाल सिमेन्ट
अल-क्लाइमेट सिमेन्ट
सुपर स्ट्रोङ्ग - लाईफ लङ्ग
विशाल सिमेन्ट
नविनतम प्रविधि
क्लोज सर्किट मिलद्वारा उत्पादित
विशाल सिमेन्ट
अर्डिनरी पोर्टल्याण्ड सिमेन्ट
(ओ पि सि)
विशाल सिमेन्ट इन्डस्ट्रिज प्रा. लि.
नेपालमा बनेको
विशाल शक्ति सिमेन्ट
पोर्टल्याण्ड पोजोलाना सिमेन्ट
(पि पि सि)
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने. गुण: ३८५
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने. गुण: ४९
AN ISO 9001 : 2015
CERTIFIED COMPANY
JAS-ANZ
ICS
Reg. No.: RQ977/8170
विशाल सिमेन्ट इन्डष्ट्रिज प्रा. लि.
प्रधान कार्यालय: पशुपती भिजन, पिङ्गलास्थान, गौशाला, काठमाडौ ।
फोन : ४११३६६९, ४११३६७०, पोष्ट बक्स नं. ८१५
फ्याक्ट्री : सियारी-२, रूपन्देही, लुम्बिनी, नेपाल ।

बदलिँदो दाम्पत्य

[टिप्पणी]

कैलाश राई

सामाजिक संस्थाको रूपमा विवाह र परिवारको संरचना लैंगिक रूपमा विभेदित संस्कृति र परम्पराको जगमा खडा भएको हो। विवाह र प्रजननका माध्यमबाट महिला र परिवारको सम्बन्ध परिभाषित छ।

विवाहसँग पुरुष र उसको परिवारको सुविधा-असुविधा गाँसिएका छन्। प्रजनन र मातृत्व, बालबच्चा एवं घरपरिवारका सदस्यको स्याहारसुसार, आफन्तजन तथा अतिथिको सत्कारसम्म जोडिएका छन्। पुरुष र उसको सुविधा-असुविधाका आधारमा यी सबै कामलाई महिलाको कर्तव्य बनाइयो। यी काम गर्न महिलाले 'प्राकृतिक' गुण लिएर आएको हुन्छ भनेर भाष्य निर्माण गरियो। निजी क्षेत्र महिलालाई र सार्वजनिक क्षेत्र पुरुषलाई जिम्मा लगाइयो।

वैदेशिक रोजगारको क्रम व्यापक हुँदै जाँदा खासगरी पुरुष सँगसँगै महिला पनि जान थालेपछि नेपाली समाजको पारिवारिक-सामाजिक-सांस्कृतिक अभ्यासमा तीव्र परिवर्तन हुन थाल्यो। सामाजिक तथा पारिवारिक लैंगिक संरचना र व्यवहार बदलिन थाले। महिलाको लैंगिक भूमिका फेरिँदै गयो। उनीहरूको हिँडडुल र कार्यक्षेत्र फैलियो। त्यस्तो फेरबदलले पितृसत्तात्मक नेपाली समाजको आपसी लैंगिक व्यवहार र सम्बन्धमा सोझै प्रहार गऱ्यो। वैदेशिक रोजगारको प्रभाव तथा सामाजिक मूल्यको रूपमा बहुविवाह, विवाहइतरका सम्बन्ध, सम्बन्धविच्छेद, दोस्रो विवाह, लैंगिक तथा घरेलु हिंसा, आर्थिक फुर्मासीपन र मनोरन्जनात्मक क्रियाकलापमा हुने संलग्नतामा वृद्धिका घटना बढ्दो क्रममा छन्।

वैवाहिक सम्बन्ध टुट्नु, अभिभावकीय ममताको अभावमा बालबच्चामा नकारात्मक प्रभाव पर्नु, परिवारका सदस्यमा स्याहारसुसार अभाव हुनुजस्ता घटनामा पुरुषलाई भन्दा महिलालाई बढी जिम्मेवार ठहऱ्याइन्छ। यस्ता घटना हुन नदिने कर्तव्य महिलाको हो भन्ने धारणा व्याप्त छ किनकि समाजसँग महिला र पुरुषको सम्बन्ध फरक-फरक किसिमले संरचित छ। परिवारसँगको महिला पुरुषको सम्बन्ध पनि बेग्लाबेग्लै आधारमा निहित छ। बच्चासँग आमाबाबुको सम्बन्ध पनि अलग-अलग तरिकाले निर्माण गरिएको छ। त्यसैले महिला र पुरुषका लागि समाज र परिवारमा भिन्नाभिन्नै मापदण्ड प्रयोग गरिन्छ। घरको पुरुष वैदेशिक रोजगारीमा गएपछि महिला घरमै रहँदा होस् वा तिनी आफैँ वैदेशिक रोजगारीमा जाँदा होस्, उनीहरूमध्ये धेरैजसोले सामाजिक अवगाल र चरित्र हत्याको सामना गर्छन्।

वैदेशिक रोजगारमा गएकाहरूको परिवारमा एक्लोपन, मानसिक तनाव, अतिरिक्त कार्यबोझ र दह्रो सामाजिक निगरानी हुने गर्छ। सामाजिक निगरानीकै माध्यमबाट निकालिएको निर्क्योलअन्तर्गत वैदेशिक रोजगारीले पारिवारिक विखण्डन भएका घटना धेरै सुनिन्छ। छापा माध्यममा पनि बाक्लै पढ्न पाइन्छ। गत मंसिरमा लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान उद्घाटन कार्यक्रममा प्रदेश ५ का सामाजिक विकासमन्त्री सुदर्शन बरालले भनेका थिए, 'लैंगिक हिंसाको मुख्य कारण वैदेशिक रोजगार र त्यसबाट आउने रेमिट्यान्स हो। वैदेशिक रोजगारीले हाम्रो समाज र परिवार छिन्नभिन्न भएको छ।' त्यही भनाइ पुष्टि गर्ने गरी गत ५ जेठमा 'वैदेशिक रोजगारीले दाम्पत्यमा फाटो' शीर्षकमा *कान्तिपुर*मा समाचार छापियो, जसअनुसार बुटवल उपमहानगरमा ०७५/७६ को १० महिनाभित्र सम्बन्धविच्छेदका लागि ६४० जनाले जिल्ला अदालतमा मुद्दा दर्ता गरे। अघिल्लो आर्थिक वर्षमा भने ५ सय १० जोडीले सम्बन्धविच्छेद गरेका थिए। त्यसको कारण वैदेशिक रोजगारले निम्त्याएको विवाद हो भनिएको छ।

तर वैदेशिक रोजगार र विप्रेषणले नेपाली समाजको पारिवारिक एवं दाम्पत्य सम्बन्ध भत्किँदै गएको भन्ने बुझाइ आंशिक हो र उत्तिकै सतही पनि। वैदेशिक रोजगार आफैँमा सकारात्मक वा नकारात्मक ऊर्जा-शक्ति होइन, जसले स्वत:स्फूर्त नेपाली समाजको विवाहरूपी पारिवारिक संस्थागत संरचना बलियो पार्ने वा बिथोल्ने गर्छ। समाजको सामाजिक संरचना र अभ्यासअनुरूप त्यसले आफ्नो प्रभाव फैलाउने हो।

पारिवारिक विखण्डनको रूपमा प्रभाव फैलिँदै जाँदा त्यसको 'कर्ता' मा बढीजसो महिलालाई उभ्याउने गरिन्छ। श्रीमान्लाई छाडेर श्रीमती विदेश गएपछि श्रीमान्ले दोस्रो विवाह गर्नु स्वाभाविक हो। श्रीमान् विदेश गएपछि श्रीमतीले आफ्नो 'मानथान' मा नबस्नु अस्वाभाविक हो। सुरक्षित वैदेशिक रोजगार परियोजनाको एक अध्ययनले देखायो- वैदेशिक रोजगारमा गएका ८ हजार ९ सय ३३ घरपरिवारमा श्रीमती विदेश गएकामा ३६ प्रतिशत श्रीमान्ले दोस्रो विवाह गरेका छन्। श्रीमान् विदेश गएकामा २ प्रतिशत श्रीमतीले दोस्रो विवाह गरेका छन्। कानुनत: महिला र पुरुषले सम्बन्धविच्छेदपछि दोस्रो विवाह गर्ने समान अधिकार पाए पनि महिलाको दोस्रो विवाहलाई सामाजिक तथा पारिवारिक स्वीकृति मिल्न सहज छैन। श्रीमान्सँग सम्बन्धविच्छेद नै नगरीकन दोस्रो विवाह गरेको खण्डमा त्यसको (दुष्) परिणाम के-के हुन सक्छन् वा त्यसबापत महिलाले कस्तो मूल्य चुकाउनुपर्छ भन्ने सजिलै अनुमान लगाउन सकिँदैन।

वैदेशिक रोजगारमा गएका परिवारमा कलह उब्जिनु,

दाम्पत्य सम्बन्धमा देखिएको समस्यामा वैदेशिक रोजगार र महिला केन्द्रीय विषय बन्न पुगेका छन् ।

वैवाहिक सम्बन्ध टुट्नु, अर्को विवाह गर्नुमा महिला पुरुष दुवैको भूमिका, आवश्यकता र व्यवहारको पक्ष उत्तिकै जिम्मेवार छ। तर जुनसुकै मूल्य चुकाउनुपरे पनि घरपरिवारको बलियो मियोको काम गर्दै महिलाले वैवाहिक सम्बन्ध धानिराख्नैपर्ने सोच बलियो छ। वैदेशिक रोजगारमा गएका परिवारमा हुर्कँदै गरेका अधिकांश बालबच्चामा समेत यही सोच पुस्तान्तरण भइरहेको छ। केही महिलाले भने त्यस्तो सोच त्याग्न थाले। अमेल र तनावपूर्ण सम्बन्ध टिकाइराख्नुको सट्टा जिल्ला अदालतसम्म गएर सम्बन्धविच्छेदको मुद्दा दायर गर्न थाले। आफूले पाउनुपर्ने क्षतिपूर्ति वा सम्पत्तिमाथि हकदाबी गर्न थाले।

महिलाका त्यस्तो कदमलाई नेपाली समाजको पारिवारिक र विवाहको मूल्य-मान्यतामा परिवर्तन ल्याउने सक्रिय क्रियाकलाप मानियो। महिला 'सुखी' परिवार भाँड्ने र अनेक दुर्घटना निम्त्याउने 'तत्त्व' मा दरिन थाले। गत १३ जेठमा *नेपाल* साप्ताहिकमा 'दाम्पत्यमा दरार आएपछि...' शीर्षकमा समाचार छापियो। उक्त समाचार ६ जेठमा प्रदेश १ को पाँचथरको मिक्लाजुङ-३ आरुबोटेमा दुई परिवारका चार बालिकासहित नौ जनाको हत्या घटनामा केन्द्रित थियो। समाचारमा वैदेशिक रोजगारमा गएर पैसा कमाउन नसकेका पतिप्रति पत्नीको असन्तुष्टि र पत्नीले सम्बन्धविच्छेदको मुद्दा दायर गर्नुलाई घटना हुनुको कारण ठहऱ्याइएको छ। उक्त असाधारण घटना वैदेशिक रोजगार र वैवाहिक सम्बन्धमा आएको फाटोसँग जोडिएको प्रस्टै छ।

मुख्यत: वैदेशिक रोजगार र विप्रेषणलाई जीवनपद्धतिको अभिन्न अंग बनाएको नेपाली समाजमा त्यसको दुष्परिणाम र प्रभावको सही व्यवस्थापनको पूर्वसोच राखिएको पाइँदैन। विगतमा वैदेशिक रोजगारलाई व्यवस्थित बनाउने उद्देश्यले केही सरकारी नीति र प्रावधान अपनाइयो। महिलालाई वैदेशिक रोजगारीमा जान तोकिएको उमेर हदबन्दी त्यसैको एउटा कडी थियो। त्यसले वैदेशिक रोजगारमा जाने महिला कामदारलाई झनै जोखिम र समस्यामा पाऱ्यो।

दाम्पत्य जीवन टुट्नु, परिवार छुटफुट हुनु, घरेलु हिंसा हुनुजस्ता घटना विवाह र परिवारको सुरुआतदेखि नै हुँदै आएका छन्। वैदेशिक रोजगारबाट यी पक्ष प्रत्यक्ष प्रभावित भएपछि त्यसको असर गाढा हुँदै गएको छ। वैदेशिक रोजगारसम्बन्धी राम्रा-नराम्रा घटना-कथाबाट निर्माण गरिने भाष्य पुरानै पितृसत्तात्मक सोचअनुरूपका हुने गरेका छन्। त्यसैले नकारात्मक परिणामको 'कर्ता' महिला हो र वैदेशिक रोजगार र विप्रेषणले उसलाई 'कर्ता' बनाएको हो भन्ने अनुमान सहजै लगाउने गरिन्छ, जुन सही हुन पनि सक्छ। र, नहुन पनि। यद्यपि पुरुषको गल्ती क्षमालायक, महिलाको अस्वीकार्य र दण्डनीय पनि। यस्तो सोचका कारण दाम्पत्य सम्बन्ध र परिवारमा देखिएको समस्यामा वैदेशिक रोजगार र महिला केन्द्रीय विषय बन्न पुगेका छन्।

वैदेशिक रोजगारको प्रभावस्वरूप पारिवारिक संरचना र दाम्पत्य सम्बन्धमा देखिएको परिवर्तनलाई सकारात्मक तरिकाले व्यवस्थापन गर्न नसकिएसम्म त्यसको असर गहिरिँदै र फैलिँदै जानेछ। राज्यले वैदेशिक रोजगार तथा विप्रेषणसँगै आउने परिवर्तित सामाजिक-सांस्कृतिक सन्दर्भ र लैंगिक भूमिकासँगै आउने चुनौती व्यवस्थापन, बाधा पन्छाउने बृहत् अनि लैंगिक रूपमा सही नीति निर्माण गर्नु जरुरी छ। समाज र परिवारले त्यस्ता चुनौती र प्रभावसँग जुध्ने सकारात्मक मनस्थिति, संस्कृति र अभ्यासको विकास गर्नु लाभदायी हुनेछ। ने

घरेलु माग धानेका उद्योग

नवलपरासीस्थित होङ्सी सिमेन्ट कारखाना

क्लिङ्कर, सिमेन्ट र रडमा मुलुक आत्मनिर्भर, सिमेन्ट निर्यातको सम्भावना

विजयराज खनाल

राष्ट्र बैंकले हालै जारी गरेको गत आर्थिक वर्षको तथ्यांकअनुसार मुलुक ९० अर्ब रुपैयाँले घाटामा छ। यसको मुख्य कारण भनेकै चुलिँदो व्यापार घाटा हो। व्यापार घाटा १२ खर्बले बढिरहेको छ। मुलुकबाट ८७ अर्ब ८३ करोड रुपैयाँको सामान बाहिरिँदा १२ खर्ब ९९ अर्बको सामान भित्रिएको हो।

मुलुकभित्रैको उत्पादन पर्याप्त हुन नसक्दा व्यापार घाटा बढिरहेका बेला केही क्षेत्रले भने आशा देखाएका छन्। सिमेन्ट, रड, छडमा नेपाल आत्मनिर्भरको अवस्थामा छ।

अहिले मुलुकमा सिमेन्ट उद्योग दर्ता संख्या नै १ सय १७ पुगेको उद्योग विभागको तथ्यांक छ। क्लिङ्करसहित यी उद्योगको वार्षिक उत्पादन क्षमता ३ करोड ५० लाख मेट्रिक टन छ। तर चलिरहेका उद्योगको संख्या ६५ रहेको सिमेन्ट उत्पादक संघको तथ्यांक छ। अन्य सञ्चालनमा आउने तयारीमा छन्।

नेपाली बजारमा सिमेन्टको वार्षिक माग ९० लाख मेट्रिक टन पुगेको अनुमान संघको छ। यद्यपि पानीमुनिका कामका लागि विदेशबाट समेत सिमेन्ट आयात हुँदै आएको छ। गत आवको जेठसम्म १ अर्ब २१ करोड रुपैयाँको सिमेन्ट आयात भएको छ। त्यसबाहेक सिमेन्टको कच्चा पदार्थका रूपमा आयात हुने क्लिङ्कर ११ अर्ब ४६ करोड भएको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्यांकले देखाउँछ।

अघिल्लो वर्षको सोही अवधिको तुलनामा सिमेन्ट आयात २३ प्रतिशत बढे पनि क्लिङ्कर आयात भने ५८ प्रतिशत घटेको छ। "सिमेन्टमा हामी आत्मनिर्भर नै छौँ," गोयन्का सिमेन्टका प्रबन्धक युवराज पोखरेल भन्छन्, "विकास बजेट खर्च नहुँदा, भूकम्पपछिको पुनर्निर्माण लगभग सकिने क्रममा रहेकाले बजारमा सिमेन्टको माग नै घटेको छ।" सिमेन्टको मागभन्दा बढी उत्पादन हुन थालेपछि उद्योग ६० प्रतिशत क्षमतामा सञ्चालन भइरहेको यी क्षेत्र सम्बद्धको भनाइ छ।

गत वर्ष जलविद्युत् क्षेत्रमा भएको विस्तार र यहाँ उत्पादन हुनेभन्दा फरक किसिमका सिमेन्ट माग रहेको कारण पनि आयात बढेको पोखरेल बताउँछन्। विशेषतः दातृ निकायको अनुदानमा आधारित जलविद्युत् आयोजनामा उनीहरूले नै तोकेको सिमेन्ट प्रयोग गर्नुपर्ने बाध्यताले पनि आयातमा केही वृद्धि भएको हुन सक्ने उनको अनुमान छ।

सिमेन्ट आयात बढे पनि समग्रमा

क्लिङ्कर आयात घटेका कारण यी दुई वस्तुको कुल आयात भने ५५.५६ प्रतिशतले घटेर १२ अर्ब रुपैयाँमा सीमित भएको छ। सिमेन्टको उपभोग पूर्वाधारमा नै बढिरहेको दाबी संघको छ। "हाम्रो प्रक्षेपणअनुसार करिब ४० प्रतिशत उत्पादित सिमेन्ट व्यक्तिगत घरलगायतका क्षेत्रमा प्रयोग गरिए पनि ६० प्रतिशत पूर्वाधारमा हुने गरेको छ," संघका अध्यक्ष ध्रुवराज थापा भन्छन्, "क्लिङ्करमा पनि केही वर्षमै हामी आत्मनिर्भर हुन सक्ने अवस्थामा छौं।"

उद्योग विभागमा दर्ता भएका र सञ्चालन प्रक्रियामा रहेका कम्पनीको आधारमा थापाको दाबी पत्याउन सकिने अवस्था भने छ। दर्तामा रहेका कतिपय उद्योग आफैंले क्लिङ्कर उत्पादन गर्ने भएका छन् भने कतिपयले बिक्रीसमेत गर्ने उद्देश्य राखेका छन्। कम्पनीले उद्योग विभागमा करिब ४६ लाख टन क्लिङ्करसमेत उत्पादन गर्ने विवरण दिएका छन्, जुन मुख्यतः बिक्रीका लागि उत्पादन गरिने योजना हो।

हाल मुलुकका २१ वटा उद्योगले रोटरी क्लिन र भर्टिकल साफ्ट क्लिन प्रविधिबाट क्लिङ्कर उत्पादन गरिरहेका छन्। कतिपयले क्षमतासमेत बढाउने तयारी गरिरहेका छन्। यही कारण स्वप्रयोग र अन्य उद्योगका लागि बिक्री गर्ने उद्देश्यले समेत करिब ९० लाख मेट्रिक टन क्लिङ्कर यसै वर्ष उत्पादन हुने दाबी यस क्षेत्रको छ। हाल मुलुकमा वार्षिक १३ लाख ४८ हजार टन क्लिङ्कर आयात भइरहेको छ।

सिमेन्टका लागि आवश्यक कच्चा पदार्थ चुनढुंगा उत्खननसमेत बढेको खानी विभागको तथ्यांकले देखाउँछ। ३६ वटा संस्थाले चुनढुंगा उत्खनन अनुमति पाएका छन्। यिनको वार्षिक १ करोड मेट्रिक टन चुनढुंगा उत्पादन क्षमता छ। सिमेन्टका लागि आवश्यक रेड क्ले र म्याग्नेसाइट उत्खननमा केहीले अनुमति लिएका छन्।

त्यसैले मुलुकभित्रकै कच्चा पदार्थ प्रयोग गरेर सिमेन्ट उत्पादनको सम्भावना थप बलियो बन्दै गएको छ। सिमेन्ट निर्यातको चर्चा सुनिने गरे पनि अहिलेसम्म नेपालले त्यो अवसर छोप्न भने सकेको छैन। तर यसको सम्भावना बढ्दै गएको यस क्षेत्रका व्यवसायीको दाबी छ। "एक वर्षभित्रै मागको तुलनामा सिमेन्ट उत्पादन बढ्नेछ, निर्यात नगरी सम्भव नै छैन," अर्घाखाँची सिमेन्टका महाप्रबन्धक उद्धवबहादुर कार्की भन्छन्, "भारतको युपी र बिहारभन्दा करिब २ सय किलोमिटर पर मात्रै सिमेन्ट उद्योग छन्, नेपालबाट त्यहाँ निर्यातको सम्भावना छ।"

होङ्सीको प्रवेशसँगै प्रतिस्पर्धाका कारण नेपाली सिमेन्टको मूल्य घटेकाले पनि ती भारतीय बजारमा यहाँका सिमेन्टले प्रतिस्पर्धा गर्न सक्ने कार्कीको दाबी छ। तर अहिले डिजेलमा भ्याट छुट हटाइएको, ढुवानीमा समेत भ्याट लगाइएको, उद्योगले डेडिकेटेड फिडर लाइनबाटै विद्युत् खरिद गर्नुपर्ने कारणले मूल्य केही महँगिएको र प्रतिस्पर्धी क्षमता घट्ने सम्भावना रहेको व्यवसायी बताउँछन्।

फलाम तथा स्टिल उद्योग

पछिल्लो समय फलामे रडलगायत उत्पादनमा पनि मुलुक आत्मनिर्भर नै छ। अझ हाल यिनको उत्पादन मागभन्दा बढी हुन थालेको छ। सोही कारण अहिले करिब ६० प्रतिशत क्षमतामा उद्योग सञ्चालन भइरहेका छन्। अहिले बजार माग १४ देखि १६ लाख मेट्रिक टन रहेकामा यस्तो माग वार्षिक वृद्धि १० देखि १५ प्रतिशत हाराहारी मात्रै छ। सञ्चालनमा रहेका र आउन लागेका नयाँ उद्योगको वार्षिक क्षमता २६ लाख टन पुग्न लागेको व्यवसायीको दाबी छ।

"२० घन्टासम्म उद्योग सञ्चालन हुने गरेकामा हाल यो अवधि १२ घन्टामा झरेको छ," हिमाल आइरन र स्टिलका सञ्चालक अभिक ज्योति भन्छन्, "मागभन्दा आपूर्ति बढेकाले पनि समस्या भएको हो।" बजारमा माग नै बढ्न नसकेकाले आगामी दिनमा यसको आयातमा समेत कटौती हुने अपेक्षा ज्योतिको छ।

भूकम्पले सहरीभन्दा ग्रामीण

स्रोत : उद्योग विभाग, व्यपार तथा निकासी प्रवर्द्धन केन्द्र, सम्बन्धित संघ तथा व्यवसायी

क्षेत्रमा बढी क्षति पुऱ्याएको र गाउँमा फलामे रडको माग कम भएकाले पनि उत्पादन र मागमा असमानता देखिएको व्यवसायी बताउँछन्। ठूला पूर्वाधारमा लगानी बढ्न नसकेका कारणले पनि मागमा अपेक्षित वृद्धि नभएको उनीहरूको तर्क छ।

मुलुकमा हालसम्म एउटा मात्र फलाम खानी सञ्चालनमा छ। तर फलाम, रड उत्पादन गर्ने कम्पनीको संख्या ३५ को संख्यामा रहेको उद्योग विभागको तथ्यांक छ। खानी नभएकाले नेपालमा फलाम रड र स्टिलका लागि आवश्यक कच्चा पदार्थ भने उत्पादन हुँदैन। त्यसैले ११ महिने अवधिमा फलाम तथा स्टिल र तिनका उत्पादनको आयात १९.९ प्रतिशतले बढेर १ खर्ब ५१ अर्ब रुपैयाँ पुगेको छ। समग्र आयातमा यसको हिस्सा ११ प्रतिशत छ।

सरकारले मुलुकका सम्भावित स्थानमा फलाम खानी उत्खनन गर्ने रणनीति लिएको छ। नवलपरासीमा १० करोड टन फलाम उत्खनन सम्भावना देखेर सरकारले त्यसको अध्ययन गरिरहेको छ। हाललाई भने फलामको कच्चा पदार्थका लागि आयातमै भर पर्नुपर्ने अवस्था छ। यद्यपि सरकारकै भनाइलाई मान्ने हो भने पनि यस्तो आयात मुलुकको निर्माणमा प्रयोग भइरहेकाले यसको सकारात्मक योगदान छ। ने

सरकारी छक्कापञ्जा

सरकारको विदेशी फिल्म नियन्त्रण नीतिमा निर्माता र वितरक-हलवाला विभाजित

गोकर्ण गौतम

केशव भट्टराईलाई अध्यक्षमा नियुक्त गरेसँगै सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटा चलचित्र विकास बोर्डका गतिविधिमा सक्रिय हुन थाले । बोर्डको वार्षिकोत्सवमा बाँस्कोटाले कलाकर्मीलाई सम्मान गरे, १६ असारमा। त्यही कार्यक्रममा बाँस्कोटाले भनिदिए, "अब हलले अनिवार्य रूपमा १ सय ८० दिन नेपाली फिल्म चलाउनुपर्ने बाध्यकारी नियम आउँदै छ।"

उसै पनि देशभर बक्स अफिस प्रणाली लागू भएपछि हलवाला त्रसित थिए, त्यसमाथि सञ्चारमन्त्रीको यो अभिव्यक्तिले घाउमा नुनचुक छर्क्यो । तर सञ्चारमन्त्रीले वर्षमा आधा समय नेपाली फिल्म चलाउनैपर्ने अड्डी कसिरहेका छन् । उनको भनाइको सार छ, 'चले पनि/नचले पनि ६ महिना नेपाली फिल्मै चलाउनुपर्छ। नत्र हलमा ताला लाग्छ।'

नेपाली सिनेमाको प्रचार र संरक्षणका लागि यो नियम आवश्यक भएको उनको जिकिर छ। चार वर्षअघि सरकारले राष्ट्रिय चलचित्र नीति पारित गरे पनि लागू हुन सकेन। विदेशी फिल्मलाई सकारात्मक विभेद गर्ने नीतिका आधारमा मस्यौदा गरेको विधेयकलाई ऐनका रूपमा ल्याउन सरकार लागिपरेको छ। यसकै पूर्वसन्ध्यामा बाँस्कोटाले हललाई चेतावनी दिएका हुन् । बोर्ड अध्यक्ष भट्टराई भन्छन्, "विदेशी फिल्मबाट नेपाली फिल्म पेलिएकै छ। त्यसबाट मुक्त गर्ने र नेपाली फिल्मलाई राहत दिने थिति बसाल्न हामी प्रतिबद्ध छौं।" तर के-कस्तो प्रावधान ल्याउने निर्क्योल भई नसकेको भट्टराईले जानकारी दिए।

मन्त्री बाँस्कोटा १ सय ८० दिनको अड्डी कसिरहेका छन् भने सञ्चार मन्त्रालयकै चलचित्र नीति कार्यान्वयन समितिले विकास बोर्डलाई दिएको कार्ययोजनामा ९० दिन स्वदेशी चलचित्र प्रदर्शन गर्नुपर्ने उल्लेख छ। प्रस्तावित चलचित्र विधेयकको परिच्छेद ७ मा चाहिँ लेखिएको छ, 'प्रत्येक चलचित्र घरले स्वदेशी चलचित्रको विकास, विस्तार र प्रवर्द्धन गर्न वर्षको कम्तीमा तोकिएबमोजिमको दिन स्वदेशी चलचित्र प्रदर्शन गर्नुपर्नेछ।'

सरकारको यो नियन्त्रणकारी कदमले फिल्मवृत्तलाई दुई फ्याकमा बाँडेको छ। निर्माताले खुलेर स्वागत गरेका छन् भने हलवाला र वितरकले विरोध। निर्मातासमेत रहेका वितरक प्रचण्डमान श्रेष्ठ भन्छन्, "कलाको ठूलो सिमाना हुँदैन भनेर उफ्रन्छौं। तर नियमचाहिँ यस्तो निषेधकारी! ९० वा १ सय ८० दिने कोटा लगाउनु भनेको नेपाली फिल्मलाई थप संकुचित बनाउनु हो।"

नेपाली फिल्मको डामाडोल व्यापार कसैबाट छिपेको छैन। बर्सेनि एक सय हाराहारी फिल्म चल्छन् तर मुस्किलले पाँच वटाले मात्र नाफा कमाउँछन् । पोस्टरको लगानीसमेत नउठाउने नियतिबीच गुज्रिरहेको छ, नेपाली फिल्म । यो हालतमा पुग्नुको मुख्य कारण विदेशी फिल्मको चेपुवा मात्र हो? हलले पर्याप्त शो नदिएरै हो ? बक्स अफिसमा सधैं रेकर्ड राख्ने *छक्का-पञ्जा* सिरिजका निर्माता दीपकराज गिरी भन्छन्, "होइन तर हलवालाले विदेशी फिल्मलाई च्याप्ने र नेपाली फिल्मलाई सकेसम्म कम चेप्ने गर्छन्। यसबाट अवश्य घाटा परेको छ । सरकारले नेपाली फिल्मलाई प्रोत्साहन गर्दा हलवालाले किन टाउको दुखाउने ?" विदेशी फिल्मलाई विलासितापूर्ण र नेपालीलाई सांस्कृतिक मनोरञ्जनमा राख्न अनि विदेशी फिल्मको टिकट दर सय रुपैयाँ भए पनि बढाउन पैरवी गर्दै आइरहेका छन् । गिरीको तर्क छ, "म्यागी चाउचाउ २० रुपैयाँमै पायो भने वाईवाई कसले खान्छ ? अहिले हिन्दी र अंग्रेजी सिनेमा चलाएर बाँच्नेहरूको मात्र सातो उडेको हो, बाँकी खुसी छन्।"

प्रेस र सामाजिक सञ्जालपछि सरकारले फिल्म प्रदर्शनमा पनि अनुदार नीति अपनाएको भन्दै हलवालाले विरोध गरेका छन्। विधेयकका सम्बन्धमा विकास बोर्डले हलवालाको छाता संगठन नेपाल चलचित्र संघसँग राय मागे पनि जवाफ पाई नसकेको अध्यक्ष भट्टराईले जानकारी दिए। उनी बारम्बार दोहोऱ्याइरहेका छन्, "स्वदेशी फिल्ममैत्री माहोल बनाउन लाग्दा हल आत्तिनुपर्दैन।"

चलचित्र संघका अध्यक्ष प्रदीपकुमार उदय भने कोटा प्रणाली अन्ततोगत्वा नेपाली फिल्म उद्योगकै लागि घातक हुने दाबी गर्छन्। भन्छन्, "हामी नेपाली चलचित्रको विकासको बाधक

होइनौं तर व्यापार नबुझी हाम फाल्यौं भने स्वदेशी चलचित्रको व्यापार थप धराशयी बन्न सक्छ।" उनका अनुसार ०५८/०५९ मा देशभर चार सय हल थिए। त्यही बेला क्यु सिस्टम लाग्यो, जस्तासुकै फिल्म पनि चलाउनैपर्ने भयो। त्यस्तै साप्ताहिक होल्डओभर सिस्टमले नचले पनि एक सातासम्म हटाउन नपाइने भयो। उदय भन्छन्, "यो बाध्यकारी नियमले

> विदेशी फिल्मबाट नेपाली फिल्म पेलिएकै छ। त्यसबाट मुक्त गर्ने र नेपाली फिल्मलाई राहत दिने थिति बसाल्न हामी प्रतिबद्ध छौं।
>
> – **केशव भट्टराई,** अध्यक्ष, चलचित्र विकास बोर्ड

दर्शक भड्किए, हल संख्या पनि आधा घट्यो। फेरि त्यस्तै स्थिति निम्त्याउन खोजेको हो ?"

सुविधासम्पन्न मल्टिप्लेक्स खुल्न थालेपछि भने दर्शकको चहलपहल बढ्यो। सुरुमा मल्टिप्लेक्समा नेपाली होइन, विदेशी फिल्मकै व्यापार ज्यादा हुन्थ्यो। उदयका अनुसार त्यतिबेला पनि निर्माताहरू विदेशी फिल्मलाई मात्र फाइदा भयो भनेर कुर्लन्थे तर गुण अभिवृद्धिसँगै यी हलमा स्वदेशी फिल्मले लोभलाग्दो कमाइ गर्न थाले। मल्टिप्लेक्स लक्षित सिनेमा बन्न थाले। उदय भन्छन्, "मल्टिप्लेक्स नभएको भए *छक्का-पञ्जाले* २० करोडको व्यापार गर्थ्यो ? फिल्म चल्न फिल्म नै राम्रो हुनुपर्छ। अहिलेकै अवस्थामा नेपाली चलचित्रले मात्र हल धान्न सक्ने अवस्था छैन।"

खासमा हलवालालाई पनि विदेशीभन्दा स्वदेशी चलचित्र चलाएकै फाइदा हुन्छ किनभने विदेशी फिल्ममा १५ प्रतिशत विकास शुल्क तिर्नुपर्छ, स्वदेशीमा पर्दैन। त्यसैले चल्ने नेपाली फिल्मलाई हलले विभेद गर्दै-नगर्ने उदयको दाबी छ। त्यसो त हलले शो दिँदैमा फिल्मले व्यापार गरिहाल्छ भन्ने पनि होइन। उदाहरण, *द म्यान फ्रम काठमान्डु* हो। यस फिल्ममा लगानी थियो, मल्टिप्लेक्स चेन क्युएफएक्सको। त्यसैले यस फिल्मले क्युएफएक्समा सुरुकै दिनबाट २४ शो पायो तर फिल्ममै दम नभएपछि कसको के लाग्छ ? सुरुआती दिनबाटै दर्शकको सुक्खा लाग्यो।

ए मेरो हजुर ३ ले ओपनिङमा राम्रो शो पाएन, मल्टिस्टारर हिन्दी फिल्म *कलंकको* चेपुवामा पऱ्यो। तर जब *ए मेरो हजुर ३* मा दर्शकको भीड लाग्न थाल्यो, शो संख्या २३ पुग्यो। *कलंकचाहिँ* ५ शोमा सीमित भयो। *जात्रैजात्राले स्टुडेन्ट अफ इयर २* लाई उछिनेको थियो। चलचित्र संघ अध्यक्ष उदय भन्छन्, "हलवालाले राष्ट्रियता र भाषा हेर्दैन, व्यापार मात्र हेर्ने हो। जसमा दर्शक ओइरिन्छन्, त्यसैलाई च्याप्छन्। फिल्म जुध्नु र डुब्नुको दोष हलवाला होइनन्, स्वयः निर्माता नै हुन्।"

गत वर्ष क्युएफएक्समा ५४ र बिग सिनेमामा ५५ नेपाली फिल्म चलेका थिए। काठमाडौंका लगभग सबै हलमा ३ सय ६५ दिन नै नेपाली फिल्म चल्छन्। तर नेपाली मात्र चलाउनुपर्ने बाध्यताले देशभर बनाइन लागेका सुविधासम्पन्न हल बन्दैनन् कि भन्ने चिन्ता छ उदयको। उनी आफैंले बुटवल, कृष्णनगर र सुनवलको हल भत्काएर बुटवलमा

> हामी नेपाली चलचित्रको विकासको बाधक होइनौं तर व्यापार नबुझी हाम फाल्यौं भने स्वदेशी चलचित्रको व्यापार थप धराशयी बन्न सक्छ।
>
> – **प्रदीपकुमार उदय,** अध्यक्ष, चलचित्र संघ

सिंगल तर सुविधासम्पन्न हल खोलेका छन्।

हालै राजधानीको पृथ्वी, कास्कीको मन्दीप-मिलन र भैरहवाको सिद्धार्थ हल बन्द भए। नेपाली फिल्म मात्र चलाउने अरू धेरै हलको अवस्था नाजुक छ। तर निर्माता गिरी यसमा हल सञ्चालककै कमजोरी देख्छन्। "दर्शक ढुक्ने र सुधारे नगर्ने हल बन्द हुन्छन् नै," गिरी भन्छन्, "हामीले विदेशी फिल्म निषेध गर्नुपर्छ भनेका छैनौं, नेपाली फिल्मलाई थोरै माया र आरक्षण देऊ भनेका हौं। दसैं, तिहारमा नेपाली फिल्म मात्र लाग्यो र दुई दिन ढिला चलायो भने पनि धेरै राहत हुन्छ।"

कसैबाट नछिपेको सत्य हो, नेपाली फिल्म हलका कारण नचलेका होइनन्, चल्नुपर्ने गुण नभएरै नचलेका हुन्। तर बिनासुझबुझ नियन्त्रणकारी नियम ल्याउँदा प्रत्युत्पादक हुनेमा शंकै छैन। विदेशी फिल्म बन्देज गरेर न पाकिस्तानलाई फाइदा पुगेको थियो, न त बंगलादेशलाई। वितरक तथा निर्माता श्रेष्ठ भन्छन्, "कोटा प्रणाली लागेपछि १ सय ८० दिनबाहेक हलले नेपाली फिल्म चलाएन भने को जिम्मेवार ? जबर्जस्ती चलचित्र चलाएर दर्शक हलमा आउँछन् ? नेपाली फिल्म नचलेको हल नपाएर होइन, राम्रो फिल्म नबनेर हो।" एकै दिन नेपालभर १ करोड ८० लाखको व्यापार गर्ने क्षमता राख्छन् हलले। त्यसैले अब्बल फिल्मलाई विदेशी फिल्म आउँदा पनि फरक नपर्ने उनको दाबी छ। भन्छन्, "प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरेर मात्रै नेपाली फिल्मको गुणस्तर र व्यापार बढ्छ। विदेशी फिल्म निषेध गरेर होइन।" ■

मेरो कुरा सरकारले आफ्नै समुदायले पनि

बैरागी काइँलासँग *नेपाल* वार्ता

यो साता ८१ वर्ष टेक्दै हुनुहुन्छ । कस्तो अनुभूति गर्दै हुनुहुन्छ ?

म त छक्क परें । यत्ति लामो आयु बाँचिसकिएछ । राम्रो लेखनका लागि धेरै अध्ययन आवश्यक हुन्छ । त्यस्तो लेख्ने चाहना सपनाकै रूपमा रह्यो । पछाडि फर्केर हेर्दा उमेरमै किन मिहिनेत गरिएनछजस्तो बिस्मातचाहिँ लाग्छ ।

सबै कवितालाई एकै संग्रहमा जुटाउने मेसोमा हुनुहुँदो रहेछ । नयाँ सिर्जना गर्न नसकेको क्षतिपूर्ति हो ?

मैले कविता थोरै नै लेखेको थिएँ । ०३० तिर काठमाडौँ आउँदा प्रज्ञा प्रतिष्ठानले मलाई विद्वत्वृत्ति दिएको थियो । कमलमणि दीक्षितजीले कविताहरू बटुलबाटुल गरेर छापौँ भन्नुभो । ०३१ मा साझा प्रकाशनले छाप्यो, *बैरागी काइँलाका कविताहरू* । त्यो किताबमा चार वटा कविता राखिनँ । दुई वटा कविता थपेर पछि अर्कै संग्रह बनाउने सोच पनि थियो । अम्बर गुरुङ, कर्म योन्जन र अरूका लागि लेखिदिएका गीतहरू थिए । वर्षौं बित्यो । मलाई ती चार कविता हराएर जान्छन् भन्ने डर लाग्यो । ०३० मै लेख्न सुरु गरेको कविता हतारपतार पूरा गरेँ । ३०/४० पृष्ठले किताब हुने भएन । ०६२/६३ को आन्दोलनमा लेखेका प्रोपागान्डिस्ट कविता पनि भेला पारेँ, *अन्धा मान्छेहरू र हात्ती* (२०६८) मा । अहिले राजन मुकारुङ, हाङयुग अज्ञातहरूले प्रस्ताव राखे- सबै कविता एउटै किताबमा छाप्ने । तर ती सबै कविता मसँग थिएनन् । भाइहरूले भने, एउटा कविको लेखनको विकासक्रम देखाउन प्रारम्भिक कालको समेट्नु पनि राम्रै हुन्छ । यत्ति हो, नयाँ केही छैन । कविताको कच्याङकुचुङ क्वाँटीजस्तो छ ।

तपाईंमा बंगाली कविताको प्रभाव पनि छ भन्छन् । त्यसबेला तपाई क-कसका कविता पढ्नुहुन्थ्यो ?

दार्जिलिङमा पढ्दा मैले रवीन्द्रनाथ ठाकुर र शरदचन्द्र चटर्जीका सेट हिन्दीमै पढेँ । बंगाली कविताको प्रभावको कुरा मैले धेरै अगाडिदेखि सुनेको हुँ । एक प्रख्यात समालोचकले त सायद लेख पनि लेख्नुभएको छ । दुई-तीन वर्षअगाडि सिलिगुडी बस्ने एक जनाले पनि भने, 'तपाईंको फलानो कविता र बंगालीको कविताको प्रभाव या हुबहु छ अरे नि ।' त्यो कुन बंगाली कवि हो ? कसैले उसको कविता र मेरो कवितालाई दाँजेर केही लेखे पनि हुने । हालसालै *कान्तिपुर*मा एक लेखकले हंग्री जेनेरेसन र के जाति लेखकको नाम लिएका छन् । त्यति गरिसकेपछि तिनको कविता र प्रकाशन मिति राखेको भए पनि हुन्थ्यो । तिनको कविता पहिले छापिएकाले म प्रभावित भएँ कि हाराहारी बेलामै दुवै कविता छापिएको थियो ? तिनको भन्दा मेरै पो पहिले छापिएको थियो कि !

ईश्वर बरालले उहिल्यै भनिसकेको पुरानो कुरा होइन र यो ?

ईश्वर बरालले त हुबहु कपी गरेको भने रे । मैले पढेको छैन । तर अर्को हिसाबले चोरेकै भनेको हो । पछिल्लो लेखमा पनि यिनले दाँजेका छन् । दाँज्दै जाँदा त कति थोक मिल्छ, मिल्छ । जिसस क्राइस्टले पनि

सुनेन, बुझेन

सरोज बैजु

झुट नबोल्नू भने । हिन्दु गुरुहरूले पनि झुट नबोल्नू नै भने । कसको प्रभाव पऱ्यो भन्नु र ? उहिल्यै बुद्धअघि पनि अहिंसाको कुरा आएको थियो, बुद्धले पनि अहिंसाको कुरा गरे । महात्मा गान्धीले त अहिंसात्मक आन्दोलनै चलाए । कसको प्रभाव पऱ्यो ? कसको विचार चोऱ्यो ? दाँज्नका लागि तिथिमिति पनि हेर्नुपर्छ ।

गुरुप्रसाद मैनालीले लोग्ने-स्वास्नीको झगडालाई लिएर कथा लेख्नुभएको थियो, परालको आगो । लोग्ने-स्वास्नीको झगडा परालको आगो मात्रै होइन भन्ने देखाउनकै लागि इन्द्रबहादुर राईले विनिर्माण गरेर नयाँ कथा लेख्नुभयो, कठपुतलीको मन । राईको मौलिक कथा होइन भनियो । सत्य एउटै मात्रै रहेनछ भन्ने देखाउन त्यो लेख्नुभयो । *माधवी* लेख्दा पुराणको कथा चोरेको भनेर मदनमणि दीक्षितलाई कसैले भनेनन् । पुराणमा आधारित कथामा उनले राम्रो प्रस्तुति दिए । तर *माधवी*लाई मौलिकै भने तर इन्द्रबहादुर राईलाई चाहिँ चोरेको भनिदिए ।

तेस्रो आयामको वैचारिकीमा सामान्य जनजीवन नजोडिएकाले अमूर्त भयो पनि भन्छन् नि !

भन्नेको मुख कसैले थुन्न सक्दैन । प्रचलित शब्दमा भन्ने हो भने हामीले रूप पक्षमा ज्यादा ध्यान दियौँ । कुनै विचार विशेषको पक्षधरता लिएर लेखियो भने त्यो एकांगी र एकलकाँटे हुन्छ भन्ने हाम्रो धारणा थियो । यहीँनेर हाम्रो आलोचना भएको हो । साहित्य एउटा विचारले प्रेरित हुन सक्छ । त्यो एउटा विचारचाहिँ कुन हो ? सबैको विचार त एउटै हुँदैन । पल्टनमा कवाज खेलेजस्तो, राइट टर्न, लेफ्ट टर्न, गोडा फाट, सतर्क भनेजस्तो जहिले-तहिले शोषक र सामन्तीको विरोध गर्, किसान र मजदुरको भलो गर् भन्ने विचारका पक्षधरले नै हाम्रो विरोध

गर्छन् । हाम्रो भनाइ शोषित मान्छेको विरोधमा लेख्नुपर्छ भन्ने होइन । तिनको पक्षमा पनि लेख्ने हो ।

मैले पनि त्यस्ता आलोचकलाई ठाडै प्रश्न गरेँ- तपाईंको साहित्य जनताले पढ्छ ? को हो तपाईंको जनता ? बजारमा बस्ने, कलेज पढ्ने तपाईंको जनता ? वर्गीय विचारधारा लिएर दोकान गरेर बस्ने मात्रै तपाईंको जनता ? मास्टरहरूले पढ्छन् । केही कार्यकर्ताले पढ्छन् । समर्थक पनि सबैले पढ्दैनन् । आम जनताले पढ्छन् ? त्यसकारण जनताका लागि लेखेँ भनेर गर्व नगर्नू, घमन्ड नगर्नू । जनताका लागि होइन, जनताको पक्षधरता लिएर लेखौँ भनेमा म मान्छु । त्यो पक्षमा त हामी पनि छौँ नि । मान्छेको पक्षधरता लिनेमा त हामी छौँ नि । मान्छेभित्र जनता पनि आउँछ, शासक पनि आउँछ, शोषित नि आउँछ । सम्पूर्णता भनेको कसैलाई बाहेक गर्नु हुँदैन भन्ने सिद्धान्त हो । शत्रुबिना समाजै बन्दैन । विपक्षबिना सदनै बन्दैन भनेजस्तै हो । एउटै मात्र पक्ष भएपछि त्यो सभा नै हुँदैन । त्यसलाई दृष्टिबिन्दु बनाएर अगाडि बढ्यौँ भने मानव मात्रको नभएर पृथ्वीकै भलो हुन्छ । पृथ्वीलाई मान्छेको मात्रै पेवा ठान्नुभएन नि । यहाँका पशुपक्षी, किटपतंग, बोटबिरुवा सबै बाँचेन भने मान्छे कहाँ बाँच्छ ?



हामीले तेस्रो आयाम पार्टी खोलेको होइन । पार्टी खोलेको भए पो, जिल्ला सभापति खोज्नु, गाउँ सभापति खोज्नु र सदस्यहरू बनाउनु ।

आईबी राई नै लीलालेखनमा मोडिएकाले तेस्रो आयामको प्रभाव घटेको ?

मान्छेले सिर्जना गरेको चीज सधैँ बाँच्छ भन्ने छैन । यसमा हात हाल्ने जाँगरिला लेखक ईश्वरवल्लभ र इन्द्रबहादुर राईको देहान्त भो । म उहिल्यैदेखि थोरै लेख्ने अल्छी खालको मान्छे मात्रै बाँचिरहेको छु । लीलालेखन आएर तेस्रो आयाम मरेको होइन । तेस्रो आयामबाट एक खुड्किला उक्लिएपछि या फाल हानेर लीलालेखनमा पुगियो भनेर इन्द्रबहादुर राईले भन्नुभएकै हो । धेरैले भने, 'तिमीहरू तीन भाइ मात्रै त हौ नि ।' कति जना हुनुपर्थ्यो त भनेर मैले सोधेँ । फेरि प्रश्न गरे, अनुयायी खोइ त ? मैले ओठे जवाफ दिएँ, हामीले तेस्रो आयाम पार्टी खोलेको होइन । पार्टी खोलेको भए पो, जिल्ला सभापति खोज्नु, गाउँ सभापति खोज्नु र सदस्यहरू बनाउनु ।

पछि त तपाईं पनि पाश्चात्य विचारबाट भागेजसरी मुन्धुमतिर लाग्नुभयो नि ।

मैले ०३० देखि नै कविता लेख्न छाडेछु । भैरव अर्यालले *मधुपर्क*मा छाप्न भनेर कविता मागेर लानुभएको थियो । सम्पादक केशवराज पिँडालीले छाप्न मानेनन् कि ! बडो नियास्रो मुख बनाएर निराश र हतास स्वरमा अर्यालले भन्नुभो, 'सरी है, छाप्न सकिएन । यहाँ यस्तै छ, यस्तै भो ।'

त्यही वर्ष साउनमा घर गएँ । भैरव अर्याललाई खोलाले बगाएको सुनेँ । उनले आत्महत्या गरेका रहेछन् । मलाई कताकता एक प्रकारको बिस्मात लाग्छ । कारण के थियो होला ? एउटा कारण म पनि थिएँ किजस्तो लाग्छ । पछि उत्तम कुँवरजीले ताकेता लगाएर त्यही कविता रूपरेखामा छाप्नुभो । पछि कविता लेख्नै सकिनँ ।

गाउँघरतिर त भाले काट्दा पनि पूजा लगाएर खाने । पूजा लगाउँदा फेदाङ्बाले के भन्छन् भनी सुन्दै अर्थ लगाउँदा रोचक लाग्यो । र, मैले टेप गर्न थालेँ । कविता लेख्ने क्षमतामा ह्रास आएपछि आफूभित्रको ऊर्जालाई लिम्बूको श्रुति परम्परा लोकसाहित्यमा लगाएँ । यो भनेको नेताहरूले एक क्षेत्रमा हारेपछि अर्को क्षेत्रमा उठेजस्तै हो । यो मेरो मौलिक काम होइन । अब अर्को क्षेत्र खोज्दै छु ।

अनि प्रत्यक्ष पार्टी संगठनमा पनि लाग्नुभयो ?

मेरा दाजु भूविक्रम नेम्बाङ नै सशस्त्र विद्रोहमा लागेका कारण ०२७ पछि कांग्रेसलाई पाँचथरमा सहयोग गरियो । ०३६ पछि खुलेरै बहुदलको पक्षमा लागियो । कांग्रेसको झापा जिल्ला कमिटीमा रहेर पाँच वर्षजति काम गरेँ । प्रजातन्त्रमा निष्ठा भए पनि स्वभावका कारण मैले उल्लेखनीय काम गर्न सकिनँ । त्यो मेरो क्षेत्रै होइन रहेछ ।

जनआन्दोलनमा सडकमै निस्कनुभयो होइन ?

प्रगतिशील लेखक संघ र प्रजातान्त्रिक लेखक संघहरू छुट्टाछुट्टै आन्दोलित थिए । नाकको समस्याले म अस्पतालमा थिएँ । मलाई केही साथीले काल्दाइँले अगुवाइ गरिदिनुपर्‍यो भने । कसोकसो मलाई अध्यक्ष बनाए । शरीरले साथ नदिए पनि वैचारिक बलका लागि मात्रै लेखक-साहित्यकार-संस्कृतिकर्मीसँगै आन्दोलनमा हिँडेँ ।

देशभित्रै राष्ट्रवादको आवरणमा असहिष्णुता बढ्दो छ भने वैश्विक रूपमा फैलिएको बजारवादको बिगबिगी छँदै छ । मातृभाषामा काम गर्ने संस्कृतिकर्मी नाताले यस्ता चुनौतीलाई कसरी चिर्न सकिन्छ ?

नेपालमा खस नेपालीबाहेक एक लाखभन्दा बढी वक्ता भएको भाषा बीस मात्रै रहेछन् । त्यसमा पनि दस लाखभन्दा माथि वक्ता हुने त पहाडमा नेवार, तामाङ र मगर, अनि तराईमा थारु, भोजपुरी, अवधी र मैथिली मात्रै हुन् । त्यसैले मातृभाषाको शिक्षा, संस्कृति र कलामा जोड दिनुपर्ने हो । ती मातृभाषीले कामका लागि अरेबिक, जापानी, चिनियाँ, कोरियाली भाषा सिक्न थालेका छन् भने प्रतिस्पर्धाका लागि अंग्रेजी पढ्छन् । विद्यालयमा खस नेपाली अनिवार्य छँदै छ । एकातिर ग्लोबलाइजेसनको मार छ भने अर्कातिर आफ्नै राज्यले बेवास्ता मात्रै होइन, थिचोमिचो नै गर्‍यो ।

बालबालिकाले घरमै मातृभाषाबारे चाल नपाउने दर्दनाक अवस्था आयो । बाघ र रेडपान्डालाई चिडियाखानामा ल्याएर बचाउन सकिन्छ भने कुनै राजा मामा ल्याएर कुसुन्डा भाषा बचाउन सकिन्न ? हेर्दाहेर्दै १२ वटा भाषा हराइसके । मेरो कुरा सरकारले त सुन्दैन-सुन्दैन तर आफ्नै समुदायका मान्छेले पनि बुझ्नेनन्जस्तो लाग्छ । ने

कुराकानी : गुरुङ सुशान्त

प्रातः भ्रमणको पहिलो किस्ता


खगेन्द्र संग्रौला

एक बारको दुर्लभ जुनीमा समय बित्न बेरै नलाग्ने । मैले प्रातः कालमा खुट्टा तन्काउन थालेको हिजैजस्तो लाग्छ । तर मेरो मर्निङ वाकको आयु १३ वर्ष पुगेछ ।

मेरो वाकका आदि-गुरू तीन जना थिए । टोलिया त्रिमूर्ति । लगौंटियातुल्य प्रेमिल यार । अनेक मोर्चाका सहकर्मी । जीवनको घर्षणमय मिसन पथका सहयात्री । दुःखमा सँगै, सुखमा सँगै । कफीगफमा सँगै, सोमरसमा सँगै । दृश्यावली हेर्ने र मुख फेर्ने एकाध दिनका पदयात्रामा सँगै । बौद्धिक विमर्शमा सँगै, यदाकदा सडक अभियानमा पनि सँगै । यी तीनमध्ये एक जना छँदै छन्, दुई जना अनस्तित्वको गर्तमा विलीन भए । बडो असामयिक भयो, तिनको अन्त्य । जिउँ र केही गरूँको रहर नपुग्दै झ्याप्प निभ्यो तिनको जीवनदीप । बडो नाटकीय र त्रासद थियो, त्यो अवसान । सम्झेर ल्याउँदा त्यसैत्यसै रोऊँरोऊँ लागेर आउने । मेरो हृदयको कोमल पन्तुरोमा ती दुई मित्र जहाँ बस्थे, त्यो ठाउँ अहिले रित्तो छ । यो रिक्ततामा कसै गरी निको नहुने घाउ छ । सम्झनामा जब ती आउँछन्, यो घाउ नराम्ररी दुख्छ ।

मनमा यो विचार फुरेको तीन वर्ष भयो । यार, एक न एक दिन म आफूले देखे-भोगेको मर्निङ वाकको कथा सिरियल कसो नलेखूँला र ? लहडै-लहडमा लेख्नलाई यसो नोट बनाइटोपलेँ पनि । तर बनाएँ, थन्क्याएँ र भुसुक्कै बिर्सें । नोटमा आक्कलझुक्कल आँखा पर्दा द्विविधाजनक प्रश्न उठिरह्यो । नाथे मर्निङ वाक सिरियल लेखिनलायकको कथा हो र ? आखिर होइन किन ? प्रश्नले प्रश्नलाई प्रश्न गर्‍यो । साँचो हो, मेरो वाक सिरियलमा खासै गुरूगम्भीर कुरा छैनन् । मननीय, स्मरणीय र उत्रो रूचिकर कुरा पनि छैनन् । तथापि झिनामसिनै सही, यसमा केही कुरा त अवश्य छन् । यसमा विविध पात्र छन् । विविध उमेर छन् । विविध प्रवृत्ति छन् । विविध रंग छन् । र, विविध रस छन् । यसमा जीवनको राग र वैराग छ । यसमा हास्य रस र करूण रस छ । यसमा रौद्र रस छ र मैथुन रस पनि छ । भनूँ भने यसमा नवरसमध्ये न्यूनाधिक कुन रस छैन ? यसमा इमान छ । यसमा ढोङ छ । यसमा रूढी छ । यसमा रहस्य छ । यसमा निष्ठा छ । यसमा निष्ठा विचलन छ । यसमा रूढी, रहस्य, तिलस्म र ढोङको अनावरणको सानोतिनो चेष्टा पनि छ । त्यसो त यसमा आस्थागत द्वन्द्व, बलात् आरोपण र भयावह स्खलनको विद्रूप कथा पनि छ । त्यसैले यो मर्निङ वाक सिरियल भूगोलको सानो वृत्तमा सौ-पचास वाकेहरूका अनेक ओली रूचि र शैली, मनोवृत्ति र प्रवृत्ति एवं मुद्रा र भंगिमाको वृत्तान्तमा जटिल जीवनको एक सानो झलक कसो नहोला ?

जिज्ञासु पाठकको स्वाभाविक प्रश्न छः कथा वाचक, को हुन् ती वाक गुरू, जो दृश्यमान छन् र ती जो अलप भए ? प्रियजन, जो दृश्यमान छन्, ती अर्थविद् केशव आचार्य हुन् । अर्थ मन्त्रालयका नित्य अनिवार्य तत्त्व । लाग्छ, जीवनमा यी मित्रलाई सधैँ मुते आतुरी छ । जागिरधन्दा, जागिरधन्दा र फेरि पनि जागिरधन्दाको धुन छ । यी मनुवा पनि मेरा लागि भन्नु मात्र दृश्यमान छन् । अचेल यिनलाई भेट्नु भीरको शिरमुनि अक्करको सुनाखरीलाई भेट्नुजस्तै भा'छ मलाई । अनि जो अलप भए तीचाहिँ को हुन् ? ती हुन्- भोला शर्मा र गोविन्द वर्तमान । भोला शर्मा सरकारी जागिरे, सोखिन गायक, रसिक मित्र र असल पाठक । गोविन्द वर्तमान कवि, गद्यकार, समीक्षक र अनुवादक एवं एक निष्णात मार्क्सवादी । गए बरू ज्यान जाओस्, स्वतन्त्र विवेकले रोजेको प्रिय आस्था कतै नजाओस् भन्ने संकल्पधारी । सतत वागी मानव । सत्यनिष्ठामा नित्य अटल, स्वभावमा प्रायः एकला चलो टाइपका ।

पृष्ठभूमि गन्थन यत्ति हो । जेहोस्, यो मर्निङ वाक सिरियल अब लेखिने भो । छाँटले त्यस्तै २०-२२ किस्ता होला यो । यदाकदा पृथक विषय रोजेर कमर्सियल ब्रेक पनि दिँदै गरूँला ! ने

अनि कायाकल्प

मल्लिका शाक्य : म्यानपावरदेखि मसलपावरसम्मको यात्रा

सरोज बैजु

गोकर्ण गौतम

भुइँचालो गएपछि अरू काम भएन। घरमा बस्ने, खाने, सुत्ने। महिना दिनमा ज्यान ह्वात्तै बढेर ६५ किलो पुग्यो, मल्लिका शाक्य, २९ को । शरीर भारी र आफ्नै कपडा अटेसमटेस हुन थाल्यो । मल्लिका आत्तिँदै फिटनेस क्लब पुगिन् । त्यतिबेला उद्देश्य एउटै थियो, जसरीतसरी तौल कम गर्ने। तर कहिलेकाहीँ सानो निर्णयले जिन्दगीमा ठूला मोड ल्याइदिन्छन्। मल्लिकाको हकमा त्यही भयो। ४ साउनमा उनले गोल्ड मेडल जितिन्, १२ औँ दक्षिण एसियाली शारीरिक सुगठन च्याम्पियनसिपमा। यस प्रतियोगिताको वुमन मोडल फिजिक विधातर्फ मल्लिका सर्वोत्कृष्ट ठहरिएकी हुन्। विजयी मुस्कानसहित भन्छिन्, “मोटाउनु त मेरा लागि वरदान पो भयो।”

सामान्य केटीबाट अन्तर्राष्ट्रिय बडीबिल्डरको पहिचान तब मात्र बनेको

हो, जब मल्लिकाले कडा शारीरिक मिहिनेत र खानपानमा अनुशासन आत्मसात् गरिन् ।

जिमबाट शारीरिक अभ्यास सुरु गरे पनि केही समयमै उनले जुम्बा र एरोबिक रोजिन् । तौल घट्यो तर फिटनेसप्रतिको मोह हराएन । तिनताका एक म्यानपावर कम्पनीमा आबद्ध थिइन् । काम सिर्जनशील थिएन । अर्काको काम गर्दा-गर्दा निराश भइसकेकी थिइन् । मल्लिका सम्झिन्छिन्, “त्यही बेला मैले कार्डियोबारे थाहा पाएँ । त्यसपछि आँटै गरेर जागिर छाडेँ, कार्डियोको प्रशिक्षण लिन थालेँ ।” जुम्बा र एरोबिक नियमित गर्ने भएकाले कार्डियो सिक्न समय लागेन । महिना दिनमै पोख्त भइन् र आफैँले सिकेको क्लबमा सिकाउन थालिन् । अरूलाई सिकाउँदा छुट्टै स्फुर्ति आउँथ्यो, अरूले गुरु भनेर सम्मान गर्थे । अगाडि थप्छिन्, “ममा बिस्तारै पैसा कमाउने मात्र होइन, आफ्नो नाम राख्ने काम गर्छु भन्ने प्रण गरेँ । त्यसका लागि म कार्डियो प्रशिक्षणमै दत्तचित्त भएँ ।” नभन्दै तीन महिनाबीच राजधानीका चार फिटनेस क्लबमा प्रशिक्षण दिने मौका मिल्यो, उनलाई ।

अहिले पनि महिला कार्डियो प्रशिक्षक नगन्य छन्, त्यतिबेला मल्लिका एक्लैजस्तै थिइन् । केटाकेटी दुवैलाई सिकाउनुपर्ने । तर कहिल्यै अप्ठेरो मानिनन् । क्लबमा आउने महिला उनीसँग सहज महसुस गर्थे । कति केटी लाज पनि मान्थे तर उनी हौसला दिन्थिन् । महिला सेवाग्राहीको संख्या बढ्दै गयो । छोटै समयमा प्रशिक्षकको रूपमा लोभलाग्दो ख्याति कमाए पनि मल्लिकाको मन भरिएन । त्यस अगाडि उनले अन्तर्राष्ट्रिय महिला दिवसमा हुने स्क्वाड प्रतिस्पर्धामा भाग लिएकी थिइन् तर उपलब्धिमूलक भएन ।

नियमित जुम्बा गरे पनि खानपानमा नियन्त्रण थिएन । फेरि ज्यान मोटो हुँदै गयो । जिम गर्नुको विकल्प भएन । त्यसैले कालीमाटीस्थित डिभाइन फिटनेस क्लब धाउन थालिन् । उनीसँग भेट भएपछि त्यहाँका गुरु रुजेश शाहीले भनेछन्, ‘साउथ एसियन गेम हुँदै छ, बिकिनी लगाएर पर्फम गर्नुपर्छ । कडा मिहिनेत गर्‍यौ भने उपाधि जित्न सक्छौ । इच्छा छ ?’ अप्रत्यासित प्रस्ताव थियो यो । मल्लिकाले ‘हुन्छ/हुँदैन’ भन्न सकिनन् । रातभर सोचिन् र निष्कर्षमा पुगिन्, ‘जागिर छैन, अरू काम छैन । बरु यसबाटै नाम कमाउने मेरो सपना पूरा हुन्छ । अब दिलो ज्यान दिएर खट्छु ।’

गत वर्ष चैतको कुरा हो यो । प्रतियोगिता आउन चार महिना मात्र बाँकी थियो । त्यसैले गुरु रुजेशको सल्लाहमा भोलिपल्टैबाटै प्रशिक्षण सुरु भयो । नुन, तेल र चामल पूर्ण रूपमा बन्द, चिकेन पनि उमालेर मात्र खान पाउने । नत्र सागपात, काउली, गाजरकै भर । एकातिर दैनिक पाँच घन्टा अभ्यास, अर्कातिर मन लागेको कुरा खान नपाउने । खानाकी सोखिन मल्लिकालाई कठोर सजायजस्तो भयो । भावुक हुँदै भन्छिन्, “ज्यान असाध्यै दुख्यो । रातभर निद्रा लाग्दैनथ्यो । अरूले खाएको देख्दा कत्ति रोएँ, कत्ति ।” तर उनलाई भाग्न मन लागेन, गोल्ड मेडलको सपना जो थियो । दक्षिण एसियाली च्याम्पियनसिपमा भाग लिनुअगाडि राष्ट्रिय प्रतियोगिता मिस्टर हिमालयमा भाग लिनैपर्ने भयो । त्यतिबेला न उनको ज्यान सुगठिलो थियो, न त आत्मविश्वास नै । तैपनि सहभागी भइन्, कत्तिले गिज्याए, ‘ज्यान यति भद्दा छ, के बडीबिल्डर हुन खोज्या ?’ तर हरेश खाइनन् । अझ कडा कसरत गर्न थालिन् ।

बिस्तारै नुनतेलबिनाका खाना पनि मीठो लाग्न थाले, मसल आकर्षक देखिन थाल्यो । कडा अभ्यास र खानपानको अनुशासनमा बस्यो भने तीन महिनामा शरीर चाहेजस्तै बनाउन सकिन्छ । मल्लिकाको हकमा त्यही भयो । त्यसैले त च्याम्पियनसिपका लागि आफ्नो सुगठित शरीर प्रज्ञा भवनका भरिभराउ दर्शकमाझ बिकिनीमा प्रस्तुत गर्दा पनि कुनै धक लागेन । भन्छिन्, “मिस्टर हिमालयमा बिकिनी लगाउँदा अप्ठेरो महसुस भयो । तर यसपालि मैले के लगाएकी छु, मेरो वरपर को-को छन्, ख्यालै भएन । खेलमा मात्र ध्यान गयो ।” उनी फुरुंग किन पनि छिन् भने आफूभन्दा सिनियर प्रतियोगीलाई उछिन्दै उपाधि चुम्न सफल भइन् ।

गोल्ड मेडल उत्साहसँगै ३१ साउनमा थाइल्यान्डमा हुने एसिया प्यासिफिक प्रतियोगिताको तयारीमा जुटेकी छन्, मल्लिका । आत्मविश्वास र ऊर्जा प्रचुर छ । तर समस्या उही, पैसाको । दिनको १० अन्डा, टन्नै फलफूल, आधा केजी चिकेन, प्रोटिन खानुपर्छ । सबै महँगो हुन्छ । कतैबाट सहयोग छैन । दैनिक ६ घन्टा जिम गर्नुपर्ने भएकाले जागिरका लागि समय हुन्न ।

नेपाल बडीबिल्डिङ एसोसिएसनले गोल्ड मेडल विजेतालाई ५० हजार रुपैयाँ दिने घोषणा गरेको थियो तर अहिलेसम्म मल्लिकाको हातमा परेको छैन, न त अन्य व्यावसायिक प्रायोजक नै भेटिन्छ । आर्थिक संकटले खेलमा एकाग्र हुनबाट बिथोलिरहेको छ । तैपनि मल्लिका यी अड्चनलाई चिर्ने प्रयास गर्दै छिन् किनभने यो खेलमा भविष्य देखेकी छन् । ननिता महर्जन, शोभा मानन्धर, निर्मला महर्जनले बिहेपछाडि नै बडीबिल्डिङमा नाम कमाए, उनी त अविवाहिता नै । “राष्ट्रिय खेलाडी भनेर चिनिसकेँ, अब देशका लागि खेल्नुपर्छ भन्ने जिम्मेवारीबोध भएको छ, मल्लिकाको मन्त्र छ, “बाधा आउलान् तर म रोकिन्नँ ।” ने

रङ

एक पत्रिकाको पुनर्जन्म



राजकुमार बानियाँ
तस्बिर : सरोज बैजु

हालै एक बंगलादेशी लेखकले नेपाली पत्रिका खोज्दै जाँदा ठमेलमा भेटेछन्, *प्रतीक* । यो कविताप्रधान त्रैमासिकको पछिल्लो अंकमा रूसी १३, फ्रेन्च ११, नेपाली, भारतीय र अन्य १३ कविका साथै *न्युयोर्क टाइम्स* बेस्ट सेलर सुसन

सापिरोको द *बाइलाइन बाइबल*को समीक्षा देखेर चमत्कृत भएछन् । अनि इमेल पठाएछन्, 'के यसैगरी बंगलादेशी कविहरूको विशेषांक निकाल्न सकिँदैन ?'

ती बंगलादेशी लेखकको इमेलले *प्रतीक*का सम्पादक युयुत्सु शर्मा, ५९, सुरुमा हौसिए पनि 'ओके' भन्न हच्किए किनभने दक्षिण एसियाली कविहरूको गनगनले उनी हतुहैरान भइसकेका छन् । सुनाउँछन्, "यताका प्रायः लेखक दुःखी आत्माजस्ता छन् । अनौठो अहंकार र कुण्ठाले भरिएका ।"

केही पहिले 'कन्टेम्पोररी युरोपियन पोयट्री' विशेषांक निकाल्दा १४ भारतीय कविलाई पनि समेटेका रहेछन् । तर कविहरूले गुनासो गरेछन्, 'युरोपियनलाई ज्यादै ठूलो बनाएछौ, हाम्रो त कभरमा नाम मात्र होइन, फोटो पनि हाल्नुपर्थ्यो ।' युयुत्सुले त्यसमा विवाद गरेनन्, बरु 'गल्ती भयो हजुर, माफी पाऊँ' भन्दै उम्किए ।

विश्व साहित्यमा के भइरहेको छ ? क-कसले के लेखिरहेका छन् ? विभिन्न अन्तर्राष्ट्रिय भाषाका कविताको इतिहास र वर्तमान अनुहार कस्तो छ ? के-कस्ता किताब निस्किएका छन् ? तिनको समीक्षाका साथै गतिविधि समेटिएका हुन्छन्, *प्रतीक*मा ।

यसको खास विशेषता हो, अनुवाद । बाहिरका साहित्य अनुवाद भएर आउँछन् भने यहाँका साहित्य अनुवाद भएर जान्छन् । "अनुवाद मात्रै ठूलो कुरा होइन, के अनुवाद गर्ने र कसरी गर्ने भन्ने बुझ्नु जरुरी छ," युयुत्सुको अनुभव छ, "यहाँका कतिपय अंग्रेजीबाज आफ्नै कमसल रचना अनुवाद गरेर आत्मरतिमा रमाइरहेका छन् ।"

*प्रतीक*सँग युयुत्सुको सहयात्राले दुई दशक नाघिसक्यो । हरि अधिकारी संस्थापक सम्पादक रहेको यस पत्रिकामा मोहन कोइराला, परशु प्रधान, ध्रुव सापकोटाजस्ता हस्ती पनि जोडिएका थिए । प्राध्यापन छाडेर बसेका बेला युयुत्सुले यसको नेतृत्व लिए, ०४४ मा । नेपाली साहित्यलाई अंग्रेजी भाषामा अनुवाद गरी विश्वमञ्चमा उभ्याउने मनसुबा भए पनि आफ्नै खल्ती टकटकाउनुको विकल्प थिएन । एक हिसाबमा पल्लेदारीको जस्तो थियो उनको काम । लेखकहरूका रचना माग्यो, अनुवाद गर्‍यो, प्रेस पठायो, प्रुफ हेर्‍यो अनि पत्रिका झोलामा हालेर बाँड्दै हिँड्यो ।

सुरुको अंकमा उनले आवरणमा लाखेको चित्र राखेर निकाले, 'न्यू राइटिङ फ्रम नेपाल' । देवकोटा, रिमाल, भूपी, माधव घिमिरे, दुर्गालाल श्रेष्ठ, मञ्जुल, विमल निभा, हरि अधिकारी, प्रतिसरा सायमीका कविता अनि तारानाथ शर्मा र जगदीशशमशेरका गद्य लेख समेटिएको थियो त्यसमा । अरु अंकमा उनले विजयबहादुर मल्ल, सीता पाण्डे, शैलेन्द्र साकार, ध्रुवचन्द्र गौतम आदिका कथा अनुवाद गरेर छापे । उनले यताका कविता मात्र अनुवाद गरेनन्, कमलेश्वर, उदय प्रकाश, निर्मल बर्मा, जेपी दास, गिरधर राठी, विष्णु प्रभाकर, रघुवीर सहाय, शशिकान्त महापात्र आदि भारतीय लेखकका रचना पनि अंग्रेजीमा अनुवाद गरेर छापे ।

केही वर्ष पत्रिका त्यसरी नै चल्यो । नयाँ अंकको प्रुफ पढ्दै थिए प्रेसमा । अचानक आमा बिरामी भएको खबर आयो । उनी हडबडाउँदै भारततिर दौडे । आमाको निधन भइसकेछ । आमाको अन्तिम बोली सुन्न नपाएको आत्मग्लानिले युयुत्सुलाई पत्रिकाको कामप्रति नै वितृष्णा जागेर आयो । केही वर्ष उनले *प्रतीक*लाई सम्झन पनि चाहेनन् । पत्रिका निकाल्यो भने फेरि केही अपशकुन आइलाग्छ कि भन्ने त्रास छायो उनमा ।

अंग्रेजी पत्रपत्रिकामा स्तम्भ लेखेर रोजीरोटी चलाइरहेका युयुत्सुको सन् २००७ मा *पोयट्री लन्डन*का सम्पादक पास्कल पेटिटसित भेट भयो, बेलायतमा । पेटिटले अनौठो प्रश्न सोधे- 'नेपालमा पनि कवि छन् र ?' वाचाल युयुत्सुले पनि स्वाद फेरिहाले- 'नेपालमा पनि शेक्सपियर, यिट्स, वर्ड्सवर्थ, कलरिजपछिका बेलायती कविको नामै थाहा छैन ।'

कुरा चल्दै जाँदा पेटिटले यो बेखबरी तोड्न बेलायती कविको विशेषांक निकाल्न उक्साए । जिरो बजेटमा चलिरहेका युयुत्सु हच्किए, बेलायतका नामी कविहरू निःशुल्क रचना छाप्न तयार होलान् र ? पेटिटकै कारण विश्वको एउटा कुना काठमाडौंबाट कविता छाप्न कविहरू लालायित भए र पेटिटको अतिथि सम्पादकत्वमा २६ बेलायती कविको विशेषांकसहित *प्रतीक*को पुनर्जन्म भयो । युयुत्सु भन्छन्, "मैले आफ्नो पत्रिकामा बेलायतका राष्ट्रकवि भइसकेकाहरूका कविता छापिने कल्पनासमेत गरेको थिइनँ ।"

> “ **अहिले म भारतको अत्याधुनिक प्रेसमा छापेर अमेजनमा आनन्दले पत्रिका बेचिरहेको छु ।**

यसैगरी प्रतीक घरी डच कविहरूको विशेषांक बोकेर आयो, घरी भारत र चीनको विशेषांक । न्युयोर्क राइटर्स वर्कसपले काठमाडौंको पत्रिका भनेर ५ सय डलरको विज्ञापन उपलब्ध गराउँदा उनी कति खुसी भए भन्ने लेखाजोखा नै छैन । त्यसो त उनले पैसाका लागिभन्दा पनि सोखका निम्ति निकालेका हुन् पत्रिका । अब त यो जीवनशैली नै भइसकेको छ ।

युयुत्सुको आदर्श साहित्यिक पत्रिका हो, *द प्यारिस रिभ्यू* । सुरुमा फ्रान्स अनि पछि अमेरिका मुकाम भएको पत्रिका । लेखकको प्रमाणपत्र मात्र होइन, साहित्यको बहस अनि अन्तर्राष्ट्रिय स्तरको आदानप्रदान पनि गराउने पत्रिका । दैनिक अखबारका शनिबारे परिशिष्टांकको हूलमुलमा साना लगानीका साहित्यिक पत्रिकाको दयनीय अवस्थाले उनलाई भतभती पोल्छ । *शारदा, रूपरेखा* आदि नामी साहित्यिक पत्रिकाको योगदान उनी भुल्न सक्दैनन् । सरकारी स्तरबाट *गरिमा* लगभग बन्द छ भने *मधुपर्क* जेनतेन चलिरहेको छ । साहित्यिक आन्दोलनका रूपमा रहेको *प्रतीक*लाई अझ राम्रो प्लेटफर्म बनाउने उनको कोसिस जारी छ ।

*प्रतीक*का सम्पादक युयुत्सु आफैं रोलर कस्टर मसिनजस्ता लाग्छन् । कविता र स्तम्भ लेख्छन्, अनुवाद र सम्पादन गर्छन् । किताब पसल चलाउँछन् । अमेरिकादेखि चीनसम्मका विभिन्न विश्वविद्यालयमा भिजिटिङ प्रोफेसर भएर पढाउँछन् पनि । दक्षिण एसियाको दुःख उनलाई थाहा छ- यहाँ लेखकले के-के गर्नुपर्छ होइन, पाए/भेटेसम्मका सबथोक भ्याउनुपर्छ । नभएर जिन्दगीको गाडी नै चल्दैन ।

"कमलादी, गणेशस्थाननेर नेवार दाजुभाइको एककोठे लेटर प्रेसमा सिसाका अक्षर जोडेर पत्रिका निकालेको अनि सेतो सर्ट कालै हुने गरी प्रुफ पढेको हिजैजस्तो लाग्छ," उनी झल्याँस्स हुन्छन्, "अहिले म भारतको अत्याधुनिक प्रेसमा छापेर *अमेजनडटकम*मा आनन्दले पत्रिका बेचिरहेको छु ।" ने

स्पिनर नचल्दा

पवन आचार्य

कप्तान पारस खड्काले कुनै बेला भनेका थिए, "जितले सबै दुर्बलता र कमीलाई पनि ढाकछोप गर्छ । तर हारले सबै कमजोरी उदांगो पारिदिन्छ ।" सिंगापुरमा पनि नेपालका कमजोरी एकपछि अर्को गर्दै उदांगिए । आयोजक सिंगापुरविरूद्ध १ सय ९२ रनको विशाल लक्ष्य पछ्याएको नेपाललाई सुरूआतबाटै ठूला सट खेल्नुपर्ने दबाब थियो । मैदानको बाउन्ड्री सानो हुँदा नेपालले लक्ष्य पूरा गर्ने आश लिनु अनौठो थिएन ।

सिंगापुरमा सम्पन्न टी-ट्वान्टी विश्वकप एसियाली छनोटको अन्तिम खेलमा आयोजकसँग पराजित भएपछि नेपालको दोस्रो पटक टी-ट्वान्टी विश्वकप सपना चकनाचूर भयो । फ्ल्याट पिचमा आयोजक सिंगापुरले पहिले ब्याटिङ गर्दै १ सय ९१ रन बनाएपछि नेपाली बलरमाथि दबाब बढेको थियो । तर विश्वका अनेकन टी-ट्वान्टी प्रतियोगितामा आफ्नो जादूमयी बलिङ प्रदर्शन गरिसकेका स्टार लेग

सुवास हुमागाईं

लेग स्पिनर सन्दीप लामिछाने

स्पिनर सन्दीप लामिछानेको उपस्थितिले नेपाली टोलीको दबाब केही कम हुने आकलन थियो ।

अर्का स्पिनर वसन्त रेग्मी पनि टिममै हुनुलाई क्रिकेटप्रेमीले नेपालको जितमा बोनस हुने अनुमान गरेका थिए । अस्ट्रेलियाको बिगबासमा मेलबर्न स्टार्सबाट खेल्ने सन्दीप र पर्थ स्क्रोचर्सबाट खेल्ने टिम डेभिडको भिडन्तका रूपमा सिंगापुर र नेपालबीचको खेललाई लिइएको थियो ।

हुन पनि डेभिडले सिंगापुरका लागि ४३ बलमा ७७ रन जोडे । सोही खेलमा ३ ओभर बलिङ गरेका सन्दीपले ३४ रन खर्च पनि कुनै विकेट आफ्नो नाममा लेखाउन सकेनन् । उनले ११ दशमलव ३३ को खर्चिलो रन औसतको प्रदर्शन गरे । नेपालबाट सबैभन्दा खर्चिला बलर बने, वसन्त रेग्मी । उनले ४ ओभरमा ५४ रन खर्चिए । टी-ट्वान्टीमा नेपालका कुनै पनि स्पिनरले आफ्नो स्पेलमा सबैभन्दा बढी रन खर्चिने कीर्तिमान वसन्तको नाममै रह्यो ।

टी-ट्वान्टी म्याचमा एकै ओभरको खेल

कंगना-राजकुमारको शान

गोकर्ण गौतम

जीवन्त अभिनयबाट परिचित छन्, कंगना रनावत र राजकुमार राव । फिल्म र चरित्र छनोटमा पनि उत्तिकै चलाख । यो जोडीको *क्वीन*ले हिरोकै दबदबा भएको फिल्म मात्र हिट हुन्छ भन्ने बलिउडको स्थापित मान्यतालाई भत्काएको थियो । त्यसैले पनि उनीहरूको नयाँ फिल्म *जजमेन्टल हे क्या*प्रति धेरै अपेक्षा थियो । तर निराश हुनु नपर्ने भएको छ । कंगना र राजकुमारको सशक्त अभिनयसँगै रसिलो प्रस्तुतीकरणले साइको-ब्ल्याक कमेडी जनराको यस फिल्मलाई अब्बल बनाएको छ । कनिका ढिल्लोनको चुस्त र कसिलो पटकथालाई निर्देशक प्रकाश कोवेलमुदीले



फिल्म :*जजमेन्टल हे क्या*
★★★½☆

न्याय गरेका छन् । मानसिक समस्याबाट पीडित पात्रमार्फत समाजमा विद्यमान अनेक विभेद र हिंसालाई पहिल्याउन खोजिएको छ ।

जजमेन्टल हे क्या विशेष हुनुको एउटा कारण हो, यसले बलिउडको मसालेदार सूत्रलाई पूरै नजरअन्दाज गरेको छ । चरित्रचित्रण र घटनाक्रम स्वच्छन्द लाग्छ । त्यसैले सुरूआतबाटै नयाँपनको आभास हुन्छ । पटकथाकार कनिकाले हाम्रो सामाजिक यथार्थकै जगमा कथा उठान गरेकी छन् । त्यो हो, घरेलु हिंसा । सानो छँदा बोब्बीले बारम्बार आफ्नी आमामाथि कुटपिट देख्नुपर्छ । यही कारण उनले आमा मात्र होइन, बुबा पनि गुमाउनुपर्छ । यसले उनको बालमनोविज्ञानमा परेको असरलाई निकै संवेदनशील ढंगबाट देखाउन खोजिएको छ । हरेक दृश्यमा समाजका अँध्यारा पाटामाथि कटाक्ष फिल्मको सुन्दर पक्ष हो ।

मध्यान्तरपछि दर्शकलाई कथाको लय बिथोलिएको भान हुन्छ तर फेरि पुरानै घटनाक्रममा अनेक ट्वीस्ट थपिन्छन् । यद्यपि बोब्बी र केशवको पुनर्मिलन विश्वसनीय लाग्दैन । बोब्बीको चरित्र चिनाउने चक्कर मध्यान्तरपछि पनि रोकिन्न । तर केशवमा

निर्णायक हुन्छ । त्यस्तै एउटै खेलाडीको प्रदर्शनमा टोलीको जित वा हार निर्भर गर्छ । तर सिंगापुरसँगको एसियाली छनोटको अन्तिम खेलमा नेपाल पूर्णतः पराजित हुन पुग्यो किनभने नेपाली टोली सिंगापुरसँग भएका कुनै पनि क्रिकेट खेलमा अहिलेसम्म अपराजित रहँदै आएको थियो ।

बलिङ नेपालको सबल पक्ष हो, क्रिकेटमा । तर त्यही सबल पक्ष निर्बल साबित हुन पुग्यो अन्तिम खेलमा, जहाँ स्टार बलर चलेनन् । टी-ट्वान्टीको विश्व वरीयतामा नेपाल ११ औं स्थानमा छ । सिंगापुर नेपालभन्दा १२ स्थान तल छ । त्यसो त एसियाली छनोटमा रहेका कुवेत, कतार र मलेसिया पनि नेपालभन्दा कमजोर र वरीयतामा निकै तलका टोली हुन् ।

बलिङमा मात्रै होइन, नेपालका ब्याटिङ स्टार पनि चल्न सकेनन्, महत्त्वपूर्ण खेलमा । स्पिनर वसन्त रेग्मी र सन्दीप लामिछाने नचलेको खेलमा ब्याट्सम्यान कप्तान पारस खड्का, उपकप्तान ज्ञानेन्द्र मल्ल र शरद भेषवाकर पनि क्रिजमा जम्न सकेनन् । ७ ओभरमा सन्दीप र वसन्तले ८८ रन खर्चेर नेपाली ब्याट्सम्यानलाई दबाब दिइसकेका थिए । त्यही दबाब झेल्ने क्रममा नेपालका बी-थ्री पारस, ज्ञानेन्द्र र शरद उच्च स्कोरको लोभमा सस्तोमा आउट हुन पुगे । ने

विस्तृत अनलाइनमा

सस्पेन्सको लेप गाढा बनाएसँगै फिल्मले ध्यान खिच्न थाल्छ । पागलपनको सिकार भएका हिरोको परम्परागत संरचनाभित्र नअटाउने राजकुमार बलिउडमा किन यति विघ्न व्यस्त र प्रतिष्ठित हुँदै छन् भन्ने उदाहरण हो, *जजमेन्टल हे क्या* । द्वैध चरित्रको पात्रमा उनले आफूलाई पूरापूर ढालेका छन् । चरित्र निर्माणमा त यी दुवै पोख्त भइहाले । कनिका ढिल्लोन भारतकी उदीयमान पटकथाकार हुन् । उनको लेखनकला *केदारनाथ* र *मनमर्जियाँ*भन्दा खारिएको छ । दक्षिण भारतीय फिल्म निर्देशन गर्दै आएका प्रकाशले यस सिनेमाबाट बलिउडमा दमदार 'इन्ट्री' गरेका छन् ।

कंगना र राजकुमारका फ्यान मात्र होइन, जोकोहीले *जजमेन्टल हे क्या* हेर्दा समय र पैसा खर्चिएकामा पछुताउनु पर्दैन । पात्रजस्तै दर्शकलाई पनि एक हदसम्म पागलपनमा पुर्‍याउँछ । ने

विस्तृत अनलाइनमा

दीपक भेटवाल १० प्रश्न

'कम्युनिस्ट र योगगुरु उस्तै'

कतारको कर्पोरेट जगत्‌मा १२ वर्ष बिताएका दीपक भेटवालले ललितपुरको नेपाल योग स्कुलमार्फत योग फैलाउने अभियान थालेका छन् ।

योग स्कुल किन ?
नेपालमा आध्यात्मिक र धार्मिक पक्षबाट मात्रै योगाभ्यास भइरहेको छ । तर हामीले योगको चिकित्सकीय (विज्ञान) लाई समाजमा स्थापित गर्न जोड दिएका छौं ।

विद्यालयलाई योगसँग किन जोड्ने ?
तीन वर्षको उमेरमै स्कुल हाल्ने चलनले बालबालिका मानसिक दबाबमा छन् । उनीहरूसित आनन्द लिने समय नै छैन । योगले शरीर र संवेदनाको सन्तुलित विकास गराउँछ ।

योगले सिकाइ प्रक्रियामा कसरी सघाउँछ ?
शिक्षक स्कुलका बोस हुन् । बोससँग विद्यार्थी डराउँछ । भयले तनाव ल्याउँछ । भयभीत मस्तिष्कले सिक्न सक्दैन ।

योगमा त्यस्तो के तागत छ ?
मन पर्ने मानिससँग जति घन्टा गफिए पनि हामी थाक्दैनौं । जस्तो, तीन घन्टा राम्रो फिल्म हेर्दा थकाइ लाग्दैन । तर अरू काम दुई-तीन घन्टा गर्दा थाक्छौं । योगले यी चेतन र अर्धचेतन दुवै मस्तिष्कलाई जोडिदिन्छ । कर्म र चेतना जोड्नु योग हो ।

योगमार्गमा पहिल्यैदेखिको रूचि हो ?
म त कम्युनिस्ट स्कुलिङको मानिस । कर्पोरेट जीवनको तनावका कारण एक वर्ष मेडिकल औषधी खाँदा पनि बिसेक भएन । तर योगले ठीक गर्‍यो । अनि भ्रामक दुनिया छाडेर यता लागें ।

कर्पोरेट दुनियाँ भ्रम रहेछ ?
प्रतिस्पर्धाको भ्रममा दौडँदा यति पाउँछु अनि खुसी हुन्छु भन्ने लाग्छ । त्यहाँ पुग्यो, फेरि पर पुग्न मन लाग्छ ।

योगलाई पनि कर्पोरेट शैलीमै बेच्नु विरोधाभास भएन ?
यसको स्वरूप कर्पोरेट छ तर उद्देश्य त्यस्तो छैन । सामान्य शैलीमा काम गर्दा समाजले पत्याउँदैन । त्यसैले कर्पोरेट स्वरूप दिनुपरेको हो । हामी योग मात्र सिकाउँछौं, वस्तु बेच्दैनौं । आम्दानी योगकै अनुसन्धानमा लगाउँछौं ।

योग उपचारको अचुक औषधी रहेछ ?
नसर्ने रोग शरीरको गडबडीका कारण लाग्छ । त्यसलाई सन्तुलित बनाएर योगले प्रभावकारी उपचार गर्दो रहेछ ।

योगको आध्यात्मिकभन्दा चिकित्सकीय पद्धति रोज्नुको कारण ?
योगगुरूले यो खानुहुन्छ, यो हुँदैन, यो गर्नुहुन्छ, यो हुँदैन भनेर जबर्जस्ती अनुशासनमा राखे । योगले स्वजागरण ल्याउने हो, बलजफ्ती होइन । चरणबद्ध होसमा आएपछि उसैले छुट्याउँछ गर्न हुने र नहुने । कसैले कसैलाई योगी बनाउने होइन, आफैं हुने हो ।

धेरैले नबुझी योग गर्ने/गराइरहेका छन् नि ?
कम्युनिस्ट र अहिलेका योगगुरू उस्तै लाग्छन् । कम्युनिस्टले सिकाउँछन्- यस्तो खानु हुँदैन, उस्तो लगाउनु हुँदैन, लायो-खायो भने बुर्जुवा भइन्छ । योगी, संन्यासीले पनि त्यही ढंगले व्याख्या गरे । जब मानिसले ज्ञानलाई धर्मका रूपमा आत्मसात गर्छ, तब ऊ अन्धभक्त बन्छ । ज्ञान लिने र बुझ्ने प्रक्रियामा गडबडी छ ।

विस्तृत अनलाइनमा

▪ **मनबहादुर बस्नेत**

रैथाने चेतना

राज माङलाक

५० को दशकदेखि निरन्तर कविता कर्ममा सक्रिय विमला तुम्खेवा नारी स्वतन्त्रताको पक्षमा उभिएकी लेखिका हुन् । पूर्वी नेपालका धरान, इटहरी, पथरी, दमकतिर उनले सादा-सेतो पहिरनमा कविता पाठ गर्दै हिंडेको प्रसंग आज पनि उत्तिकै चर्चा गरिन्छ । कलिलो मस्तिष्कले गरेको विद्रोह थियो, त्यो । यतिबेला तिनै कवि तुम्खेवाको पछिल्लो कवितासंग्रह आएको छ, *हत्केलामा पृथ्वी लिएर उभिएको मान्छे* । यसमा लामाछोटा ४७ वटा कविता समेटिएका छन् ।

कविता के हो ? प्रश्न सोधेजस्तो उत्तर सजिलो छैन । कवितालाई परिभाषित गर्ने गतिलो सूत्र पनि छैन, जो सबैले यही सूत्रमा परिभाषा दिऊन् । अर्थात् कविताको सर्वसम्मत परिभाषा छैन । सुन्दर कविता पनि काव्यिक लयमा भन्न सकिएन भने त्यो दुराग्रह-पूर्वाग्रह भइदिन्छ । यसर्थ कवितालाई कविताकै भाषामा भन्न सक्नुपर्छ । कविताकै भाषामा भन्न सक्ने कवि हुन्, तुम्खेवा । कवितालाई सन्दर्भको खाँचो नपर्ने अर्थात् कविताको क्षमतालाई पुष्टि गर्ने आधारसहित लेख्न सक्ने कवि हुन् उनी । त्यो उनका कविता पढ्दा थाहा हुन्छ ।

पछिल्लो समय नेपाली साहित्यमा कवि तुम्खेवामाथि आरोप छ, कवितामा प्रेमको आलाप मात्र गाउँछिन् । यस कृतिले भने उनलाई यो आरोपबाट छुटकारा दिलाएको छ । भिन्न स्वाद पाउनेछन् पाठकले । विद्रोही नारी स्वर, गोर्खा सैनिकको अन्तर्वेदना, सीमान्तकृत जाति र समुदायमाथि भएको विभेदविरुद्धको आक्रोश, बिदेसिन बाध्य युवाको पीडा, राजनीतिक विसंगति, युद्ध र हिंसाको विरोधजस्ता विविध स्वादका कविता पढ्न पाइन्छ । भुइँमान्छेका जनजीवनसँग जोडिएका दुःख-सुख, हाँसो आंसु, पीडा, स्थानिक पहिचान, सामान्य जनजीवनका आरोह-अवरोह पनि कविताले राम्रैसँग बोकेको छ । पूर्वी नेपालको लोकसमाज विज्ञानलाई मिहीन ढंगमा उन्न सफल कवि तुम्खेवाका कविताले गाउँघरलाई आफ्नै शैलीमा चिनाएका छन् ।

केही कविता मुन्धुमी लयमा बग्न खोजेका छन् । लिम्बू जनजीवनका आरोह-अवरोह र ऊहापोह पनि छन् यसमा । लिम्बू समुदायका महिला केही बढी नै जब्बर हुन्छन् । मातृसत्तात्मक सामाजिक संरचनाले दिएको यो रैथाने सांस्कृतिक स्वभाव हो । लाहुरे परिवारमा हुर्किएकी कवि तुम्खेवाले ठेट सुब्बेनी महिलाको सजीव चित्रण 'जेठी सुब्बेनी' कवितामा गरेकी छन् ।

लुङा,
दुःखले गाल्न नसकेको जेठी सुब्बेनीको शरीर
सुगरले गलेपछि
'आँखा चिम्म गरेर योग गर' भन्दा
'उमेरमा तन्नेरीसँग धान नाचेको मात्र सम्झना आउँछ' भन्छिन्
र,
भन्छिन्, 'गर्दिनँ नाथे योग ।'

०६२/०६३ को जनआन्दोलनपछि मुलुक संघीय गणतन्त्रमा प्रवेश गरेको छ । सबैले अधिकारसम्पन्न नागरिक भएर बाँच्न पाउने कल्पना गरेका छन् । सबैमा आफ्नो स्व र अस्मिताको चासो बढेको छ । यही मेसोमा भाषाहरूको आवाज, संस्कृतिको माग बुझ्नुपर्ने भएको छ । मूल धारले बिर्सिएका जाति, जनजाति, सीमान्तकृत, महिला, दलित, लोपोन्मुख जातिको साझा साहसिक आवाज हो, यो कविताकृति ।



हत्केलामा पृथ्वी लिएर उभिएको मान्छे
लेखक : **विमला तुम्खेवा**
प्रकाशक : **सांग्रिला बुक्स**
पृष्ठ : ८४
मूल्य : **२५० रुपैयाँ**

साहित्यकार बैरागी काइँलाको भनाइमा लैंगिक भेदभावले पीडित नारीका अटेरी आवाज उरालिएको स्वर विमला तुम्खेवाको कविताका विशेषता हुन् । सामाजिक, सांस्कृतिक र राजनीतिक विकृतिका विरोधमा अलग्गै सुनिने चर्को साहसिक आवाज उनको कविताको अर्को पहिचान हो । रैथानेपन उनको कविताका अर्को जन्मान्तर हो । आफ्ना अघिल्ला कविताकृतिमार्फत नै क्षमतावान कविको परिचय बनाएकी तुम्खेवाले वैचारिक दृष्टि थप स्पष्ट पारेकी छन् । उनका कविताले नेपाली समाजको सांस्कृतिक समझलाई अझ बलियो बनाएको छ । लैंगिक विभेदलाई थप छलफलमा उतारेको छ र जातीय स्मृतिमा 'स्थानीय' र मस्तिष्क चेतमा 'विश्वजनीन' दृष्टिकोण तयार पारेको देखिन्छ ।

कोमल भाषा, काव्यात्मक शैली र रमरम विद्रोही स्वभाव तुम्खेवाका काव्यिक विशेषता हुन् । कवितामै आफ्नो प्रेममय सपना र विद्रोहको आवाज एकैसाथ दिन सक्ने खुबी उनमा देखिन्छ ।

केही कमजोर कविता पनि यस संग्रहमा समेटिएका छन् । कविताको भाषा मूलतः व्यञ्जना नै हो तर सबैका लागि भनेर अभिधार्थमै भन्न खोज्दा भाव अब्बल हुँदाहुँदै पनि केही कमजोर भएका छन् । कविता पढ्दै जाँदा अझै निखारको खाँचो पाठकलाई महसुस हुन्छ । यति लामो कविता लेखनमा समर्पित कविले खेलाँची गर्नु भनेको कमजोरीलाई मलजल गर्नु हो । यद्यपि यस संग्रहभित्रका कविता कवितै हुन् । ने

तीन किताब

मोहना अन्सारी | आयुक्त, राष्ट्रिय मानव अधिकार आयोग



निर्भीक यात्रा

अश्वेत महिलाले जन्मभूमि छाडेर अर्को देश गएपछि सामना गर्नु परेका चुनौती छर्लंग पारिएको छ, ***बिकमिङ***मा । मिसेल ओबामा लिखित यो पुस्तकमा उनको जरा मात्रै होइन, अभाव र संघर्षबीच अगाडि बढेको जीवन-चित्र पनि कोरिएको छ । गरिब परिवारमा जन्मेहुर्के पनि अमेरिकी वातावरणमा बिस्तारै घुलमिल भएकी मिसेलले पछि न्याय र परिवर्तनका खातिर बोलेका आवाज सुनिँदै जान्छन् । अभिभावक र सन्तानबीचको सम्बन्धलाई गहिराइबाट बुझाउने यो किताबमा सफलताको कथा छ ।

प्रथम महिलाका रूपमा ह्वाइट हाउस छिरेपछि उनलाई आफूखुसी झ्याल खोल्नसमेत डर थियो । बिनासुरक्षा खुला आकाशको हावा महसुस गर्दै घुम्ने अनुमति पनि थिएन । तर यहीबीच पनि बच्चालाई सामान्य जीवनयापन गर्न सिकाइन् । ह्वाइट हाउस बहिर्गमनसँगै आम जीवनशैली अपनाउने मिसेल हाम्रा राजनीतिक व्यक्तित्वका लागिसमेत अनुकरणीय पात्र हुन् ।

महिलाको हरेक बाटोमा चुनौती हुन्छ तर त्यसलाई पार गर्न उनीहरू सक्षम छन् भन्ने सन्देशको पर्याय पनि हुन् मिसेल । हेयको नजरले हेरिने काला समुदायबाट आएर ह्वाइट हाउससम्मको यात्रा गर्नु आफैंमा अद्वितीय लाग्छ । इतिहासको लामो कालखण्डसम्म उत्पीडन सहेको जातिको सदस्यलाई प्राप्त यो सफलता सीमान्तकृतका लागि उदाहरणीय छ । आफ्नो संघर्षलाई इमानदारीपूर्वक लेखेमा महिलाका किताबलाई पाठकले झनै माया गर्छन् भन्ने उदाहरण हो, *बिकमिङ* ।

अन्य मुलुकसँग भारतको सम्बन्धलाई ऐतिहासिक अनुभवका आधारमा उजागर गरिएको छ, महाराजकृष्ण रसगोत्रको ***अ लाइफ इन डिप्लोमेसी***मा । नेपालबाटै कूटनीतिक जीवन सुरू गरेर फ्रान्स, बेलायत, अमेरिका आदि देशमा रसगोत्रले आफ्नो महत्त्वपूर्ण समय बिताए । श्रीलंकामा भएको जातीय हिंसादेखि शीतयुद्धका प्रसंगलाई पनि उनले पुस्तकमा जोडेका छन् । उनी नेहरूपछि भारतको परराष्ट्र नीति ठोस रूपले अगाडि बढेको विश्लेषण गर्छन् ।

नेपाल आगमनमा भएका स्वागत-शिष्टाचारदेखि राजा-प्रधानमन्त्रीहरूसँगको सम्बन्ध पनि खुलाइएको छ, पुस्तकमा । रसगोत्रले प्रसिद्ध भारतीय कवि हरिवंश राय बच्चनलाई बेलाबेला नेपाल बोलाएर साहित्यिक गोष्ठी पनि गराउँथे । जनकपुरको राम मन्दिरमा ६० हजार भारतीय रूपैयाँ दिने प्रबन्ध गराउने रसगोत्रका अनुसार जनकपुर र लुम्बिनीलाई हिन्दु-बौद्ध तीर्थाटनका रूपमा विश्वव्यापी प्रचार गर्ने नेपाल-भारतको संयुक्त अवधारणा थियो । तर त्यो कार्यान्वयन भएन ।

नेपालमा राणा शासन अन्त्यको कथादेखि राजा त्रिभुवनको दिल्ली निर्वासनका बेला हैदरावाद हाउसमा कस्तो बसोबास थियोसम्म रोचक ढंगले वर्णन गरिएको छ, पुस्तकमा । राजा महेन्द्रसँगै पूरै तराई घुमेका रसगोत्र सन् १९५४ को ठूलो बाढीपछि फैलिएको औलो र हैजा नियन्त्रणका लागि भारत सरकारको सहयोगमा चिकित्सक टोली लिएर त्यहाँ खटेका थिए । यो टोली खासगरी नेपालगन्ज र भैरहवा पुगेको थियो । तर यो मेडिकल टोली अमेरिकी रहेको हल्ला फैलियो, जनकपुर क्षेत्रमा । मातृकाप्रसाद कोइरालाको प्रभाव जनकपुरमा बलियो थियो । त्यस अफवाहले कोइरालाको पार्टी र सरकारलाई मात्रै होइन, नेपाल-भारत सम्बन्धमा पनि असर पारेको दाबी गर्छन्, रसगोत्र । परराष्ट्र नीतिमा सुस्पष्टता भएन भने सुरक्षा मात्रै होइन, समग्र राष्ट्र नै असफल हुन सक्ने बोध गराउँछ, *अ लाइफ इन डिप्लोमेसी*ले ।

नेपालको पहिलो महिला प्रधानन्यायाधीश सुशीला कार्कीको आत्मकथा ***न्याय*** मेरा लागि मार्गनिर्देशनको डायरीजस्तो लाग्छ । अधिवक्ता हुँदादेखिको उनको व्यक्तिगत संघर्ष प्रेरणादायी लाग्छ । राजनीतिक घरानाकी भए पनि उनले आफ्नो पेसालाई दल र व्यक्तिगत स्वार्थसँग कहिल्यै सम्झौता गरिनन् । न्याय सम्पादनका क्रममा भोग्नुपरेका उत्तारचढावका साथै आफ्ना श्रीमान्बारे गरिएको निःसंकोच वर्णन निकै रोचक लाग्छ ।

विविध आयाम भए पनि महाअभियोगबाट प्रधानन्यायाधीश पदलाई राजनीतिकरण गर्न खोजिएको घटनाबाट उनलाई असीम चोट पुगेको देखिन्छ । अरूलाई जस्तै मलाई पनि लागेको थियो- त्यस्तो गहन जिम्मेवारीमा बसेको व्यक्तिले अवकाशलगत्तै आत्मकथा लेखिदिँदा राज्यका संवेदनशील र महत्त्वपूर्ण सूचनाको दुरूपयोग हुन्छ कि ! तर न्याय क्षेत्रका बेथितिमाथि सकभर निष्पक्ष भएर उनले गरेका आलोचनाले म *न्याय*सँग सहमत भएँ । बिचौलियाजस्ता वकिल र कानुन व्यवसायीका कारण खस्किँदो न्यायालयको गरिमादेखि न्याय क्षेत्रको भ्रष्टाचारलाई उनले उजागर गरेकी छन् ।

कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच एकअर्काको छाप पर्नै हुँदैन । जब नांगो राजनीतिक हस्तक्षेप हुन्छ, तब न्याय मर्छ । नेपालको न्याय निकै महँगो र आम जनताको पहुँचबाट निकै दुर्लभ मानिन्छ । न्यायको पर्खाइ लामो नभई छरितो र सहज हुनुपर्छ- पीडित, पीडक र राज्यका लागि पनि । न्यायमा निष्पक्षता, निर्भीकता र भ्रष्टाचारप्रति उनको सशक्त आलोचनाका कारण आम विश्वास गुम्न दिँदैन, यो किताबले ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

भित्तामा श्यामश्वेत जीवन

फोटोग्राफर जगदीश उपाध्यायलाई हतारिएर गरेको काम स्वाद लाग्दैन । त्यसैले होला, उनी सधैँ एनालग क्यामेरा प्रयोग गर्छन् । भन्छन्, "एनालगको मज्जा बेग्लै । यसमा धैर्य हुन्छ ।" करिब ४५ जना फोटोग्राफरको सहभागितामा १९ साउनबाट सुरु भएको छ, 'लाइफ इन एनालग' फोटो प्रदर्शनी ।

नेपालमा भर्खर क्यामेरा भित्रिएको समय सन् १९०० देखि अहिलेसम्म एनालगबाट खिचेका ९० वटा फोटो प्रदर्शनीमा राखिएको छ । शानले भरूवा बन्दुकसँग बसेका भोजपुरका मुखियादेखि धूवाँले कालाम्य बौद्धका बटुवासम्म फोटो प्रदर्शनीमा समेटिएका छन् ।

कति फोटो पहिलो पटक धुलाइएको जिकिर गर्दै जगदीशले डिजिटल आए पनि पुरानो सामान अमूल्य भएको बताए । "छिटो केका लागि ?" डिजिटल पुस्तालाई व्यंग्य गर्छन्, "घरमै फलेको आँप खानु र बजारमा किनेको आँप खानुमा जे अन्तर छ, त्यही अन्तर एनालग र डिजिटलमा छ ।"

सबै तस्बिर श्यामश्वेतमा धुलाइएको छ । सादा जहिल्यै सुन्दर हुने भएकाले श्यामश्वेतमा धुलाएको जगदीशले बताए । सिद्धार्थ आर्ट ग्यालरीमा भएको प्रदर्शनी ४ भदौसम्म चल्नेछ ।

हट प्रिसी

अक्सफोर्ड भन्नेबित्तिकै बेलायतको लन्डनस्थित अक्सफोर्ड विश्वविद्यालय चिनिन्छ । तर अक्सफोर्डको परिचय त्यतिमा मात्र सीमित रहँदैन । अक्सफोर्ड स्ट्रिट यहाँको प्रमुख व्यापारिक सडक हो । र, यो सडकमा सन् १९६० मा यस्तो फेसनको जन्म भयो, जुन आजपर्यन्त संसारभर कायमै छ ।

अक्सफोर्ड स्ट्रिटको एउटा कपडा पसलमा ग्राहक तान्न म्यानेजरले पुतलालाई मिनी स्कर्ट लगाउन सुरु गरेका थिए । नभन्दै पसलमा ग्राहक यति बढे कि २ वर्षको अन्तरालमा पूरै देशमा मिनी स्कर्ट चर्चित भइसकेको थियो । त्यही जमानामा बबाल मच्चाएको मिनी स्कर्टमा सजिएकी छन्, प्रिसी कारञ्जित । ब्ल्याक कलरको क्रप टप र ब्ल्याक एन्ड ह्वाइट मिनी स्कर्टमा उनी हट देखिएकी छन् ।

महेश प्रधान

लाइभ इन किङ्स लन्ज

यदि खाना र संगीत दुवैको पारखी हुनुहुन्छ भने दरबारमार्गस्थित किङ्स लन्ज तपाईंको रोजाइमा पर्न सक्छ । यहाँ कन्टिनेन्टल फुडदेखि नेपाली स्वादिष्ट परिकार खान सक्नुहुन्छ । साथमा स्वदेशी तथा नेपाली गीतसंगीतमा प्रत्यक्ष झुम्न सक्नुहुन्छ, रमाइलो पारिवारिक वातावरणमा ।



KING'S COLLEGE
architecting future

BBA

@ King's College

CLASSIC
DIGITAL MARKETING
INVESTMENT & ECONOMICS

Affiliated to
WESTCLIFF UNIVERSITY
Educate. Inspire. Empower.
An Accredited University
MoE Approved | TU Equivalent

नोटबुक

राजकुमार बानियाँ

सनकी साइनबोर्ड !

काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले चुनावी वाचा गरेका थिए- शंखधर उद्यान बनाउने । नयाँ पार्क बनाउने ह्याउ नभएपछि के गर्ने ? उनले रानी रत्नको सालिक हटाए अनि साबिक रत्नपार्कलाई नै शंखधर उद्यानको जामा लगाइदिए । किनभने योजति सजिलो काम केही थिएन । कति हाइसन्चो !

दुई वर्षपहिले शंखधर उद्यान घोषणा गरेका उनले नयाँ साइनबोर्ड हाल्ने फुर्सद भने भर्खरै पाएका छन् । साइनबोर्ड भने अलि लहडी र हास्यास्पद किसिमको छ- 'काठमाडौं महानगरपालिका/नगर कार्यपालिकाको कार्यालय/वातावरण व्यवस्थापन विभाग/शंखधर उद्यान/रानीपोखरी एकाइ, रत्नपार्क ।'

एउटा साइनबोर्डमा तीन थरी नाम छन्, शंखधर उद्यान, रानीपोखरी अनि रत्नपार्क । शंखधर उद्यान अलि ठूलो अक्षरमा छ भने रत्नपार्क मसिनो अक्षरमा । शंखधर उद्यान बनाएको हो भने रत्नपार्क किन चाहियो ? रत्नपार्क हो भने शंखधर उद्यान किन राखेको ? रत्नपार्क वा शंखधर उद्यान एउटा मात्र किन हुन सकेन ?

०१८ अगाडि रत्नपार्क छुट्टै नाम थिएन । रानीपोखरी, टुँडिखेल, वीर अस्पताल, बागबजार, घन्टाघर आदिकै हिस्सा थियो । राजा महेन्द्रले आफ्नी रानी रत्नको नाममा सालिक राखेर पार्क बनाएपछि यसले त्यही नाम पाइरहेको छ । बस बिसौनीनेर रहेको यो पार्क बालबालिका पिङमा रमाउने र युवायुवती वाइफाईमा हराउने ठाउँ बनेको छ । नवआगन्तुकलाई पनि बगैंचाको रूपरङले तान्छ नै । तर विद्यासुन्दरले घोषणा गरेको दुई वर्ष बिते पनि शंखधर उद्याननेर भेटौं भने प्रेमीले प्रेमिकालाई भेट्न सक्ने स्थिति छैन । रत्नपार्कको अस्तित्व मेटेर शंखधर उद्यानको 'समावेशी' साइनबोर्ड टाँग्नु सिर्फ सनकै हो ।

लेनिन भर्सेस प्रचण्ड

डबल नेकपाका अध्यक्ष भइसक्दा पनि पुष्पकमल दाहाल 'प्रचण्ड' लाई हेगको हाउगुजीले सताउन छाडेको छैन । माओवादीकै पूर्वबालसैनिक लेनिन विष्टले हेग लैजाने धम्की दिएपछि उनी तिलमिलाएका छन् । उनले पार्टी प्रवेश कार्यक्रममा भनेछन्, 'हेग लगे त विश्वकै हिरो बनेर निस्कन्छु ।' शान्ति प्रक्रियामा आएदेखि अहिलेसम्म उनको राजनीति हेगको वरिपरि नै छ ।

कामना गरौं- प्रचण्डले हेग जानु नपरोस् । तर के हेग गए भने उनी हिरो हुन्छन् त ? हेग गएर को हिरो भएको छ अहिलेसम्म ? अझ हेग गए भने विश्वले शान्ति र न्यायको नायक भनेर चिन्ला त ?

नेदरल्यान्ड्सको हेगमा छ, अन्तर्राष्ट्रिय फौजदारी अदालत । त्यहाँको कठघरामा अक्सर मानवताविरोधी र युद्ध अपराधी नै उभिएका छन् । र, नजिरहरू बोल्छन्- ती कोही पनि हिरो भएर फर्केका छैनन् । न लाइबेरियाली पूर्वराष्ट्रपति चार्ल्स टायलर हिरो, न त सर्वियाली नेता रादोभान काराजिक, न कंगोका विद्रोही नेता थोमस लुवाङ्गा नै । तिनीहरू युद्ध अपराधमा ४०-५० वर्ष कारावास सजाय भोगिरहेका छन् ।

१७ हजार मानिसको ज्यान जाने गरी भएको माओवादी हिंसाको विशाल क्षति देशले अहिले पनि अनुभूति गरिरहेकै छ । तर हेगको हाउगुजी देखाएर पीडितलाई न्यायबाट वञ्चित गर्न सकिँदैन । हेगको कोकोहोलो मच्चाएर उनले पनि उन्मुक्ति पाउँदैनन् ।

गैरआख्यानलाई आरक्षण ?

मदन पुरस्कारको श्रेष्ठ सूचीमा आफ्नो किताब नपरेपछि धेरैजसो लेखक प्रकाशकप्रति नै सशंकित भए- मेरो किताब दर्ता गरिएन कि ? प्रकाशकले नै दर्ता गरेको निस्सा नदेखाई लेखकको चित्त नबुझ्ने अवस्था आयो । लेखकहरू पुरस्कारका लागि कति लालायित छन् भन्ने योभन्दा बलियो प्रमाण अरू हुनै सक्दैन ।

लेखकहरूको पुरस्कारमैत्री अर्को दसी हो, अघिल्लो वर्षको मिति राखेर किताब निकाल्ने । असार-साउनमा विमोचन गरिएका किताब पल्टाउँदा अघिल्लो वर्षको मिति भेटिन्छ । अझ हतारमा मदन पुरस्कार गुठीमा किताबको डमी बुझाएर छाप्न पठाउने चलन पनि देखिएकै छ । त्यो सिजनका उत्पादनलाई प्रकाशकले नै 'चैते किताब' भन्ने गरेका छन् । दसैंको कमाउने किताब, चैतको पुरस्कार लिने किताब ।

यस पटक २ सय ५७ किताब दर्ता हुँदा पनि गुठीले सूचीलाई १० वटा पुर्‍याउन सकेन । श्रेष्ठ सात सूचीमा कविता एउटा मात्रै पर्‍यो भने गैरआख्यान एउटा पनि पर्न सकेन । त्यसबाट गैरआख्यानका लेखकको पंक्ति निराश भयो । अब गैरआख्यानकारले विधागत आरक्षणको आवाज उठाउनुपर्ने अवस्था आएको तर्क गर्न थालेका छन् लेखकहरू । सातमध्ये ६ मा आख्यानको दबदबा भएपछि गैरआख्यानलाई किन आरक्षण नदिने ? लेखकहरूको तर्कमा दम छ है । ने

GOENKA GROUP
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गु.: ३८४
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गु.: ४९
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गु.: ३९५
JAS-ANZ
ICS
An ISO 9001:2015
Certified Company
गोयनका गोल्ड सिमेन्ट
GOENKA SOLID
CEMENT
ओ.पि.सि.
गोयनका सोलिड सिमेन्ट
नेपालमा बनेको
GOENKA
GOLD
CEMENT
गोयनका गोल्ड सिमेन्ट
ISO 9001:2015 CERTIFIED COMPANY
उत्पादक:
गोयनका सिमेन्ट (प्रा.) लि.
रुपन्देही, नेपाल
नेपालमा बनेको
धनश्री
सिमेन्ट
गोयनका सिमेन्ट (प्रा.) लि.
रुपन्देही, नेपाल
नेपालमा बनेको
CHAITANYA
पि.पि.सि. चैतन्य सिमेन्ट
नेपालमा बनेको
RAKSHAK
पि.पि.सि. रक्षक सिमेन्ट

GOENKA GROUP
सुरक्षाको प्रत्याभूति
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण.: १९१
JAS-ANZ
ICS
An ISO 9001:2015
Certified Company
GOENKA GOLD
Fe 500
TMT BAR
GOENKA GOLD TMT BAR
कवाडी प्रयोग नगरेको
GOENKA GOLD TMT
"तीन दशक अधिकको अनुभव, निर्माण क्षेत्रको गौरव"
गोयनका गोल्ड टि.एम.टि फलामे छड
गोयनका स्टिल्स् प्रा. लि., रुपन्देही, नेपाल
UTM
Double
UTM
Tested
Superb Grip
Superb Power
PURE BILLET
PURE STEEL

WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU & SILICON
घाम-पानी छेक्छ,
१० वर्ष टिक्छ
Since 1760
Lewis Berger
Paint your imagination
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
XP ADVANCED
Since 1760
Lewis Berger
Paint your imagination
WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU
PU & SILICON TECHNOLOGY
REPELS HEAVY RAIN
10 YEAR WARRANTY
चर्को घामबाट बचाउँछ
मुसलधारे वर्षाबाट जोगाउँछ
१० वर्ष वारेन्टी